www.janasawal.com

# जन सवाल

JANASAWAL NATIONAL DAILY

राष्ट्रिय दैनिक




वर्ष १९, अंक २७५, २०८३ असार ३२ गते बिहीबार (नेपाल संवत ११४६) (Thursday 16 July, 2026) मूल्य रु. ५/- पृष्ठ ८

## नेपाल सरकार

## कृषि, वन तथा पर्यावरण मन्त्रालय

सिंहदरवार, काठमाण्डौं

### बागमती प्रदेश काठमाडौं जिल्लाको काठमाडौं महानगरपालिका वडा नम्वर ११ मा नर्भिक इन्टरनेशनल हस्पिटल एण्ड मेडिकल कलेज लिमिटेडद्वारा २०० शय्या सञ्चालनरत अस्पताललाई १०० शय्या थप गरी ३०० शय्यामा सञ्चालन गर्ने आयोजनाको मस्यौदा पूरक वातावरणीय प्रभाव मूल्याङ्कन (SEIA) प्रतिवेदनमा राय सुझावको लागि आह्वान गरिएको सम्वन्धमा सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित मिति वि.सं. २०८३/०३/३२ (नेपाल सम्वत् ११४६)

प्रस्तावक श्री नर्भिक इन्टरनेशनल हस्पिटल एण्ड मेडिकल कलेज लिमिटेडद्वारा २०० शय्या सञ्चालनरत अस्पताललाई १०० शय्या थप गरी ३०० शय्यामा सञ्चालन गर्ने आयोजनाको मस्यौदा पूरक वातावरणीय प्रभाव मूल्याङ्कन (SEIA) प्रतिवेदन प्राप्त भएको छ । प्रस्तावित आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन प्रतिवेदन २०० शय्या रहने गरी मिति २०७३/०९/०३ मा स्वीकृत भएकोमा हाल ३०० शय्यामा सञ्चालन गर्ने प्रस्ताव गरिएको छ । आयोजनाको विशेषताहरूलाई तलको तालिकामा प्रस्तुत गरिएको छ।

| **अवयव** | **स्वीकृत EIA, २०७३** | **पूरक वा.प्र.मू., २०८२** |
|---|---|---|
| प्रस्तावको नाम | नर्भिक इन्टरनेसनल अस्पताल | नर्भिक इन्टरनेसनल हस्पिटल एण्ड मेडिकल कलेज लिमिटेड |
| शय्या संख्या | २०० | ३०० (थप १०० सहित) |
| प्रस्तावित योजनाको लागि साइट प्लान | प्रस्तावित आयोजनाको कूल जग्गा क्षेत्रफल: ५३,१०५.४४३ वर्ग फिट<br>संरचना बन्ने जग्गा क्षेत्रफल: ३८,४७० वर्ग फिट (७०.२५%)<br>खुल्ला तथा हरियाली क्षेत्र : २६०० वर्ग फिट (४.७५%)<br>पार्किङ्ग क्षेत्र: १३,६९० वर्ग फिट (२५%) | प्रस्तावित आयोजनाको कूल जग्गा क्षेत्रफल: ६,०८४.२८ वर्ग मि.<br>पार्किङ्ग क्षमता: नयाँ भवनमा १०० वटा कार र ५० वटा २ पाङ्ग्रे सवारीसाधन |
| **भवनको जानकारी** | | |
| भवनको संख्या | २ वटा | थप १ वटा |
| तल्ला संख्या | भुईं तल्ला र ७ तल्ला | २ वटा भूमिगत तल्ला, भुईं तल्ला सहित ८ तल्ला |
| Built-up Area | ८३,१४४.६५ वर्ग फिट | १,४३,६२९ वर्ग मि. |
| FAR | ०.७७ | २.९५ |
| Setback | - | ५ मि. |
| बेसमेन्ट (Lower Basement) | - | क्षेत्रफल: १७४५.३६ वर्ग मि.<br>सुविधाहरु: पार्किङ्ग |
| Upper Basement | - | क्षेत्रफल: १५२९.०५ वर्ग मि.<br>सुविधाहरु: पार्किङ्ग |
| अपाङ्गमैत्री संरचना | Front Ramp + Four Vertical Lift | Front Ramp + three Vertical Lift |
| केन्द्रीय फोहोर प्रशोधन केन्द्र | - | ETP, STP |
| सेवा सञ्चालन अवधि | बहिरंग विभाग: १२ घण्टा आपतकालिन सेवा: २४ घण्टा | - |
| सञ्चालन अवधिको लागि आवश्यक जनशक्ति संख्या | - | कूल जनशक्ति संख्या: १,२७३ |
| अन्य सुविधाहरु | - | Radiation Therapy को लागि बंकरको सुविधा पनि रहेको (कित्ता नं. १६७ तथा अतिरिक्त पार्किङ) क्षेत्रफल: १,१५०.६३ वर्ग मि. |

www.janasawal.com
# जन सवाल
JANASAWAL NATIONAL DAILY
राष्ट्रिय दैनिक




वर्ष १९, अंक २७५, २०८३ असार ३२ गते बिहीबार (नेपाल संवत ११४६) (Thursday 16 July, 2026) मूल्य रु. ५/- पृष्ठ ८

| | | |
|---|---|---|
| **पानीको श्रोत र आवश्यकता** | | |
| आवश्यक पानी | १,२३,००० लिटर दैनिक | १,७५,००० लिटर दैनिक |
| श्रोत | बोरिङ्ग तथा ट्यांकरको पानी | बोरिङ्ग, मेलम्चीको पानी तथा ट्यांकरको पानी |
| **उर्जाको श्रोत** | | |
| मुख्य श्रोत | नेपाल वियुत प्राधिकरणको प्रसारण लाइन | |
| वैकल्पिक श्रोत | २ वटा जेनेरेटर (प्रत्येकको क्षमता:५०० kVA) | २ वटा जेनेरेटर (प्रत्येकको क्षमता: १००० kVA) |

प्रस्तावित आयोजनाले थप संरचनाहरु आफ्नै स्वामित्वको ४,९३३.६६५ वर्गमिटर जग्गा प्रयोग हुने प्रतिवेदनको मस्यौदामा उल्लेख छ । आयोजना संचालन चरणमा दैनिक १४७.४७ के.जी ठोस फोहोर निष्काशन हुने उल्लेख गरिएको छ । अतः वातावरण संरक्षण नियमावली, २०७७ को नियम ११ को उपनियम (३) बमोजिम यस मस्यौदा प्रतिवेदनमा राय सुझाव दिनका लागि सर्वसाधारणले प्रतिवेदन पढ्न वा उतार गरी लैजान पाउने व्यवस्था रहेकोले श्री नर्भिक इन्टरनेशनल हस्पिटल एण्ड मेडिकल कलेजद्वारा २०० शय्या सञ्चालनरत अस्पताललाई १०० शय्या थप गरी ३०० शय्यामा सञ्चालन गर्ने आयोजना प्रस्तावको मस्यौदा पुरक वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन प्रतिवेदन देहाय बमोजिमका स्थानहरुमा सार्वजनिक गरिएको र कृषि, वन तथा पर्यावरण मन्त्रालयको Website: www.mofe.gov.np र स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयको Website: www.mohp.gov.np मा समेत सार्वजनिक गरिएको छ । प्रतिवेदनका सम्बन्धमा राय सुझाव प्राप्त भएमा यस मन्त्रालयले मस्यौदा प्रतिवेदनमा समावेश गर्न लगाउनेछ । उक्त प्रतिवेदन सम्बन्धमा सर्वसाधारण व्यक्ति वा संस्थाको कुनै राय सुझाव भए यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले सात (७) दिन भित्र आफ्नो राय सुझाव निम्न ठेगानामा पठाई दिनु हुन यसै सूचनाद्वारा आव्हान गरिन्छ ।

**प्रतिवेदन अध्ययन वा उतार गर्न सकिने स्थानहरु:-**

श्री स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रको पुस्तकालय, बबरमहल, काठमाडौं ।
श्री नेपाल राष्ट्रिय पुस्तकालय, हरिहर भवन, ललितपुर । मुकाम सानो ठिमी, भक्तपुर ।
श्री त्रिभुवन विश्वविद्यालय, केन्द्रीय पुस्तकालय, कीर्तिपुर, काठमाडौं ।
श्री पुस्तकालय, संसद सचिवालय, सिंहदरबार, काठमाडौं ।
श्री आदिवासी तथा जनजाति महासंघ नेपाल, कुसुन्ती, ललितपुर । (फोन नं. कुसुन्ती-५५५५४५४)
श्री जिल्ला समन्वय समितिको कार्यालय, बबरमहल, काठमाडौं ।
श्री काठमाडौं महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, कमलादी, काठमाडौं ।

**राय सुझाव पठाउने ठेगाना:**
कृषि, वन तथा पर्यावरण मन्त्रालय,
**वातावरण प्रभाव अध्ययन शाखा**
सिंहदरवार, काठमाण्डौं
फो.नं. ०१-४२११५६७, ४२११६३८
फ्याक्स नं. ०१-४२११८६८
Email:- info@mofe.gov.np

# नर्भिक इन्टरनेसनल हस्पिटल एण्ड मेडिकल कलेजको

# पूरक वातावरणीय प्रभाव मूल्याङ्कन (SEIA) प्रतिवेदन

बागमती प्रदेश, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं.-११, थापाथली

**प्रतिवेदन पेश गरिएको निकायको नाम र ठेगाना**

नेपाल सरकार

कृषि, वन तथा पर्यावरण मन्त्रालय

सिंहदरबार, काठमाण्डौ, नेपाल

***मार्फत***

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

रामशाहपथ, काठमाडौं, नेपाल

**प्रस्तावक**

नर्भिक इन्टरनेसनल हस्पिटल एण्ड मेडिकल कलेज लि., थापाथली,

इमेलःinfo@norvichospital.com,

फोनः ९७७-०१-५९७००३२, ९८०१२३६१००

**असार, २०८३**

# कार्यकारी सारांश

## १. प्रतिवेदन तयार पार्ने संस्थाको नाम र ठेगाना

यस आयोजनाको पूरक वातावरणीय प्रभाव मूल्याङ्कन तयार पार्ने परामर्शदाता संस्था, नेपाल रुरल एण्ड एड्भान्स्मेंट कमिटि प्रा.लि., अनामनगर, काठमाडौं रहेको छ। जसको नाम तथा ठेगाना तल उल्लेख गरिएको छ।

नेपाल रुरल एण्ड एड्भान्स्मेंट कमिटि प्रा.लि.
अनामनगर, काठमाडौं
फोन नम्बर : +977-9851149216
इमेल : info.nracnepal@gmail.com
वेवसाइटः www.nrac.com.np

## २. पृष्ठभूमि

नर्भिक इन्टरनेसनल हस्पिटल एण्ड मेडिकल कलेज थापाथलीमा अवस्थित नेपालकै अग्रणी स्वास्थ्य सेवा प्रदायक संस्था हो। सन् १९९३ मा स्थापना भएको यस अस्पतालले आधुनिक प्रविधि, दक्ष चिकित्सक मार्फत उच्च मात्रामा गुणस्तरीयसेवा प्रदान गर्दै आइरहेको छ। हाल २०० शय्यासहित सञ्चालनमा रहेको यस अस्पतालले कार्डियोलोजी, न्यूरोलोजी, अन्कोलोजी, इसिजी, ग्यास्ट्रोएन्टरोलोजी, र ट्रमा सेवा जस्ता विविध विशेषज्ञ सेवाहरु उपलब्ध गराउँदै आएको छ। वि.सं. २०७३ सालमा २०० शय्या सञ्चालनका लागि स्वीकृति प्राप्त गरिसकेको यस अस्पतालले काठमाडौं उपत्यकाको उच्च जनघनत्व तथा स्वास्थ्य सेवाको बढ्दो आवश्यकतालाई ध्यानमा राख्दै थप १०० शय्या सहित स्तरोन्नति गरी गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन ३०० शय्यामा स्तरोन्नति गर्ने योजना राखेको छ। उक्त स्तरोन्नतिपछि अस्पतालमा दैनिक करिब १,००० बिरामीलाई सेवा प्रदान गर्ने थप अपेक्षा गरिएको छ।

सोही अनुसार, थप १०० शय्याको भवन निर्माण तथा सञ्चालन प्रक्रियासँग सम्बन्धित संभावित सकारात्मक तथा नकारात्मक वातावरणीय प्रभावहरूको पहिचान, विश्लेषण तथा न्यूनीकरणका उपायहरूलाई अवलम्बन गर्ने उद्देश्यले यस पूरक वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन प्रतिवेदन तयार पारिएको हो।

## ३. पूरक वातावरणीय प्रभाव मूल्याङ्कनको कानूनी औचित्यता

नेपाल सरकारद्वारा जारी वातावरण संरक्षण ऐन, २०७६ को दफा ११ को उपदफा (३) र वातावरण संरक्षण नियमावली, २०७७ को नियम ११ अनुसार, स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन रहेको कुनैपनि आयोजनाको भौतिक पूर्वाधार, डिजाइन वा स्वरूपमा परिवर्तन, संरचना स्थानान्तरण वा परिमार्जन, वन क्षेत्र विस्तार वा आयोजनाको स्तरोन्नति गर्नुपर्ने अवस्थाहरू भएमा पूरक वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्ने कानूनी प्रावधान रहेको छ। यस प्रावधान अनुसार, नर्भिक इन्टरनेसनल हस्पिटल एण्ड मेडिकल कलेज लि. द्वारा सञ्चालित २०० शय्याको अस्पताललाई थप १०० शय्या वृद्धि गरी ३०० शय्यामा स्तरोन्नति गर्ने योजना रहेकोले, यस योजनाको कार्यान्वयनका लागि पूरक वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार पार्नुपर्ने देखिन्छ। यस आयोजनाको पूरक वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययनको सहमति मिति २०८२/१०/१२ वन तथा वातावरण मन्त्रालयवाट प्राप्त गरिएको थियो।

## ४. संरचनाहरुको जानकारी र अवयवहरु

यस नर्भिक इन्टरनेसनल हस्पिटल एण्ड मेडिकल कलेजको संरचनाहरुको जानकारी र अवयवहरु तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका १: आयोजनाको तुलनात्मक प्रमुख विशेषता**

| अवयव | स्वीकृत EIA, २०७३ | पूरक वा.प्र.मू., २०८२ |
|---|---|---|
| प्रस्तावको नाम | नर्भिक इन्टरनेसनल अस्पताल | नर्भिक इन्टरनेसनल हस्पिटल एण्ड मेडिकल कलेज |
| प्रस्तावको अवस्थिति | अन्चल: बागमती,<br>जिल्ला:काठमाडौं<br>महानगरपालिका: काठमाडौं महानगरपालिका<br>वडा नं: ११<br>टोल: थापाथली | प्रदेश: बागमती,<br>जिल्ला:काठमाडौं<br>महानगरपालिका: काठमाडौं महानगरपालिका<br>वडा नं: ११<br>टोल: थापाथली |
| भौगोलिक अवस्थिति | अक्षांश: २७°४१'२३.३"उत्तर<br>देशान्तर: ८५°१९'०९.५"पूर्व;<br>उचाई: १२८८ मि. (समुन्द्री सतहबाट) | अक्षांश: २७°४१'२३.३"उत्तर<br>देशान्तर: ८५°१९'०९.५"पूर्व;<br>उचाई: १२८८ मि. (समुन्द्री सतहबाट) |
| शय्या संख्या | २०० | ३०० (थप १०० सहित) |
| प्रस्तावित योजनाको | प्रस्तावित आयोजनाको कूल जग्गा क्षेत्रफल: ५३१०५.४४३ वर्ग फिट | प्रस्तावित आयोजनाको कूल जग्गा क्षेत्रफल: ६०८४.२८ वर्ग मि. |

| | | |
|---|---|---|
| लागि साइट प्लान | संरचना बन्ने जग्गा क्षेत्रफलः ३८४७० वर्ग फिट (७०.२५%)<br>खुल्ला तथा हरियाली क्षेत्र : २६०० वर्ग फिट (४.७५%)<br>पार्किङ्ग क्षेत्रः १३६९० वर्ग फिट (२५%) | पार्किंग क्षमताः नयाँ भवनमा १०० वटा कार र ५० वटा २ पाङ्ग्रे सवारीसाधन |
| **भवनको जानकारी** | | |
| भवनको संख्या | २ वटा | थप १ वटा |
| तल्ला संख्या | भुइँ तल्ला र ७ तल्ला | २ वटा भूमिगत तल्ला, भुइँ तल्ला सहित ८ तल्ला |
| Built-up Area | ८३१४४.६५ वर्ग फिट | १४३६२९ वर्ग मि. |
| FAR | ०.७७ | २.९५ |
| Setback | - | ५ मि. |
| बेस्मेंट (Lower Basement) | - | क्षेत्रफलः १७४५.३६ वर्ग मि.<br>सुबिधाहरुः पार्किङ्ग |
| Upper Basement | - | क्षेत्रफलः १५२९.०५ वर्ग मि.<br>सुबिधाहरुः पार्किङ्ग |
| भुइँ तल्ला | क्षेत्रफलः १६२८४.५८<br>सुबिधाहरुः OPD chamber, Emergency, Diagnostic facilities | क्षेत्रफलः १२७२.४ वर्ग मि.<br>सुबिधाहरुः OPD, waiting lobby, reception, café,Inpatient Department (IPD) billing, Pharmacy |
| पहिलो तल्ला | क्षेत्रफलः १३७३५ वर्ग फिट<br>सुबिधाहरुः Operation, post operation ward, SICU, NICU, Gynae | क्षेत्रफलः१३३५.७८ वर्ग मि.<br>सुबिधाहरुः OPD, Diagnostic facilities |
| दोस्रो तल्ला | क्षेत्रफलः १३४७३ वर्ग फिट<br>सुबिधाहरुः Standard ward, general ward, CCU, VIP-CCU, MICU, Cathlab | क्षेत्रफलः १३५६.९६ वर्ग मि.<br>सुबिधाहरुः ICU |
| तेस्रो तल्ला | क्षेत्रफलः ५९३२.०४ वर्ग फिट<br>सुबिधाहरुः Cabins/Beds, ECG Lab | क्षेत्रफलः १३५१.५५ वर्ग मि.<br>सुबिधाहरुः OT, Post OP, Pre OP, Neuro ICU, Doctor Rooms/Nurse Changing |
| चौथो तल्ला | क्षेत्रफलः ५४९०.२८ वर्ग फिट<br>सुबिधाहरुः Private cabins for medical and surgical patient | क्षेत्रफलः १३४५.३९ वर्ग मि.<br>सुबिधाहरुः General wards |
| पाँचौ तल्ला | क्षेत्रफलः ५४९०.२८ वर्ग फिट<br>सुबिधाहरुः Deluxe, Super deluxe, Suites room for patients | क्षेत्रफलः १३२६.४८ वर्ग मि.<br>सुबिधाहरुः single deluxe, executive suites |
| छैठौ तल्ला | क्षेत्रफलः ५४९०.२८ वर्ग फिट | क्षेत्रफलः १३३७.८३ वर्ग मि. |

| | | |
|---|---|---|
| | सुबिधाहरुः Private OPD & Diagnostic of GI & Hepatobiliary Systems | सुबिधाहरुः double sharing room, single room |
| सातौ तल्ला | क्षेत्रफलः ५४९०.२८ वर्ग फिट<br>सुबिधाहरुः Obs Gynae & Paediatric wards | क्षेत्रफलः ६८२.०७ वर्ग मि.<br>सुबिधाहरुः single deluxe, presidential suites |
| आठौं तल्ला | - | क्षेत्रफलः ६०.६५ वर्ग मि.<br>सुबिधाहरुः AC outdoor units, Water storage tank, Lift machine room, |
| अपाङ्गमैत्री संरचना | Front Ramp + Four Vertical Lift | Front Ramp + three Vertical Lift |
| केन्द्रिय फोहोर प्रशोधन केन्द्र | - | ETP, STP |
| सेवा सञ्चालन अवधि | बहिरंग विभाग: १२ घण्टा<br>आपतकालिन सेवा: २४ घण्टा | बहिरंग विभाग: १२ घण्टा<br>आपतकालिन सेवा: २४ घण्टा |
| सञ्चालन अवधिको लागि आवश्यक जनशक्ति संख्या | - | कूल जनशक्ति संख्याः १२७३ |
| अन्य सुबिधाहरु | | Radiation Therapy को लागि बंकरको सुबिधा पनि रहेको (कित्ता नं. १६७ तथा अतिरिक्त पर्किंक)<br>क्षेत्रफलः ११५०.६३ वर्ग मि. |
| **पानीको श्रोत र आवश्यकता** | | |
| आवश्यक पानी | १२३००० लिटर दैनिक | १,७५,००० लिटर दैनिक |
| श्रोत | बोरिङ्ग तथा टयांकरको पानी | बोरिङ्ग, मेलम्चीको पानी तथा टयांकरको पानी |
| **उर्जाको श्रोत** | | |
| मुख्य श्रोत | नेपाल विद्युत प्राधिकरणको प्रसारण लाइन | नेपाल विद्युत प्राधिकरणको प्रसारण लाइन |
| वैकल्पिक श्रोत | २ वटा जेनेरेटर (प्रत्यकको क्षमताः ५०० kVA) | २ वटा जेनेरेटर (प्रत्यकको क्षमताः १००० kVA ) |

| | | |
|---|---|---|
| योजना निर्माण अवधि | - | ३ वर्ष |
| आयोजनको कूल लागत (ने.रु) | - | २७५ करोड |

## ५. अध्ययन बिधि

आयोजनासँग सम्बन्धित सन्दर्भ सामग्री पुनरावलोकन तथा स्थलगत अध्ययनबाट तथ्याङ्क सङ्कलन गरी यस प्रतिवेदन तयार गरिएको छ। सन्दर्भ सामग्रीको अध्ययन अन्तर्गत आयोजनाको संरचनाहरुको नक्शा, तथ्याङ्क विभागका आंकडाहरु र आयोजना निर्माण तथा सञ्चालनसँग सम्बन्धित विभिन्न कानूनी दस्तावेजहरु, प्रकाशित रिपोर्टहरूको तथ्याङ्क पनि अध्ययन गरिएको थियो। यसका साथै, विद्यमान वातावरण सम्बन्धी तथ्याङ्क सङ्कलनका लागि चेकलिष्टको निर्माण गरी अध्ययन कार्य गरिनुका साथै सरोवारवालाहरुसँग छलफल समेत गरिएको थियो ।

विद्यमान वातावरणीय अवस्थाको तथ्याङ्क सङ्कलन गर्न विभिन्न विज्ञहरूको टोलीले मिति २०८१/०९/२० देखि २०८१/०९/२१ र २०८२/१०/१८-२० सम्म स्थलगत भ्रमण गरेका थिए। वातावरण संरक्षण नियमावली, २०७७ को नियम ६ अनुसार, प्रस्तावित कार्यको कार्यान्वयनबाट प्रभावित हुने क्षेत्रका सरोकारवालाहरूको सहभागितामा २०८२/१०/२३ का दिन स्थानिय स्तरका जनप्रतिनिधि र सरोकारवालाहरूको उपस्थितिमा नर्भिक इन्टरनेसनल हस्पिटल परिसरमा दोश्रो पटक सार्वजनिक सुनुवाई कार्यक्रम आयोजना गरिएको थियो। त्यसैगरी २०७७ को दफा ७ (२) बमोजिम सार्वजनिक सुनवाईको उद्देश्य, समय, स्थान र आयोजनासँग सम्बन्धित जानकारीको लागि २०८२/१०/२१ मा दोश्रो पटक जन सबाल राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गरिएको थियो।

## ६. विद्यमान वातावारण अवास्थ

### ५.१ भौतिक वातावारण

प्रस्तावित नर्भिक इन्टरनेसनल हस्पिटल एण्ड मेडिकल कलेज काठमाडौं महानगरपालिका, वडा नं. ११ अवस्थित छ । यस क्षेत्रको भौगोलिक संरचना अनुसार ९९.९९% भू-उपयोग built-up क्षेत्रको रूपमा वर्गीकृत गरिएको छ र बाँकी ०.०१% भू-भाग बाँझो क्षेत्र रहेको छ। आयोजना क्षेत्रको औषत अधिकतम तापक्रम २०.५°C र औषत न्यूनतम तापक्रम ९.२°C रहेको छ। वार्षिक वर्षा २८१२ मि.मि. रहेको छ। काठमाडौं उपत्यका तल्लो हिमायन क्षेत्र अन्तर्गत पर्दछ, जहाँ Quaternary

deposits र Plio-Pleistocene Lacustrine sediments चट्टानहरू पाइन्छ। यहाँको माटोको प्रकार खैरो तेलीय माटो र बलौटे माटो रहेको छ।

नेपालको सेस्मिक नक्शा अनुसार यस आयोजना क्षेत्र सेस्मिक जोन “A” अन्तर्गत पर्दछ, जसमा भूकम्पको उच्च जोखिम रहेको छ। आयोजनास्थल नजिकै बागमती नदी बगीरहेकाले यहाँ बर्षाको समयमा बाढीको खतरा रहन्छ। २०८१ सालमा वर्षाका कारण बागमती नदीमा पानीको बहाव बढ्दा थापाथली स्थित सुकुम्बासी बस्तीका १४१ घरधुरी डुबानमा परेका थिए जसमा २ जनाको ज्यान समेत गएको थियो। तथापि, यस आयोजनामा बाढीको प्रभाव भने परेको थिएन। आयोजनाले यस्ता प्राकृतिक प्रकोपबाट बच्न आवश्यक सावधानी र पूर्व-सावधानी अपनाएको पाहिन्छ।

## ५.२ जैविक वातावारण

प्रस्तावित नर्भिक इन्टरनेसनल हस्पिटल एण्ड मेडिकल कलेज क्षेत्र आवासीय तथा व्यावसायिक भवनहरूबाट घेरिएको छ। उक्त क्षेत्र कुनै पनि वन क्षेत्र, वन्यजन्तुको वासस्थान, विचरण क्षेत्र, जैविक मार्ग वा वातावरणीय रूपमा संवेदनशील क्षेत्रमा पर्दैन। तथापि, आयोजना स्थलबाट १०० मिटरको परिधिभित्र पाइने प्रमुख वनस्पतिहरूमा कपुर (*Cinnamomum camphora*), हलुवाबेद (*Diospyros tomentosa*), धुपी (*Juniperus indica*) आदि रहेका छन् । यसैगरी, प्रस्तावित क्षेत्र वरपर पाइने चराचुरुङ्गीहरूमा काग (*Corvus splendens*), ढुकुर (*Streptopelia chinensis*), गौथली (*Hirundo rustica*), भंगेरा (*Passer rutilans*) आदि रहेका छन्। आयोजना स्थल शहरी क्षेत्रको केन्द्रमा अवस्थित भएकाले यहाँ जंगली जनावरहरू पाइँदैनन्, तर घरपालुवा कुकुर र बिरालो भने देख्न सकिन्छ।

## ५.३ सामाजिक आर्थिक तथा साँस्कृतिक वातावारण

आयोजना प्रभावित वडामा नेवार समुदायको बाहुल्यता रहेको छ। यस प्रभावित वडामा साक्षरता दर ८५% भन्दा बढी छ। यहाँ खानेपानीको प्रमुख स्रोत जारको पानी हो, भने दोस्रो प्रमुख स्रोत धाराको पानी रहेको छ। ,सबै घरधुरीमा शौचालय व्यवस्था रहेको छ। ९५% घरधुरीमा विद्युत् पहुँच पुगेको छ। यस वडामा क्यान्सर, ज्वरो, थाइराइड, दम, रक्तचाप, र टि.भी. प्रमुख स्वास्थ्य समस्याहरू हुन्। यहाँ दशैं, तिहार, इन्द्र जात्रा, रमजान, ईद लगायतका चाडपर्वहरू मनाइन्छन्। प्रमुख पर्यटकीय स्थलहरूमा पशुपतिनाथ, स्वयम्भूनाथ, बौद्धनाथ, हनुमानढोका दरबार आदि पर्दछन्।

## ७. आयोजना निर्मणबाट पर्ने प्रभावहरु

यस नर्भिक इन्टरनेसनल हस्पिटल एण्ड मेडिकल कलेजको थप १०० शय्या क्षमता भएको अस्पतालको लागि आवश्यक भवन निर्माण भइसकेको हुँदा यस प्रतिवेदनमा उक्त निर्माण कार्यसँग सम्बन्धित वातावरणीय प्रभावहरू यस प्रतिवेदनमा समावेश गरिएको छैन।

### ६.१ सकारात्मक प्रभावहरु

यस नर्भिक इन्टरनेसनल हस्पिटल एण्ड मेडिकल कलेज कार्यान्वयन हुँदै गर्दा त्यसले विद्यमान वातावरणमा निम्त्याउने सकारात्मक प्रभावहरू निम्नानुसार छन्।

सञ्चालन चरण

- ✓ सेवाग्राहीको स्वास्थ्य सेवामा पहुँच
- ✓ स्थानीय तथा राष्ट्रिय अर्थतन्त्रमा टेवा
- ✓ हरियाली प्रवर्धन
- ✓ स्थानीयहरुमा क्षमता अनुसार रोजगारीको अवसर
- ✓ स्थानीय आर्थिक क्रियाकलापमा वृद्धि

### ६.२ आयोजना कार्यान्वयनबाट पर्ने नकारात्मक प्रभावहरु

**सञ्चालन चरण**

- ❖ भौतिक
  - ✓ ठोस फोहोरमैला निष्काशनबाट पर्ने प्रभाव
  - ✓ अस्पतालजन्य फोहोरमैला व्यवस्थापन सम्बन्धि प्रभाव
  - ✓ फोहोर पानी निष्काशनबाट पर्ने प्रभाव
  - ✓ ढल व्यवस्थापन
  - ✓ ध्वनि प्रदूषण
  - ✓ वायु प्रदूषण
  - ✓ विपद जोखिमबाट पर्ने प्रभाव
  - ✓ भूमिगत पानीको निष्काशन/प्रयोगबाट पानीको सतहमा आउने ह्रासबाट पर्ने प्रभाव
  - ✓ बढ्दो उर्जा खपत र उर्जाको मागबाट पर्ने प्रभाव
  - ✓ ट्राफिक व्यवस्थापनमा हुने प्रभाव

❖ जैविक

यस नर्भिक इन्टरनेसनल हस्पिटल एण्ड मेडिकल कलेजको सञ्चालनले जैविक वातावरणमा न्यून मात्रामा अप्रत्यक्ष प्रभाव पार्ने सम्भावना रहे तापनि, सो प्रभाव उल्लेखनीय हुने अपेक्षा गरिएको छैन। त्यसैले, न्यूनीकरणका लागि कुनै अतिरिक्त उपाय सुझाव गरिएको छैन।

❖ सामाजिक- आर्थिक तथा सांस्कृतिक वातावारण

- ✓ संक्रामक रोग फैलिन सक्ने सम्भावना
- ✓ व्यावसायिक स्वास्थ्य र सुरक्षामा पर्ने प्रभाव
- ✓ सामुदायिक स्वास्थ्य र सुरक्षा
- ✓ शव व्यवस्थापन
- ✓ सामाजिक कुरितीहरु बढ्न सक्ने
- ✓ ऐतिहासिक तथा पुरातात्विक, परम्परा र संस्कृती धार्मिक क्षेत्रमा पर्ने असर
- ✓ बालश्रम तथा लैङ्गिक विभेदबाट पर्ने प्रभाव

## ८. सकारात्मक प्रभावहरुको बढोत्तरीका उपायहरु

सञ्चालन चरणमा यस अस्पतालले गुणस्तरीय र सर्वसुलभ स्वास्थ्य सेवा प्रदान गर्नेछ भने रोयल्टी मार्फत आउने रकमलाई स्थानीय विकासमा खर्च गर्न सकिनेछ। अस्पताल परिसरमा वृक्षारोपण र बगैंचा निर्माण गरिनेछ। स्थानीयलाई सीप, क्षमता र दक्षता अनुसार रोजगारी दिइनेछ। अस्पताल क्षेत्रको आसपासमा विभिन्न सेवाहरूको माग वृद्धि हुने सम्भावना छ, जसले स्थानीय व्यापारिक क्रियाकलापमा वृद्धि ल्याउन सक्छ। यी सबै उपायहरूलाई कार्यान्वयन गर्न कूल ने.रू. ६,००,००० अनुमान गरिएको छ।

## ९. नकारात्मक प्रभावहरुको न्यूनीकरणका उपायहरु

**❖ भौतिक वातावरण**

सञ्चालन चरणमा यस अस्पतालमा हुन सक्ने विभिन्न भौतिक वातावरणसँग सम्बन्धित प्रभावहरु न्यूनीकरण गर्नाका लागि निम्नलिखित उपायहरू लागू गरिनेछन्:

- ✓ ठोस फोहोरमैलाको श्रोतमा नै वर्गीकरण गरी छुट्टै सङ्कलन तथा व्यवस्थापन गरिनेछ।
- ✓ फोहोरमैला व्यवस्थापनका लागि 3R ( Reduce, reuse, recycle) सिद्धान्त लागु गर्नुका साथै स्थानीय उत्तम प्रविधि अपनाइनेछ।
- ✓ जोखिमयुक्त र संक्रमित फोहोरहरुको अन्तिम विसर्जन गर्न भन्दा पहिले उचित प्रविधिद्वारा अनिवार्य रुपमा उपचार गरिनेछ।

- ✓ न्यून आवाज निकाल्ने जेनेरेटर प्रयोग गरिनेछ।
- ✓ अस्पताल वरपर हर्न बजाउन निषेध, गति सिमित (१५ कि.मी./घण्टा सम्म) जस्ता संकेत गर्ने ट्राफिक चिह्नहरु रखिनेछ।
- ✓ फोहोर पानी प्रशोधन गर्नका लागि फोहोर पानी प्रशोधन गर्ने यन्त्र जडान गरिनेछ।
- ✓ अस्पताल भवनको छतबाट सङ्कलन हुने वर्षातको पानीलाई recharge pit मार्फत पून भरण गरिनेछ।
- ✓ अस्पतालका कर्मचारीहरुलाई आपतकालिन प्रकोप र दुर्घटना बारे तालिम दिइनेछ।
- ✓ अस्पताल परिसरमा पार्किङ्गको व्यवस्था गरिएने छ।

यसका लागि सञ्चालन चरणमा भौतिक वातावरणमा नकारात्मक प्रभावलाई न्यूनीकरण गर्न ने.रु. १६,२५,००० अनुमान गरिएको छ।

❖ **सामाजिक, आर्थिक तथा सांस्कृतिक वातावरण**

सञ्चालन चरणमा सामाजिक र आर्थिक वातावरणमा नकारात्मक प्रभाव न्यूनीकरणका लागि निम्न उपायहरू अपनाइनेछन्

- ➢ स्थानीय सरकारसँग समन्वय गरी आयोजना क्षेत्र वरिपरिको सरसफाईमा विशेष ध्यान दिइनेछ
- ➢ अस्पतालमा आउने आगन्तुक र कर्मचारीहरुलाई अस्पताल भवन छिर्नु अगाडी माक्स, स्यानीटाइजरको व्यवस्था गरिनेछ।
- ➢ अस्पतालका भवनहरूमा लिफ्ट र र्याम्पको व्यवस्था गरिनेछ।
- ➢ अस्पताल भवनमा उत्पन्न हुने विभिन्न मुद्दाहरु समाल्न तथा समस्या समाधान गर्ने एकाईको स्थापना गरिनेछ।

सञ्चालन चरणमा सामाजिक, आर्थिक तथा सांस्कृतिक वातावरणमा पर्ने नकारात्मक प्रभावहरुलाई न्यूनीकरण गर्न रु **१,५०,०००** अनुमान गरिएको छ।

## १०. वातावरणीय व्यवस्थापन

सकारात्मक वातावरणीय प्रभावहरुलाई बढोत्तरी गर्ने र नकारात्मक प्रभावहरूको न्यूनिकरण गर्ने उद्देश्यले यस वातावरणीय व्यवस्थापन योजना तयार गरिएको छ। यस योजना अन्तर्गत वातावरणीय एकाइको स्थापना प्रस्ताव गरिएको छ, जसले वातावरणीय व्यवस्थापन कार्यान्वयन गर्नेछ। यसको कूल लागत रु २४,७५,००० अनुमान गरिएको छ।

## ११. निष्कर्ष तथा प्रतिवद्धता

यस पूरक वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा थप १०० शय्या सञ्चालन गर्दा पर्ने सकारात्मक प्रभावहरुको अभिवृद्धि र नकारात्मक प्रभावहरुलाई न्यूनीकरण गर्ने उपायहरु सँगै त्यसको लागि लाग्ने अनुमानित रकम र कार्यान्वयनको जिम्मेवारी समेत समावेश गरिएको छ। प्रतिवेदनमा उल्लेखित उपायहरू कार्यान्वयन गर्न र प्रस्तावित वातावरणीय व्यवस्थापन योजना अनिवार्य रूपमा लागू गर्न प्रस्तावक पूर्ण रूपमा प्रतिबद्ध रहने छ भन्ने समेत प्रतिवद्धता व्यक्त गर्दछ।

# संक्षिप्त रूपहरू

उ : उत्तर
का.म.पा. : काठमाडौं महानगरपालिका
कि.मी. : किलोमिटर
घ.मि. : घन मिटर
पू : पूर्वी
प्रा.लि. : प्राइभेट लिमिटेड
मि.मि. : मिलिमिटर
रा.भ.को. : राष्ट्रिय भवन कोड
लि : लिटर
वा.प्र.मू. : वातावरणीय प्रभाव मूल्याङ्कन
वा. सं. नि. : वातावरण संरक्षण नियमावली
वा. सं. ऐ. : वातावरण संरक्षण ऐन
व.मि. : वर्ग मिटर
BIM : Building Information Model
CSR : Corporate Social Responsibility

# बिषयसूची

**परिच्छेद १: प्रतिवेदन तयार गर्ने व्यक्ति वा संस्थाको नाम र ठेगाना................................१**

१.१ प्रस्तावकको परिचय..........................................................................................१

१.२ परामर्शदाताको परि चय......................................................................................१

१.३ प्रस्तावको औचित्यता.........................................................................................२

१.४ पूरक वातावरणीय प्रभाव मूल्याङ्कनको औचित्य...................................................२

१.५ पूरक वातावरणीय प्रभाव मूल्याङ्कनको उद्देश्य....................................................३

१.६ पूरक वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययनको सीमा .........................................४

**परिच्छेद २: प्रस्तावको परिचय ...........................................................................५**

२.१ भूमिका ...........................................................................................................५

२.२ प्रस्तावको विवरण.............................................................................................५

२.२.१ आयोजनाको अवस्थित र पहुँच .........................................................................६

२.२.२ संरचनाको जानकारी र अवयव .........................................................................७

२.२.३ निर्माण सम्बन्धि योजना....................................................................................७

२.२.४ थप भवनको डिजाइन अवधारणा.....................................................................१०

२.२.५ वातावरणमैत्री संरचना निर्माण........................................................................११

२.२.४ जग्गाको क्षेत्रफल............................................................................................११

२.२.५ आवश्यक जनशक्ति .......................................................................................११

२.२.६ प्रयोग हुने उर्जा को किसिम (श्रोत, खपत हुने परिमाण) ......................................१३

२.२.७ खानेपानी सम्बन्धि व्यवस्थापन ........................................................................१३

२.३ प्रस्तावको उद्देश्य...........................................................................................१३

२.४ फोहोरमैला सम्बन्धि व्यवस्थापन.......................................................................१४

२.४.१ नर्भिक इन्टरनेसनल हस्पिटल एण्ड मेडिकल कलेजकमा फोहोर व्यवस्थापनको वर्तमान स्थिति.........................................................................................................१५

**परिच्छेद ३ः प्रतिवेदन तयार गर्दा अपनाइएको विधि ..... १७**

३.१ सम्बन्धित प्रकाशित वा अप्रकाशित सामग्री/प्रतिवेदन पुनरावलोकन ..... १७

३.२ प्रस्तावको प्रभाव क्षेत्र निर्धारण ..... १७

३.३ प्रस्ताव कार्यान्वयन हुने क्षेत्रको नक्साको अध्ययन तथा विश्लेष्ण ..... १८

३.४ स्थलगत अध्ययन तथा तथ्याङ्क सङ्कलन विधि ..... १८

३.४.१ भौतिक वातावरण ..... १९

३.४.२ जैविक वातावरण ..... १९

३.४.३ सामाजिक आर्थिक तथा साँस्कृतिक वातावरण ..... १९

३.५ तथ्याङ्क विश्लेषण ..... २०

३.५.१ भौतिक वातावरण ..... २०

३.५.२ सामाजिक आर्थिक तथा सांस्कृतिक वातावरण ..... २०

३.६ प्रभावहरुको पहिचान, आंकलन र मूल्याङ्कन ..... २०

३.६.१ प्रभावहरुको पहिचान ..... २०

३.६.२ प्रभावहरुको आँकलन ..... २१

३.६.३ प्रभावहरुको मूल्याङ्कन ..... २१

३.७ मस्यौदा प्रतिवेदनको तयारी ..... २१

३.८ सार्वजनिक परामर्श, छलफल, तथा सार्वजनिक सुनुवाई ..... २२

३.८.१ सार्वजनिक परामर्श/छलफल ..... २२

३.८.२ सार्वजनिक सुनुवाई ..... २२

३.९ सात दिने सूचना प्रकाशन र मुचुल्का सङ्कलन ..... २४

३.१० मस्यौदा प्रतिवेदन तयारी ..... २४

३.११ सिफारिस पत्र ..... २५

**परिच्छेद ४ः प्रतिवेदन तयार गर्दा अध्ययन गरिएका नीति, ऐन, नियम, निर्देशिका, कार्यविधि र अन्तर्राष्ट्रिय सन्धि सम्झौता ..... २६**

**परिच्छेद ५: विद्यमान वातावरणीय अवस्था ........ ४२**
5.1 भौतिक वातावरण ........ ४२
५.१.१ भू-धरातलिय अवस्था ........ ४२
५.१.२ भू-उपयोग ........ ४२
५.१.३ मौसम सम्बन्धि विवरण ........ ४३
५.१.४ भू-गर्भ ........ ४४
५.१.५ भूकम्पीय जोखिम ........ ४५
५.१.६ जलविज्ञान र ढल निकास ........ ४६
५.१.७ जल, वायु तथा ध्वनिको गुणस्तर ........ ४७
5.2 जैविक वातावरण ........ ४९
५.२.१ वनस्पति ........ ४९
५.२.२ वन्यजन्तु तथा चराचुरुङ्गी ........ ४९
५.३ सामाजिक-आर्थिक तथा सांस्कृतिक वातावरण ........ ४९
५.३.१ जनसांख्यिकीय विशेषताहरु ........ ४९
५.३.२ जीवनको गुणस्तर ........ ५५
५.३.३ आधारभूत सेवाहरुमा पहुँच ........ ५५
५.३.४ ऊर्जामा पहुँच ........ ५६
५.३.५ रोगहरु ........ ५७
५.३.६ संस्कृति र चाडपर्बहरु ........ ५७
५.३.७ पौराणिक र ऐतिहासिक पर्यटकिय स्थलहरु ........ ५८

**परिच्छेद ६: प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्ने प्रभाव ........ ५९**
६.१ स्थानीय बासिन्दाहरुले उठाएका सवालहरु ........ ५९
६.२ सकारात्मक वातावरण ........ ६२
६.२.१. संचालन चरण ........ ६२
६.३ नकारात्मक प्रभाव ........ ६४

६.३.१ भौतिक वातावरण ........ ६४

६.३.२ जैविक वातावारण ........ ७०

६.३.३ सामाजिक, आर्थिक तथा साँस्कृतिक वातावरण ........ ७०

**परिच्छेद ७: सकारात्मक प्रभाव अभिवृद्धि गर्ने तथा नकारात्मक प्रभाव न्यून गर्ने उपाय .... ७४**

७.१ सकारात्मक प्रभाव बढोत्तरीका उपायेहरु ........ ७४

७.१.१ संचालन चरण ........ ७४

७.२ नकारात्मक प्रभाव ........ ७५

७.२.१ भौतिक वातावरण ........ ७५

७.२.२ सामाजिक, आर्थिक तथा साँस्कृतिक वातावरण ........ ७७

**परिच्छेद ८: वातावरणीय अनुगमन ........ ८०**

८.१ अनुगमनको प्रकार ........ ८०

८.२ वातावरणीय अनुगमनका सूचकहरु ........ ८०

८.३ अनुगमन विधि ........ ८१

८.४ अनुगमनको लागि समय तालिका ........ ८१

८.५ अनुगमन गर्ने निकाय ........ ८१

**परिच्छेद ९: वातावरणीय व्यवस्थापन योजना ........ ८८**

९.१ वातावरणीय व्यवस्थापन योजना ........ ८८

९.२ विपद् जोखिम व्यवस्थापन योजना ........ ११२

९.३ स्वास्थ्यजन्य फोहोरमैला व्यवस्थापन योजना ........ ११३

९.४ ढल निकास तथा फोहोरपानी व्यवस्थापन योजना ........ ११४

९.५ रासायनिक फोहोर ........ ११६

९.६ अस्पताल सञ्चालन चरणको लागि ट्राफिक व्यवस्थापन योजना ........ ११६

**परिच्छेद १०: वातावरणीय परीक्षण ........ ११९**

**परिच्छेद ११: निष्कर्ष र प्रतिवद्धता ........ १२२**

## तालिकहरु

तालिका २-१: आयोजनाको तुलनात्मक प्रमुख विशेषता ...... ७
तालिका २-२: संचालन चरणमा उत्सर्जन हुने फोहोरमैला ...... १४
तालिका २-३: वार्डहरूमा गरिने फोहोरमैलाको वर्गीकरण ...... १५
तालिका ३-१: भौतिक वातावरणसँग सम्बन्धित तथ्याङ्क सङ्कलन गरिएको विधि ...... १९
तालिका ३-२: प्रभावहरुको पहिचानको संख्यात्मक मापनसहित गरिएको प्रावधान ...... २१
तालिका ३-३: संचयी परिमाणको आधारमा प्रभावहरुको मूल्याङ्कन ...... २१
तालिका ३-४: स्थानीय सरोकारवालाहरूसँग गरिएको छलफलको विवरण ...... २२
तालिका ५-१: आयोजना क्षेत्रको मौसम सम्बन्धि जानकारी ...... ४३
तालिका ५-२: आयोजना स्थलको वायुको गुणस्तर सम्बन्धि तथ्याङ्क ...... ४७
तालिका ५-३: ध्वनि मापनको तथ्याङ्क ...... ४८
तालिका ५-४: आयोजना प्रभावित स्थानीय तहको जनसाङ्ख्यिकीय विशेषताहरु ...... ५०
तालिका ५-५: जात/जातीय विवरण ...... ५०
तालिका ६-१: प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्ने सकारात्मक प्रभाव र तह निर्धारण... ६४
तालिका ८-१: अनुगमनको विवरण ...... ८२
तालिका ९-१: वातावरणीय व्यवस्थापन योजना ...... ८९
तालिका ९-२: स्वास्थ्यजन्य फोहोरमैला वर्गीकरण ...... ११३

## चित्रहरु

चित्र २-१: अस्पतालको फोहोरमैला व्यवस्थापन संरचना ...... १६
चित्र ३-१: आयोजनाको प्रभाव क्षेत्र निर्धारण नक्शा ...... १८
चित्र ३-२: सार्वजनिक सुनुवाइको क्रममा खिचिएको तस्बिर ...... २३
चित्र ३-३: सार्वजनिक सुनुवाई संचालन हुँदै गरेको दृश्य ...... २३
चित्र ३-४: सूचना टाँस गर्ने कार्यको क्रममा लिइएको तस्बिर ...... २४
चित्र ९-१: फोहोरपानी प्रशोधन प्रणाली ...... ११५

**अनुसूचीहरु**

अनुसूची १: कम्पनी सम्बन्धि सम्पूर्ण कागजातहरू

अनुसूची २: जग्गा सम्बन्धि विवरण

अनुसूची ३: सार्वजनिक सुनुवाई सम्बन्धि प्रकाशित सूचना

अनुसूची ४: सार्वजनिक सुनुवाइको सूचना टाँसको मुचुल्का

अनुसूची ५: सार्वजनिक सुनुवाईको माइन्युट

अनुसूची ६: सात दिने सूचना

अनुसूची ७: सात दिने सूचनाको सूचना टाँसको मुचुल्का

अनुसूची ८: सिफारिस पत्र

अनुसूची ९: वातावरण सम्बन्धि मापदण्डहरू

अनुसूची १०: पानीको प्रयोगशालाको परीक्षण प्रतिवेदन

अनुसूची ११: विज्ञहरुको स्व-घोषणा

अनुसूची १२: SEIA को लागि पत्र

अनुसूची १३: आयोजना निर्माणसँग सम्बन्धि नक्शाहरु

अनुसूची १४: भूमिगत श्रोतको पानी निकाल्ने तथा उपभोग गर्ने सम्बन्धि अनुमति पत्र

अनुसूची १५: अन्य पत्रहरु

# परिच्छेद १:  प्रतिवेदन तयार गर्ने व्यक्ति वा संस्थाको नाम र ठेगाना

## १.१ प्रस्तावकको परिचय

बागमती प्रदेशको काठमाडौं जिल्लाको काठमाडौं महानगरपालिका वडा नं. ११, थापाथलीमा सञ्चालनमा रहेको नर्भिक इन्टरनेसनल हस्पिटल एण्ड मेडिकल कलेजको स्तरोन्नतिको पूरक वातावरणीय प्रभाव मूल्याङ्कनको प्रस्तावक स्वयं नर्भिक इन्टरनेसनल हस्पिटल एण्ड मेडिकल कलेज लिमिटेड रहेको छ। प्रस्तावकको नाम र ठेगाना निम्नानुसार तल उल्लेख गरिएको छ।

**नर्भिक इन्टरनेसनल हस्पिटल एण्ड मेडिकल कलेज लि.**

काठमाडौं महानगरपालिका, वडा न. ११, थापाथली, काठमाडौं

फोन नं.: ०१५९७०४३२

ईमेलः info@norvichospital.com

## १.२ परामर्शदाताको परिचय

यस आयोजनाको पूरक वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धि प्रतिवेदन तयार पार्ने परामर्शदाता संस्था, नेपाल रुरल एण्ड एड्भान्स्मेंट कमिटि प्रा.लि., अनामनगर, काठमाडौं रहेको छ। जसको नाम तथा ठेगाना तल उल्लेख गरिएको छ।

**नेपाल रुरल एण्ड एड्भान्स्मेंट कमिटि प्रा.लि.**

अनामनगर, काठमाडौं

फोन नम्बर : +977-9851149216

इमेल : info.nracnepal@gmail.com

वेवसाइटः www.nrac.com.np

परामर्शदाताको तर्फबाट यस अध्ययन कार्यमा संलग्न विज्ञहरूको विवरण तालिका १.१ मा उल्लेख गरिएको छ।

**तालिका १-१: अध्ययन कार्यमा संलग्न विज्ञहरुको विवरण**

| क्र.श. | नाम थर | योग्यता | पद | कार्य अनुभव | वातावरण अध्ययन संख्या |
|---|---|---|---|---|---|
| १ | डा. ज्योति प्रसाद गजुरेल | वनस्पति विज्ञानमा विधावारिधि | टोली प्रमुख/वनस्पति विज्ञ | १०वर्ष भन्दा बढी | ८ भन्दा बढी |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | लक्षमण खड्का | वातावरण व्यस्थापनमा स्नातकोतर | वातावरण विज्ञ | ५ वर्ष भन्दा बढी | ५ भन्दा बढी |
| ३ | प्रकाश घिमिरे | स्नातकोतर, समाजशास्त्र | समाजशास्त्री | १० वर्ष भन्दा बढी | ८ भन्दा बढी |
| ४ | आसुतोष राज तिमिल्सिना | स्नातकोतर, स्ट्रक्चर इन्जिनियरिङ | इन्जिनियर | ५ वर्ष भन्दा बढी | ५ भन्दा बढी |

## १.३ प्रस्तावको औचित्यता

काठमाडौं उपत्यकामा स्वास्थ्य सेवाको अत्याधिक माग र जनसंख्याको घनत्व उच्च भएको कारणले यहाँका स्वास्थ्य संस्थाहरूको सेवा क्षमता माथि निरन्तर दबाब परेको अवस्था रहेको छ। यसै सन्दर्भमा, नर्भिक इन्टरनेशनल हस्पिटल एण्ड मेडिकल कलेज लिमिटेडले आफ्नो २०० शय्याको अस्पतालमा थप १०० शय्याको विस्तार गर्ने प्रस्ताव गरेको छ। काठमाडौं र आसपासका क्षेत्रमा बिरामीहरूको संख्यामा अत्याधिक वृद्धि भएकोले, अस्पतालको वर्तमान अवस्थामा संचालित शय्या संख्या उक्त बढ्दो मागलाई पूरा गर्न अपर्याप्त रहेको देखिन्छ। जसको परिणाम स्वरूप, बिरामीहरूको पर्याप्त उपचार सुनिश्चित गर्न चुनौतीहरू उत्पन्न भएका छन्। यस अस्पतालको भौतिक संरचनामा उपलब्ध शय्याहरूको सिमितता र सेवा प्रदायक संस्थाको कार्यक्षमता अभावले गर्दा अस्पताललाई आफ्नो पूर्ण क्षमता अनुसार सेवा प्रदान गर्न कठिनाइ उत्पन्न भएको छ।

यस अस्पतालको शय्या वृद्धिले अस्पतालको सेवा क्षमता वृद्धि गर्दै दैनिक १००० बिरामीलाई सेवा प्रदान गर्नेछ, जसले समग्र कार्यक्षमता र स्वास्थ्य सेवा स्तरमा सुधार ल्याउन सक्नेछ। यसले काठमाडौं उपत्यका सहित अन्य स्थानहरूबाट आउने नागरिकहरूको स्वास्थ्य सेवा आवश्यकताहरूलाई पूरा गर्नेछ। स्वदेशमै उच्चस्तरीय स्वास्थ्य सेवा सुनिश्चित गर्ने प्रक्रियामा सुधार ल्याउनेछ, जसले गर्दा विदेश जाने निर्भरतालाई घटाएर स्वदेशमै उपचार गरी अर्थतन्त्रमा समेत सकारात्मक योगदान पुर्याउने देखिन्छ।

## १.४ पूरक वातावरणीय प्रभाव मूल्याङ्कनको औचित्य

हाल सञ्चालनमा रहेको २०० शय्याको अस्पतालका लागि वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन जनसंख्या र वातावरण मन्त्रालय द्वारा मिति २०७३/०९/०७ मा स्वीकृत भएको थियो। सो प्रतिवेदनको आधारमा हाल यस अस्पताल सञ्चालनमा रहेको छ। यद्यपि, सेवा माग र अस्पतालको वर्तमान सेवा सुबिधा तथा आवश्यकतालाई मध्यनजर गर्दै, थप १०० शय्याको विस्तार र स्तरोन्नति गर्ने प्रस्ताव अघि सारिएको छ। यस प्रस्तावले अस्पतालको भौतिक संरचना, सेवा क्षमता, र

कार्यक्षेत्रमा महत्वपूर्ण परिवर्तन ल्याउनेछ। यसका अतिरिक्त १०० शय्याको विस्तारले उत्पन्न हुन सक्ने सम्भावित वातावरणीय प्रभावहरू स्वीकृत प्रतिवेदनको दायरा भन्दा बाहिर पर्न सक्दछन्, जसका लागि प्रभावहरूको परिमाण, सीमा र समयावधि पहिचान र मूल्याङ्कन आवश्यक पर्दछ।

यसै सन्दर्भमा, वातावरण संरक्षण ऐन, २०७६ को दफा ११ तथा वातावरण संरक्षण नियमावली, २०७७ को नियम ११ बमोजिम, स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन भएको कुनै पनि आयोजनाको भौतिक पूर्वाधार, डिजाइन, स्थान, कार्यक्षेत्र वा स्वरूपमा परिवर्तन, परिमार्जन वा स्तरोन्नति गर्नुपर्ने खण्डमा पूरक वातावरणीय प्रभाव मूल्याङ्कन अनिवार्य गर्नुपर्ने कानूनी प्रावधान रहेको छ।

त्यसैले, प्रस्तावित अस्पताल स्तरोन्नतिको कारण उत्पन्न हुने सम्भावित वातावरणीय प्रभावहरू पहिलेका मूल्याङ्कन भन्दा हाल फरक र नयाँ प्रकृतिका प्रभावहरु हुन सक्ने भएकाले, विद्यमान कानूनी व्यवस्था अनुसार पूरक वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार तयार गर्नु आवश्यक पर्दछ।

## १.५ पूरक वातावरणीय प्रभाव मूल्याङ्कनको उद्देश्य

यस पूरक वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययनको मुख्य- मुख्य उद्देश्यहरुमा यस अस्पतालको शय्या विस्तारबाट हुने वातावरणीय र सामाजिक प्रभावको पहिचान, मूल्याङ्कन, र न्यूनीकरण उपाय सुनिश्चित गरी दिगो विकासलाई प्रवर्द्धन गर्नु रहेको छ। यसको अलवा अन्य उद्देश्यहरु तल उल्लेख गरिएका छन्।

- भौतिक, रासायनिक, सामाजिक-आर्थिक तथा सांस्कृतिक वातावरण सम्बन्धि प्राथमिक तथा द्वितिय तथ्याङ्कहरु सङ्कलन गर्ने,
- यस आयोजनाका संसोधित संरचनहरुले प्रवल रुपमा पार्न सक्ने सकारात्मक तथा नकारात्मक प्रभावहरुको पहिचान गरी आयोजनालाई अगाडी बढाउदा वातावरणलाई कम भन्दा कम क्षति हुनेगरी विकल्पहरुको पहिचान गर्ने,
- यस आयोजनाको अभिन्न अंगका रुपमा वातावरणीय व्यवस्थापन थप गर्ने,
- सम्वन्धित सरोकारवाला निकाय, प्रभावित महानगरपालिका, प्रभावित क्षेत्रका बासिन्दा लगायत समाजसेवी, बुद्धिजीवीहरुले दिएका राय-सुझावहरुलाई समेत प्रतिवेदनमा समावेश गर्ने।
- यसका अलवा विज्ञ समूहहरुले पहिचान गरेका कुराहरुलाई समेत समावेश गर्ने।

## १.६ पूरक वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययनको सीमा

यस पूरक वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन प्रतिवेदनको सीमा प्रस्तावित आयोजनाको थप १०० शय्याको अस्पताल संचालनबाट सो क्षेत्रको स्थानीय भौतिक, रसायनिक, जैविक र सामाजिक-आर्थिक तथा साँस्कृतिक वातावरणमा पार्न सक्ने सम्भावित प्रभावहरुको पहिचान गर्नुका साथै, सकारात्मक प्रभावहरुको बढोत्तरीका र नकरात्मक प्रभावहरूका न्यूनीकरणका लागि उपयुक्त उपायहरू पहिचान गरी सुझावहरू प्रदान गर्नु रहेको छ। थप १०० शय्याको लागि आवश्यक भवनको संरचना पूर्वनिर्मित भइसकेको कारणले गर्दा यस अध्ययनमा यस आयोजनाको निर्माण चरणसँग सम्बन्धित प्रभावहरूलाई भने यस प्रतिवेदनमा समावेश गरिएको छैन।

# परिच्छेद २: प्रस्तावको परिचय

## २.१ भूमिका

नर्भिक इन्टरनेसनल हस्पिटल एण्ड मेडिकल कलेज लिमिटेड नेपालमा स्थापित एक प्रमुख स्वास्थ्य सेवा प्रदायक संस्था हो। यस संस्था काठमाडौंको थापाथलीमा अवस्थित छ। सन् १९९३ मा स्थापित यस अस्पतालले उच्च गुणस्तरीय स्वास्थ्य सेवा, आधुनिक प्रविधि, र दक्ष चिकित्सकहरूको माध्यमबाट विशेषीकृत उपचार सुबिधा प्रदान गर्दै आएको छ। १०० शय्याको प्रारम्भिक क्षमता रहेको यस अस्पतालले कार्डियोलोजी, न्यूरोलोजी, अन्कोलोजी, ग्यास्ट्रोएन्टरोलोजी, र ट्रामा सेवाजस्ता विभिन्न विशेषज्ञताका विभागहरूमा आफ्नो स्वास्थ्य सेवा विस्तार गर्दै आइरहेको छ।

नर्भिक अस्पताललाई अन्तर्राष्ट्रिय मापदण्ड अनुसारको सेवा र दिगो स्वास्थ्य सेवा प्रणालीमा आधारित सुबिधा उपलब्ध गराउने अस्पतालका रूपमा मान्यता प्राप्त छ। अत्याआधुनिक उपकरणहरू, उच्च दक्षता भएका स्वास्थ्यकर्मीहरूको टोली, र रोगीमैत्री वातावरणले यस अस्पतालको प्रतिष्ठालाई अझ बढाएको छ, जसको कारणले यसले देशभित्र र बाहिरका बिरामीहरूको विश्वास जित्न सफल भएको छ।

यस अस्पतालले २०० शय्या सञ्चालनको लागि मिति २०७३/०९/०७ मा जनसंख्या तथा वातावरण मन्त्रालयबाट वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत गरेको थियो। हाल, बिरामीको प्रवाहका आधारमा यस अस्पताल २०० शय्याबाट ३०० शय्या (थप १०० शय्याका साथ) मा स्तरोन्नति कार्य गर्न लागि रहेको छ।

नर्भिक इन्टरनेसनल हस्पिटल एण्ड मेडिकल कलेज थापाथलीमा अवस्थित नेपालकै अग्रणी स्वास्थ्य सेवा प्रदायक संस्था हो। हाल २०० शय्या सहित सञ्चालनमा रहेको यस अस्पतालले काठमाडौं उपत्यकाको उच्च जनघनत्व तथा स्वास्थ्य सेवाको बढ्दो आवश्यकतालाई ध्यानमा राख्दै, प्रस्तावित स्तरोन्नति योजनाले गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहलाई १०० शय्या थप गरी ३०० शय्यामा स्तरोन्नति गर्ने योजना राखेको छ। स्तरोन्नतिपछि अस्पतालमा दैनिक धेरै भन्दा धेरै बिरामीहरुलाई स्वास्थ्य सेवा प्रदान गर्ने अपेक्षा गरिएको छ। थप १०० शय्याको लागि आवश्यक भवन निर्माण भैसकेको हुँदा यस अध्ययनमा निर्माणसँग सम्बन्धित गतिविधिहरु समावेश गरिएको छैन।

## २.२ प्रस्तावको विवरण

नर्भिक इन्टरनेसनल हस्पिटल एण्ड मेडिकल कलेज लि. ले २०० शय्याको सुबिधा सम्पन्न नर्भिक इन्टरनेसनल अस्पताल संचालन गर्दै आएको छ। हाल यस अस्पतालको स्तरोन्नति कार्य गरी ३००

शय्याको अस्पताल संचालन गर्नको लागि प्रस्ताव गरेको छ। यस आयोजना काठमाडौं जिल्लाको काठमाडौं महानगरपालिका वडा नं. ११, थापाथलीमा संचालन भैरहेको छ। यस अस्पतालको स्तरोन्नति पश्चात संचालनको क्रममा प्रदान गरिने सेवाहरुमा रेडियोलोजी, अल्ट्रासाउण्ड, इसिजी, प्याथोलोजी, सर्जरी, युरोलोजी, अन्कोलोजी, नाक, कान, घाँटी, Radiation Therapy को लागि बंकर सहितको सुबिधा पनि रहेको सम्बन्धि सेवाहरु लगायतका सेवा सुबिधाहरु रहनेछन्। यसका अतिरिक्त अस्पतालमा २४ सै घण्टा इमर्जेन्सी, आइ.सि.यू., ओ.पि.डी., एक्स रे, एम्बुलेन्स सेवा तथा फार्मेसी सेवाहरु पनि उपलब्ध छन्। अस्पतालसँग सम्बन्धित प्रशासन, लेखा, जनसम्पर्क, फार्मेसी, भोजनालय, सघन कक्ष, आदि जस्ता विभिन्न विभागहरु पनि हाल संचालनमा रहेका छन्।

## २.२.१ आयोजनाको अवस्थित र पहुँच

यस आयोजना काठमाडौं जिल्लाको काठमाडौं महानगपलिका वडा नं. ११, थापाथलीमा अवस्थित छ। आयोजना स्थल त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको प्रवेशद्वारबाट करिब ५.६ कि.मी. दक्षिण-पश्चिममा रहेको छ भने माइतीघर चोकबाट ६५० मिटरको दुरीमा यस अस्पताल रहेको देखिन्छ। आयोजनाको अवस्थिति चित्र २.१मा र पहुँच चित्र २.२ मा देखाईएको छ।




**चित्र २-१: आयोजनाको अवस्थिति (श्रोतः नापी विभाग, २०२१)**




**चित्र २-२: आयोजनाको पहुँच (श्रोत: Google Earth, २०२४)**

### २.२.२ संरचनाको जानकारी र अवयव

यस अस्पतालको सञ्चालनको क्रममा प्रदान गरिने सेवाहरुमा रेडियोलोजी, अल्ट्रासाउण्ड, इसिजी, प्याथोलोजी, सर्जरी, युरोलोजी, अन्कोलोजी, नाक, कान, घाँटी सम्बन्धि सेवाहरु, आदि रहने छन्। यसका अतिरिक्त अस्पतालमा आइ.सि.यू., आइ.पि.डी., २४ सै घण्टा इमर्जेन्सी, एक्स रे, एम्बुलेन्स सेवा तथा फार्मेसी सेवा उपलब्ध रहने छन्। अस्पतालसँग सम्बन्धित प्रशासन, लेखा, जनसम्पर्क, फार्मेसी, भोजनालय, सघन कक्ष, आदि जस्ता विभिन्न विभागहरु रहनेछन्। आयोजनाको विशेषताहरुलाई तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका २-१: आयोजनाको तुलनात्मक प्रमुख विशेषता**

| अवयव | स्वीकृत EIA, २०७३ | पूरक वा.प्र.मू., २०८२ |
|---|---|---|
| प्रस्तावको नाम | नर्भिक इन्टरनेसनल अस्पताल | नर्भिक इन्टरनेसनल हस्पिटल एण्ड मेडिकल कलेज |
| प्रस्तावको अवस्थिति | अन्चल: बागमती,<br>जिल्ला:काठमाडौं<br>महानगरपालिका: काठमाडौं महानगरपालिका<br>वडा नं: ११ | प्रदेश: बागमती,<br>जिल्ला:काठमाडौं<br>महानगरपालिका: काठमाडौं महानगरपालिका<br>वडा नं: ११ |

| | | |
|---|---|---|
| | टोलः थापाथली | टोलः थापाथली |
| भौगोलिक अवस्थिति | अक्षांशः २७°४१'२३.३"उत्तर<br>देशान्तरः ८५°१९'०९.५"पूर्व;<br>उचाईः १२८८ मि. (समुन्द्री सतहबाट) | अक्षांशः २७°४१'२३.३"उत्तर<br>देशान्तरः ८५°१९'०९.५"पूर्व;<br>उचाईः १२८८ मि. (समुन्द्री सतहबाट) |
| शय्या संख्या | २०० | ३०० (थप १०० सहित) |
| प्रस्तावित योजनाको लागि साइट प्लान | प्रस्तावित आयोजनाको कूल जग्गा क्षेत्रफलः ५३१०५.४४३ वर्ग फिट<br>संरचना बन्ने जग्गा क्षेत्रफलः ३८४७० वर्ग फिट (७०.२५%)<br>खुल्ला तथा हरियाली क्षेत्र : २६०० वर्ग फिट (४.७५%)<br>पार्किङ्ग क्षेत्रः १३६९० वर्ग फिट (२५%) | प्रस्तावित आयोजनाको कूल जग्गा क्षेत्रफलः ६०८४.२८ वर्ग मि.<br>पार्किंग क्षमताः नयाँ भवनमा १०० वटा कार र ५० वटा २ पाङ्ग्रे सवारीसाधन |
| **भवनको जानकारी** | | |
| भवनको संख्या | २ वटा | थप १ वटा |
| तल्ला संख्या | भुइँ तल्ला र ७ तल्ला | २ वटा भूमिगत तल्ला, भुइँ तल्ला सहित ८ तल्ला |
| Built-up Area | ८३१४४.६५ वर्ग फिट | १४३६२९ वर्ग मि. |
| FAR | ०.७७ | २.९५ |
| Setback | - | ५ मि. |
| बेस्मेंट (Lower Basement) | - | क्षेत्रफलः १७४५.३६ वर्ग मि.<br>सुबिधाहरुः पार्किङ्ग |
| Upper Basement | - | क्षेत्रफलः १५२९.०५ वर्ग मि.<br>सुबिधाहरुः पार्किङ्ग |
| भुइँ तल्ला | क्षेत्रफलः १६२८४.५८<br>सुबिधाहरुः OPD chamber, Emergency, Diagnostic facilities | क्षेत्रफलः १२७२.४ वर्ग मि.<br>सुबिधाहरुः OPD, waiting lobby, reception, café,Inpatient Department (IPD) billing, Pharmacy |
| पहिलो तल्ला | क्षेत्रफलः १३७३५ वर्ग फिट<br>सुबिधाहरुः Operation, post operation ward, SICU, NICU, Gynae | क्षेत्रफलः१३३५.७८ वर्ग मि.<br>सुबिधाहरुः OPD, Diagnostic facilities |
| दोस्रो तल्ला | क्षेत्रफलः १३४७३ वर्ग फिट<br>सुबिधाहरुः Standard ward, general ward, CCU, VIP-CCU, MICU, Cathlab | क्षेत्रफलः १३५६.९६ वर्ग मि.<br>सुबिधाहरुः ICU |
| तेस्रो तल्ला | क्षेत्रफलः ५९३२.०४ वर्ग फिट<br>सुबिधाहरुः Cabins/Beds, ECG Lab | क्षेत्रफलः १३५१.५५ वर्ग मि. |

| | | |
|---|---|---|
| | | सुबिधाहरुः OT, Post OP, Pre OP, Neuro ICU, Doctor Rooms/Nurse Changing |
| चौथो तल्ला | क्षेत्रफलः ५४९०.२८ वर्ग फिट<br>सुबिधाहरुः Private cabins for medical and surgical patient | क्षेत्रफलः १३४५.३९ वर्ग मि.<br>सुबिधाहरुः General wards |
| पाँचौ तल्ला | क्षेत्रफलः ५४९०.२८ वर्ग फिट<br>सुबिधाहरुः Deluxe, Super deluxe, Suites room for patients | क्षेत्रफलः १३२६.४८ वर्ग मि.<br>सुबिधाहरुः single deluxe, executive suites |
| छैठौ तल्ला | क्षेत्रफलः ५४९०.२८ वर्ग फिट<br>सुबिधाहरुः Private OPD & Diagnostic of GI & Hepatobiliary Systems | क्षेत्रफलः १३३७.८३ वर्ग मि.<br>सुबिधाहरुः double sharing room, single room |
| सातौ तल्ला | क्षेत्रफलः ५४९०.२८ वर्ग फिट<br>सुबिधाहरुः Obs Gynae & Paediatric wards | क्षेत्रफलः ६८२.०७ वर्ग मि.<br>सुबिधाहरुः single deluxe, presidential suites |
| आठौं तल्ला | - | क्षेत्रफलः ६०.६५ वर्ग मि.<br>सुबिधाहरुः AC outdoor units, Water storage tank, Lift machine room, |
| अपाङ्गमैत्री संरचना | Front Ramp + Four Vertical Lift | Front Ramp + three Vertical Lift |
| केन्द्रिय फोहोर प्रशोधन केन्द्र | - | ETP, STP |
| सेवा सञ्चालन अवधि | बहिरंग विभाग: १२ घण्टा<br>आपतकालिन सेवा: २४ घण्टा | बहिरंग विभाग: १२ घण्टा<br>आपतकालिन सेवा: २४ घण्टा |
| सञ्चालन अवधिको लागि आवश्यक जनशक्ति संख्या | - | कूल जनशक्ति संख्याः १२७३ |
| अन्य सुबिधाहरु | | Radiation Therapy को लागि बंकरको सुबिधा पनि रहेको (कित्ता नं. १६७ तथा अतिरिक्त पर्किक)<br>क्षेत्रफलः ११५०.६३ वर्ग मि. |
| **पानीको श्रोत र आवश्यकता** | | |
| आवश्यक पानी | १२३००० लिटर दैनिक | १,७५,००० लिटर दैनिक |

| | | |
|---|---|---|
| श्रोत | बोरिङ्ग तथा टयांकरको पानी | बोरिङ्ग, मेलम्चीको पानी तथा टयांकरको पानी |
| **उर्जाको श्रोत** | | |
| मुख्य श्रोत | नेपाल विद्युत प्राधिकरणको प्रसारण लाइन | नेपाल विद्युत प्राधिकरणको प्रसारण लाइन |
| वैकल्पिक श्रोत | २ वटा जेनेरेटर (प्रत्यकको क्षमताः ५०० kVA) | २ वटा जेनेरेटर (प्रत्यकको क्षमताः १००० kVA ) |
| योजना निर्माण अवधि | - | ३ वर्ष |
| आयोजनको कूल लागत (ने.रु) | - | २७५ करोड |

## २.२.३ निर्माण सम्बन्धि योजना

यस आयोजनाको थप १०० शय्याको भवन निर्माणको अवधि ३६ महिना राखिएको थियो। हाल, भवन निर्माण कार्य भने पूरा भइसकेको छ। प्रारम्भिक कार्यहरूमा ग्राउन्ड र स्ट्रक्चर, साथै सिमेन्ट कंक्रीटको काम निर्माण व्यवसायीहरूद्वारा सम्पन्न गरिएको छ। सिभिल निर्माण कार्य अन्य व्यवसायीहरू मार्फत सम्पन्न भएको देखिन्छ।

## २.२.४ थप भवनको डिजाइन अवधारणा

- वस्ती विकास तथा शहरी योजना र भवन निर्माण सम्बन्धि आधारभूत निर्माण मार्गनिर्देश, २०७२, वस्ती विकास तथा शहरी योजना र भवन निर्माण सम्बन्धि आधारभूत निर्माण मापदण्ड, २०७२, र सुरक्षित भवन निर्माणका लागि राष्ट्रिय कार्ययोजना, २०७२ अनुसार, निम्नलिखित **Building Codes** पालना गरिएको छः
- **भवन कोडहरु** : NBC 206: Architectural Design Requirement, 2003 (updated 2015); NBC 110: Plain & Reinforced Concrete, 2003; NBC 114: Construction Safety, 2003; NBC 208: Sanitary and Plumbing Design Requirements, 2003; NBC 103: Occupancy Load (Imposed load), 2003; NBC 105: Seismic Design of Buildings in Nepal, 2003; NBC 205: Mandatory Rules of Thumb for RC Buildings without Masonry Infill, 2003 (updated in 2012 as NBC 205: Ready to use detailing for RC Buildings without Masonry Infill).
- **पूर्ण निर्माण स्थायित्व मार्गदर्शन**: आयोजनाको डिजाईन र निर्माणका लागि रा.भ.को. हरूको पालना गर्दै, ASHRAE Standard 189.1: Total Building Sustainability Guidance for Designing, Building and Operating High-performance Green Buildings को अनुसार वातावरणमैत्री भवनहरूको डिजाईन, निर्माण र अपरेटिङका लागि मार्गनिर्देशनलाई पालना

गरिएको छ। यसले स्थिरता, पानी र उर्जा प्रयोग, भवन भित्रको वायु गुणस्तर, र वातावरणीय प्रभावलाई सम्बोधन गरेको छ। जसले उर्जा पूनःचक्रण र वातावरणमैत्री पूर्वाधार स्थापना गरेको छ।

- **अस्पताल भवन निर्माण निर्देशिका**: यस निर्देशिकाले निर्दिष्ट गरे अनुसार १०० शय्या भन्दा बढीको अस्पताल बनाउँदा स्वास्थ्यजन्य फोहोरमैला व्यवस्थापनका लागि चाहिने अवयवहरु, जस्तैः श्रोतमा नै फोहोर छुट्टयाउने, सुरक्षित भण्डारण गर्ने, अटोक्लेभ गर्ने, सालखाल्डो बनाउने र भष्मिकरण (incinerate) गर्ने, आदि को परिकल्पना गरिएको छ।
- **वातावरण मैत्री अवधारणाको भवन निर्माण**: निर्माण स्थलको स्थिरता, पानी, उर्जा, फोहोर प्रबन्धन, कार्बनडाइअक्साइड उत्सर्जन, आकासे पानीको प्रयोग, डिजाइन अनुसारको groundwater recharge pit, नवीकरणीय उर्जा, भवन भित्रको वायु गुणस्तर, र अन्य वातावरणीय अवधारणाहरू पालना गरिएको छ।

### २.२.५ वातावरणमैत्री संरचना निर्माण

अस्पतालको नयाँ भवनमा फरक क्षमता भएका व्यक्तिहरूको सहज पहुँच सुनिश्चित गर्नका लागि अपाङ्गमैत्री शौचालय, र्याम्प, लिफ्ट प्लेटफार्म, सिंढीहरू, रेलिङ र बार, प्रवेशद्वार, कोरिडोर र विश्राम कक्षहरू निर्माण गरिएको छ। साथै, थप शय्याको लागि पनि पर्याप्त सङ्ख्यामा व्हीलचेयर उपलब्ध गरिनेछ, जसले प्रयोगकर्ताहरूको सुबिधा र पहुँच सुनिश्चित गर्नेछ।

### २.२.४ जग्गाको क्षेत्रफल

यस अस्पतालको थप भवन निर्माण गर्नको लागि कित्ता नं. (१५३, १५४, १५५, २०८४, ११२७ र ११२५) हरुको कूल ६०८४.२८ वर्ग मिटर जग्गा आवश्यक रहेको छ। उक्त जग्गा हाल प्रस्तावकको नाममा रहेको Radiation Therapy को लागि बंकरको सुबिधा पनि रहेको (कित्ता नं. १६७ तथा अतिरिक्त पर्किंक) छ जसको क्षेत्रफलः ११५०.६३ वर्ग मि. रहेको छ।

### २.२.५ आवश्यक जनशक्ति

यस आयोजनाको भवन निर्माण चरणमा प्रतिदिन ८० जना जनशक्ति आवश्यक परेको थियो। जसमा २५ जना दक्ष, २० जना अर्धदक्ष र ३५ जना अदक्ष कार्यरत थिए। निर्माण कार्य पूरा भइ सकेपछि, थप १०० शय्या सहित ३०० शय्याको अस्पताल सञ्चालन गर्नका लागि दक्ष, अर्धदक्ष र अदक्ष गरी कूल १२७३ जना जनशक्ति कार्यरत रहनेछन्। जसको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका २.२: अस्पतालको निर्माण तथा संचालन चरणमा आवश्यक पर्ने जनशक्तिको विवरण**

| क.स | कर्मचारी | संख्या |
|---|---|---|
| **संचालन चरण** | | |
| क. जनशक्ति | | |
| १. | Human Resource | १० |
| २. | प्रशासनिक | १० |
| ३. | Housekeeping | २०० |
| ४. | IVF center | १३ |
| ५. | सुरक्षा गार्ड | ४५ |
| ६. | खरिद | ४ |
| ७. | Norvic Skin Centre | २ |
| ८. | नर्स | ३७५ |
| ९. | चालक | ३० |
| १०. | Phisyotherapy | १२ |
| ११. | BME | ३० |
| १२. | रजिस्ट्रेसन | २५ |
| १३. | NICU | १० |
| १४. | आपतकालीन सेवा | ४० |
| १५. | फाइनान्स | १५ |
| १६. | Main Wing- OPD | १२५ |
| १७. | Digital Marketing | १८ |
| १८. | मेडिकल अधिकृत | ५० |
| १९. | Pathology | ४५ |
| २०. | IT | १० |
| २१. | CCTV | ८ |
| २२. | Critical Care | १६ |
| २३. | Medical Consultant | २५ |
| २४. | Asset Management | ५ |
| २५. | मर्मत सम्भार | २० |
| २६. | Project | ५ |
| २७. | Sales and Marketing | १० |
| २८. | Radiology | ६० |
| २९. | Anesthesia | १० |
| ३०. | Immigration Health Screening | २० |

| | | |
|---|---|---|
| ३१. | अन्य | ९ |
| ३२. | Medical Record | १० |
| ३३. | IPD Billing | १६ |
| ३४. | QMS | १० |
| | **कूल जम्मा** | **१२७३** |

*पुन्श्चः उल्लेखित संख्या ३०० शय्याको लागि प्रस्ताव गरिएको हो। बिरामीको चाप हेरी उक्त संख्यामा थपघट हुन सक्नेछ।*

## २.२.६ प्रयोग हुने उर्जा को किसिम (श्रोत, खपत हुने परिमाण)

अस्पतालमा राष्ट्रिय विद्युत प्रसारण लाइन मार्फत विद्युत आपूर्ति गरिनेछ। वैकल्पिक श्रोतको रुपमा, हाल २ वटा ५०० kVA क्षमता भएको डिजेल जेनेरेटर उपलब्ध छन्, भने स्तरोन्नति गर्दा २ वटा १००० kVA क्षमता भएको डिजेल जेनेरेटर राखिने छ।

## २.२.७ खानेपानी सम्बन्धि व्यवस्थापन

प्रस्तावित आयोजनालाई सञ्चालन चरणमा दैनिक १,७५,००० लिटर पानी आवश्यक हुने पर्ने देखिन्छ। जसमध्ये १,००,००० लि. भूमिगत पानीको प्रयोग गरिनेछ भने बाँकि पानी खानेपानी मेलम्चीको पानी तथा टयांकरको पानीबाट आपूर्ति गरिनेछ। आसपासका बस्तीहरूले हाल प्रयोग गरिरहेको भूमिगत पानीको स्तर ३०-३५ मिटर मुनिको रहेकोले, त्यस क्षेत्रको बस्तीमा कुनै असर नगर्नेगरी भूमिगत पानीको प्रयोग गरिनेछ। यसका साथै, आकाशे पानीको सङ्कलन गरी पिउने पानी बाहेक अन्य प्रयोजनका लागि प्रयोग गरिनेछ, र भूमिगत पानीलाई प्रशोधन गरी पिउनयोग्य बनाइनेछ। अस्पतालमा प्रयोग हुने प्रशोधित र अप्रशोधित पानीलाई आवश्यकता अनुसारको टंकीमा भण्डारण गरिनेछ। काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्डबाट मिति ०८१/११/१२ मा भूमिगत श्रोतको पानी निकाल्ने तथा उपभोग गर्ने सम्बन्धि अनुमति पत्र प्राप्त भएको थियो।

## २.३ प्रस्तावको उद्देश्य

संविधानले परिकल्पना गरे अनुसार स्वास्थ्यमा नागरिकको पहुँच सुनिश्चित गर्ने नीति अनुसार नेपाल सरकारले स्वास्थ्य क्षेत्रमा निजी क्षेत्रलाई पनि संलग्न गराई लगानी गर्न प्रोत्साहन गर्दै आएको छ। देशको राजधानीमा रहेको र तीव्र रुपमा जनसंख्या बढीरहेको यस काठमाडौं महानगरपालिकामा हाल उपलब्ध विभिन्न प्रकार र स्तरका स्वास्थ्य संस्थाहरुले बढ्दो स्वास्थ्य चुनौतीलाई सम्बोधन गर्न नसकिरहेको देखिन्छ। यहाँका स्वास्थ्य संस्थाहरुमा बिरामीहरुको चाप बढिरहेको छ। काठमाडौं उपत्यकामा स्वास्थ्यसँग सम्बन्धित सुबिधा सम्पन्न अस्पतालहरु हुँदाहुँदै पनि विशेषज्ञ सेवाको लागि नेपालबाट विदेश जाने प्रचलन रहेकोमा स्वदेश मै अत्याधुनिक स्वास्थ्य सेवा प्रदान गर्ने अस्पतालहरुको आवश्यकता रहेको यथार्थ पुष्टी गर्दछ। यस आयोजनाले काठमाडौं मात्र नभई

पुरै देशका विभिन्न स्थानहरुबाट आउने मानिसहरुको स्वास्थ्य उपचारमा टेवा पुर्याउनुका साथै स्थानीय अर्थतन्त्रमा पनि वृद्धि गर्दछ। प्रस्तावित थप १०० शय्या सहित अस्पतालको संचालन चरणमा दैनिक १००० जना बिरामीको प्रवाह आँकलन गरिएको छ।

## २.४ फोहोरमैला सम्बन्धि व्यवस्थापन

यस नर्भिक इन्टरनेसनल हस्पिटल एण्ड मेडिकल कलेजमा हाल २०० शय्या सहित अस्पताल सञ्चालन भइरहेको छ जसबाट दैनिक २९४.९४ के.जी. फोहोरमैला उत्सर्जन भइरहेको छ। यसको विस्तृत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ। यदि थप १०० शय्या सञ्चालनमा ल्याइन्छ भने, त्यस आधारमा उत्सर्जन हुने फोहोरको अनुमान १४७.४७ के.जी. हुनेछ। जसलाई तालिकामा स्पष्ट रूपमा उल्लेख गरिएको छ।

### तालिका २-२: संचालन चरणमा उत्सर्जन हुने फोहोरमैला

| क्र.श. | फोहोरको प्रकार | थप १०० शय्या संचालन गर्दा प्रति महिना उत्पादन हुने फोहोर (अनुमानित) (के.जी.) | हाल २०० शय्या अस्पताल संचालन गर्दा प्रति महिना उत्पादन हुने फोहोर (के.जी.) |
|---|---|---|---|
| **सामन्य फोहोर** | | | |
| १. | Bottles | १९.४७ | ३८.९४ |
| २. | कागज | १६.३७ | ३२.७४ |
| ३. | प्लास्टिक | ५.६२ | ११.२४ |
| ४. | कुहिने फोहोर | १२.२३ | २४.४६ |
| ५. | फुटेको सिसा | ५.२६ | १०.५२ |
| ६. | फलाम | ० | ० |
| | **जम्मा (१)** | **५८.९५** | **११७.९** |
| **संक्रमित फोहोर** | | | |
| १. | Infectious (cotton Gauge etc) | २०.०६ | ४०.१२ |
| २. | Syringe | ४.३४ | ८.६८ |
| ३. | फुटेको सिसा | १.०४ | २.०८ |
| ४. | धारिलो बस्तु | ०.७३ | १.४६ |
| ५. | Genotoxic glasses | ० | ० |
| ६. | Genotoxic IV bottles | ०.०७ | ०.१४ |
| ७. | Diapers | १३.२३ | २६.४६ |
| | **जम्मा (२)** | **३९.५** | **७८.९४** |
| **Municipal Landfill Waste** | | | |
| १. | Autoclave | २१.३१ | ४२.६२ |

| | | | |
|---|---|---|---|
| २. | कुहिने फोहोर | १२.२३ | २६.४६ |
| ३. | अन्य | १४.४८ | २८.९६ |
| | **जम्मा (३)** | **४९.०२** | **९८.०४** |
| | **जम्मा (१+२+३)** | **१४७.४७** | **२९४.९४** |

*(श्रोतः स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन, २०७६)*

## २.४.१ नर्भिक इन्टरनेसनल हस्पिटल एण्ड मेडिकल कलेजकमा फोहोर व्यवस्थापनको वर्तमान स्थिति

नर्भिक इन्टरनेसनल हस्पिटल एण्ड मेडिकल कलेज लिमिटेडले अस्पताल सञ्चालनको क्रममा उत्सर्जन हुने फोहोरलाई श्रोतमै वर्गीकरण गर्ने व्यवस्था गरेको छ। स्वास्थ्यजन्य फोहोरमैला व्यवस्थापन निर्दिशिका, २०७७ अनुसार, स्वाथ्यजन्य फोहोरमैला सङ्कलन गर्ने बाल्टिहरुमा लेबल लगाएर उत्सर्जन हुने विभिन्न प्रकारका फोहोरमैलालाई श्रोतमै वर्गीकृत गर्दै आएको छ। यस सम्बन्धि हाल लागू गरिएको अभ्यासहरूलाई तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका २-३ः वार्डहरूमा गरिने फोहोरमैलाको वर्गीकरण**

| गैर-जोखिमयुक्त फोहोर सङ्कलन क्षेत्र | फोहोरको प्रकार | जोखिमयुक्त फोहोरमैला सङ्कलन क्षेत्र | फोहोरमैलाको प्रकार |
|---|---|---|---|
| हरियो बाल्टिन | कुहिने र गल्ने बस्तु मात्र | रातो बाल्टिन | सर्जिकल, ड्रेसिङ्ग, कपास, गज, प्याड आदि |
| निलो बाल्टिन | पलास्टिक मात्र | पहेलो बाल्टिन- | रासायनिक फोहोर मात्र |
| गाढा निलो बाल्टिन | बोतल र क्यान मात्र | | |
| हरियो बाल्टिन | कागजजन्य फोहोर मात्र | | |

### फोहोरमैला ढुवानी र सङ्कलन प्रक्रिया

- गैर-जोखिमयुक्त र जोखिमयुक्त फोहोरमैलाहरू छुट्टाछुट्टै रूपमा डिजाइन गरिएका विशेष फोहोरमैला सङ्कलन ट्रलीहरू प्रयोग गरी सङ्कलन गरिनेछन्।
- फोहोरमैला सङ्कलन गर्नु अघि सबै झोलाहरूमा तिनीहरू उत्पादन भएको वार्ड वा स्थानको जानकारी दिने लेबल टाँसिने व्यवस्था गरिएको छ।

### वर्गीकृत फोहोरमैलाको उपचार

- जोखिमयुक्त फोहोरमैलाको उपचार: अटोक्लेव
- साइटोटक्सिक फोहोर: Sodium Hypochlorite) घोल प्रयोग गरेर नष्ट गरिन्छ
- प्याथोलोजिकल फोहोर: अटोक्लेव

**फोहोरमैला भण्डारणको समय सीमा**

- जाडो महिना (हिउँद) मा फोहोरलाई ४८ घण्टा भन्दा बढी भण्डारण नगरिने।
- गर्मी महिनामा (गर्मी) फोहोरलाई २४ घण्टा भन्दा बढी भण्डारण नगरिने।




**चित्र २-१: अस्पतालको फोहोरमैला व्यवस्थापन संरचना**

*श्रोत: नर्भिक अस्पतालको फोहोर व्यवस्थापन म्यानुल*

# परिच्छेद ३: प्रतिवेदन तयार गर्दा अपनाइएको विधि

यस नर्भिक इन्टरनेसनल हस्पिटल एण्ड मेडिकल कलेज लिमिटेडको पूरक वातावरणीय प्रभाव मूल्याङ्कन (SEIA) प्रतिवेदन तयार गर्न गर्नुपर्ने अध्ययन नेपाल सरकारको वातावरण संरक्षण ऐन २०७६ तथा नियमावली २०७७ ले निर्दिष्ट गरेको विधि, पद्धति र प्रक्रिया अनुसार गरिएको छ। प्रस्तावित आयोजनाको पूरक वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको लागि निम्नानुसारको विधिहरु अपनाएको थियो।

## ३.१ सम्बन्धित प्रकाशित वा अप्रकाशित सामग्री/प्रतिवेदन पुनरावलोकन

यस आयोजनाको आर्किटेकचरल तथा स्ट्रकचरल (Architectural and Structural map) नक्साहरुको अध्ययन तथा पुनरावलोकन गरिएको थियो। पूरक वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार गर्दा यस अस्पतालको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन र यस्तै प्रकारका आयोजनाको प्रभाव मूल्याङ्कन प्रतिवेदनहरु, विभिन्न प्रकाशित तथा अप्रकाशित श्रोतहरु (महानगरपालिकाको वस्तुगत विवरण, वडा प्रोफाइल, केन्द्रिय तथ्याङ्क विभागका प्रकाशन तथा अन्य सम्बन्धित क्षेत्रहरुबाट प्रकाशित प्रतिवेदनहरु) को समेत समीक्षा गरिएको थियो।

## ३.२ प्रस्तावको प्रभाव क्षेत्र निर्धारण

पूरक वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययनका लागि गरिएको प्रभाव क्षेत्र निर्धारणले आयोजनाको निर्माण तथा संचालन चरणमा आयोजना क्षेत्रमा पर्न सक्ने असरहरु मध्यनजर गर्दै प्रत्यक्ष तथा अप्रत्यक्ष प्रभाव क्षेत्र निर्धारण गरेको थियो।

- **प्रत्यक्ष प्रभाव क्षेत्र**: अस्पताल संचालन हुने स्थानबाट १०० मि. परिधि भित्रको क्षेत्रलाई प्रत्यक्ष प्रभाव क्षेत्रको रुपमा निर्धारण गरिएको छ। आयोजनाको निर्माण र संचालन क्रियाकलापले यस क्षेत्रको भौतिक, रासायनिक, जैविक र सामाजिक-आर्थिक तथा साँस्कृतिक वातावरणलाई प्रत्यक्ष रुपमा प्रभाव पार्ने गर्दछ।
- **अप्रत्यक्ष प्रभाव क्षेत्र**: प्रत्यक्ष प्रभावित क्षेत्रभन्दा बाहिर ५०० मि. सम्मको क्षेत्रलाई अप्रत्यक्ष प्रभावित क्षेत्रको रुपमा लिइएको छ। आयोजनाको निर्माण तथा संचालनले यस क्षेत्रमा पानीको आपूर्ति, ऊर्जा आपूर्ति, फोहोरमैला व्यवस्थापन, बजारको व्यवस्थापन आदिलाई प्रभाव पार्ने हुनाले ५०० मि. क्षेत्रलाई अप्रत्यक्ष प्रभाव क्षेत्रका रुपमा लिइएको छ।




**चित्र ३-१: आयोजनाको प्रभाव क्षेत्र निर्धारण नक्शा**

## ३.३ प्रस्ताव कार्यान्वयन हुने क्षेत्रको नक्साको अध्ययन तथा विश्लेषण

आयोजना स्थलको भू-गर्भ, माटो, भू-क्षय, जमिनको स्थायित्व, जलवायु, जमिनको आकृति, भूकम्पीय जोखिम, जलधार क्षेत्रको तथ्याङ्क सङ्कलन गर्नको लागि नेपाल सरकार नापी विभागबाट प्रकाशित १:२५००० टोपोग्रफिफ नक्शा, स्थालाकृत नक्शा, भूमि प्रयोग नक्शा, खानी तथा भू-गर्भ विभागबाट प्रकाशित नक्सा जस्ता विभिन्न नक्शाहरुको समीक्षा गरिएको थियो।

## ३.४ स्थलगत अध्ययन तथा तथ्याङ्क सङ्कलन विधि

आयोजनाको स्थलगत अध्ययन कार्य गर्दा अध्ययन टोलीद्वारा मिति २०८१/०९/२० देखि २०८१/०९/२१ सम्म आयोजना स्थलमा स्थलगत अध्ययन गरिएको थियो। स्थलगत अध्ययनको क्रममा भौतिक, रसायनिक, जैविक र सामाजिक, आर्थिक तथा सांस्कृतिक वातावरण सम्बन्धि तथ्याङ्कहरु सङ्कलन गरिएको थियो।

### ३.४.१ भौतिक वातावरण

यस आयोजनाको पूरक वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन गर्दा भौतिक वातावरणसँग सम्बन्धित तथ्याङ्क सङ्कलन गरिएको थियो, जुन विधि तल तालिकामा देखाईएको छ।

**तालिका ३-१ः भौतिक वातावरणसँग सम्बन्धित तथ्याङ्क सङ्कलन गरिएको विधि**

| अवयव | आवश्यक तथ्याङ्क | तथ्याङ्क सङ्कलन विधि | स्थान |
|---|---|---|---|
| वायुको गुणस्तर | वायू प्रदूषण | Low Volume Sampler द्वारा मापन | आयोजना क्षेत्र |
| ध्वनि | ध्वनि स्तर | Sound Level Meter द्वारा मापन | आयोजना क्षेत्र |
| पानीको गुणस्तर | पानीको गुणस्तर | आयोजनामा प्रयोग बोरिंगको पानी | आयोजना क्षेत्र |
| भौगर्भिक अवस्था र माटो | भौगर्भिक अध्ययन, माटोका प्रकार | नेपालको भौगर्भिक नक्शा, GIS विश्लेषण, माटो परिक्षणको प्रतिवेदन | आयोजना क्षेत्र |
| भूमि प्रयोग | भूमि सम्बन्धि अध्ययन, भूमिको प्रयोग | दृश्य निरीक्षण, GIS विश्लेषण, नापी विभागबाट प्रकाशित भू-सतह नक्शा | आयोजना क्षेत्र |
| भूकम्पीय जोखिम | भूकम्पीय जोखिम | GIS विश्लेषण, sesmic hazard assessment map | आयोजना प्रभावित क्षेत्र र जिल्ला |
| मौसम र जल विज्ञान | मौसम विज्ञान, जलाधार | en-climaticdata.org द्वारा प्रकाशित डाटा | आयोजना क्षेत्र |

*श्रोतः स्थलगत भ्रमण, २०८१*

### ३.४.२ जैविक वातावरण

प्रस्तावित आयोजना क्षेत्र एक आवासीय क्षेत्र भएकाले, सो क्षेत्रको वरिपरी कुनै पनि वन क्षेत्र वा पारिस्थितिक रूपमा संवेदनशील क्षेत्रहरु छैन। त्यसै कारणले जैविक वातावरणमा प्रभाव कम पर्ने देखिन्छ। यद्यपि, त्यहाँ केही वनस्पति प्रजातिहरू र चराहरू पाइन्छन्। स्थलगत भ्रमणद्वारा आयोजना क्षेत्र वरपर रहेका वनस्पति र चराचुरुङ्गीहरुको जानकारी र तिनीहरुको संरक्षणको अवस्थाको तथ्याङ्क सङ्कलन गरिएको थियो।

### ३.४.३ सामाजिक आर्थिक तथा साँस्कृतिक वातावरण

आयोजना क्षेत्रको सामाजिक, आर्थिकतथा साँस्कृतिक अवस्था, जनसंख्या, जातजाति,धर्म-सांस्कृति, बजार, आयआर्जन, ऊर्जा, धार्मिक स्थल, पर्यटकीय स्थल, शिक्षा, स्वास्थ्य, खानेपानी, राष्ट्रिय

जनगणना, २०७८ तथा स्थलगत अध्ययन, २०८१ द्वारा सङ्कलन गरिएको थियो। सामाजिक आर्थिक तथा साँस्कृतिक वातावरणको जानकारी सङ्कलन गर्न निम्न विधि अपनाइएको थियो।

- राष्ट्रिय जनगणना, २०७८
- स्थलगत सर्वेक्षण
- मुख्य जानकार व्यक्तिसँग अन्तर्वार्ता (KII)
- लक्षित समूह छलफल (FGD)

## ३.५ तथ्याङ्क विश्लेषण

### ३.५.१ भौतिक वातावरण

यस पूरक वा.प्र.मू अध्ययन टोलीले स्थलगत अध्ययनबाट सङ्कलन गरिएका तथ्याङ्कहरुलाई विभिन्न प्रविधि जस्तै Arc GIS, Auto CAD, Google Earth आदि प्रयोग गरी विश्लेषण गरिएको थियो। यसरी बनाईएको आवश्यक नक्शा तथा जानकारी यस प्रतिवेदनमा प्रस्तुत गरिएको छ। सकारात्मक र नकारात्मक प्रभावहरुको आंकलन गरेर नकारात्मक प्रभावहरु कम गर्न उचित प्रभाव न्यूनीकरणका उपायहरुको प्रस्ताव गरिएको छ।

### ३.५.२ सामाजिक आर्थिक तथा सांस्कृतिक वातावरण

आयोजना प्रभावित वडाको राष्ट्रिय जनगणना, २०७८ तथा स्थलगत अध्ययनद्वारा संकलित तथ्याङ्क सम्बन्धित बिषय विज्ञहरुद्वारा आवश्यक सफ्टवेयर (MS office, excel word, Arc GIS) प्रयोग गरी सम्पादन र विश्लेषण गरिएको छ। त्यसरी विश्लेषण गरिएको तथ्याङ्कहरुलाई व्याख्या गरेर प्रतिवेदनको उपयुक्त स्थानमा प्रस्तुत गरिएको छ।

## ३.६ प्रभावहरुको पहिचान, आंकलन र मूल्याङ्कन

प्रभावहरुको पहिचान ,आकंलन र मूल्याङ्कन गर्न निम्न विधिहरु प्रयोग गरिएको छ।

### ३.६.१ प्रभावहरुको पहिचान

आयोजनाको सञ्चालन चरणमा पर्न सक्ने सम्भावित भौतिक, रसायनिक, जैविक तथा सामाजिक-आर्थिक तथा सांस्कृतिक प्रभावहरूको पहिचान म्याट्रिक्स विधिको प्रयोगमार्फत गरिएको थियो। प्रभाव मूल्याङ्कन गर्दा वातावरणमा पर्न सक्ने प्रभावहरूको परिमाण, भौगोलिक सीमा र समयावधिको आधारमा वर्गीकरण तथा स्कोरिङ प्रणाली अपनाइएको थियो। परिमाणको मूल्याङ्कन उच्च (६०), मध्यम (२०) र न्यून (१०), सीमा निर्धारण क्षेत्रीय (६०), स्थानीय (२०) र स्थलगत (१०), तथा प्रभावको अवधि दीर्घकालीन (२०), मध्यमकालीन (१०) र अल्पकालीन (५) रूपमा गरिएको थियो। संख्यात्मक मापनको अधिकतम स्कोर १४० र न्यूनतम स्कोर २५ निर्धारण गरिएको थियो, जसको आधारमा प्रभावहरूको गुरुत्व को पहिचान गरिएको हो।सोही आधारमा सम्भावित

वातावरणीय प्रभावहरू विश्लेषण गरी तिनीहरूको न्यूनिकरणका लागि आवश्यक उपायहरू प्रस्ताव गरिएको थियो।

**तालिका ३-२: प्रभावहरुको पहिचानको संख्यात्मक मापनसहित गरिएको प्रावधान**

| परिमाण | मापन | सीमा | मापन | अवधि | मापन |
|---|---|---|---|---|---|
| उच्च | ६० | क्षेत्रीय | ६० | >२० वर्ष दीर्घकालीन | २० |
| मध्यम | २० | स्थानीय | २० | >३≤२० वर्ष मध्यकालीन | १० |
| निम्न | १० | स्थलगत | १० | ≥३ वर्ष अल्पकालीन | ०५ |

*श्रोतः National EIA Guidelines, 1993*

### ३.६.२ प्रभावहरुको आँकलन

विज्ञहरूको अघिल्लो आयोजनाहरुमा प्राप्त ज्ञान र अनुभवको प्रयोग गर्दै विश्लेषणात्मक निर्णयहरुको आधारमा प्रभावहरुको आँकलन गरिएको थियो।

### ३.६.३ प्रभावहरुको मूल्याङ्कन

यस आयोजनाका कारण पर्ने प्रभावहरुको मूल्याङ्कन गर्न तालिका ३.३ मा दिइएको परिमाण, सीमा र अवधिको संचयी संख्यात्मक परिमाणको आधारमा गरिएको छ। संचयी परिमाण ४५ अंकभन्दा कम भएमा त्यस्ता प्रभावहरु महत्वहीन मानिनेछ भने ४५ देखि ७५ अंक सम्म संचयी परिमाण आएमा सो प्रभावहरुलाई महत्वपूर्ण/ मध्यम प्रभाव मानिएको छ। यस्तैगरी ७५ भन्दा माथिको परिमाण पाउने प्रभावहरुलाई तालिकामा व्यवस्था गरिए अनुसार अत्याधिक महत्वपूर्ण प्रभावको रुपमा लिइएको छ।

**तालिका ३-३: संचयी परिमाणको आधारमा प्रभावहरुको मूल्याङ्कन**

| क्र.स. | संचयी परिमाण | मूल्याङ्कन |
|---|---|---|
| १ | <४५ | महत्वहीन |
| २ | ४५-७५ | महत्वपूर्ण / मध्यम |
| ३ | >७५ | अत्यधिक महत्वपूर्ण |

*श्रोत :National EIA Guidelines, 1993*

## ३.७ मस्यौदा प्रतिवेदनको तयारी

वातावरण संरक्षण नियमावलीको नियम ७ अनुसारका सम्पूर्ण प्रक्रिया पूरा गरी यस पूरक वातावरणीय प्रभाव मूल्याङ्कनको मस्यौदा प्रतिवेदन तयार गरिएको छ।

## ३.८ सार्वजनिक परामर्श, छलफल, तथा सार्वजनिक सुनुवाई

### ३.८.१ सार्वजनिक परामर्श/छलफल

पूरक वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययनको प्रक्रिया अन्तर्गत आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दा तथा सरोकारवाला निकायको प्रतिनिधिहरूको सक्रिय सहभागिता सुनिश्चित गर्न सार्वजनिक परामर्श तथा छलफल कार्यक्रमहरू सञ्चालन गरिएको थियो। सार्वजनिक सुनुवाईमा आयोजना सम्बन्धि जानकारी प्रस्तुत गर्नुका साथै स्थानीय समुदायका व्यक्तिहरुका विचार, सुझाब, अनुभव तथा सम्भावित प्रभावहरू प्रति उनीहरूको धारणा सङ्कलन गरिएको थियो। साथै, लक्षित समूह छलफल तथा प्रमुख जानकार व्यक्तिहरूसँगको अन्तरवार्ता समेत गरिएको थियो, जसमा स्थानीयसँग छलफल कहाँ र कहिले गरियो भनि तल तालिकामा प्रसतुत गरिएको छ।

**तालिका ३-४: स्थानीय सरोकारवालाहरूसँग गरिएको छलफलको विवरण**

| मिति | स्थान | छलफलको किसिम | सहभागिता | | |
|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | जम्मा |
| २०८१/१२/०६ | परोपकार प्रसूति तथा स्त्रीरोग अस्पताल नजिक | सामुहिक छलफल | ३ | ११ | १४ |
| २०८१/१२/०७ | वनस्पति विभाग नजिक | सामुहिक छलफल | ३ | १२ | १५ |

*श्रोतः स्थलगत अध्ययन, २०८१*

### ३.८.२ सार्वजनिक सुनुवाई

वातावरण संरक्षण नियमावली, २०७७ को नियम ६ बमोजिम प्रस्तावित आयोजना सम्बन्धि सार्वजनिक सुनुवाइ कार्यक्रमको सूचना मिति २०८२/१०/२१ गते जन सबाल दैनिक पत्रिकामा प्रकाशित गरिएको थियो (अनुसुची ३)। प्रस्तावित आयोजनाको दोश्रो पटक सार्वजनिक सुनुवाई मिति २०८२/१०/२३ गते, दिउँसो १:०० बजे, काठमाडौं महानगरपालिका वडा नं. ११ स्थित नर्भिक इन्टरनेसनल हस्पिटल परिसरमा सञ्चालन गरिएको हो। सार्वजनिक सुनुवाई कार्यक्रममा प्रभावित क्षेत्रका स्थानीयवासीहरु, प्रस्तावकको तर्फबाट प्रतिनिधिहरु, परामर्शदाताको तर्फबाट अध्ययन टोलीका सदस्यहरु, स्थानीय तहका जनप्रतिनिधि तथा सरोकारवाला निकायहरूका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो (अनुसुची ५)।



**चित्र ३-२: सार्वजनिक सुनुवाइको क्रममा खिचिएको तस्बिर**



**चित्र ३-३: सार्वजनिक सुनुवाई संचालन हुँदै गरेको दृश्य**



**चित्र ३-४: सूचना टाँस गर्ने कार्यको क्रममा लिइएको तस्बिर**

## ३.९ सात दिने सूचना प्रकाशन र मुचुल्का सङ्कलन

सार्वजनिक सुनुवाईपछि, वातावरण संरक्षण नियमावली, २०७७ को दफा ७ (२) बमोजिम, प्रतिवेदन तयार गर्दा प्रस्तावकले प्रस्ताव कार्यान्वयन हुने स्थानीय तह र त्यस क्षेत्रमा रहेका सम्बन्धित सरोकारवाला निकाय, व्यक्ति वा संस्थालाई वातावरणीय प्रभावका बारेमा सात दिनभित्र लिखित राय सुझाव उपलब्ध गराउनुपर्ने प्रावधान रहेको छ। यस अनुसार मिति २०८२/१०/२७ गते दोश्रो पटक जन सबाल राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गरिएको थियो (अनुसूची ६)। साथै, प्रभावित स्थानीय तहको कार्यालयमा सो सूचना टाँस गरी मिति २०८२/१०/२६ सोको मुचुल्का सङ्कलन समेत गरिएको थियो (अनुसूची ७)।

## ३.१० मस्यौदा प्रतिवेदन तयारी

वातावरण संरक्षण नियमावली, २०७७ को पालन गर्दै र वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका, २०५० मा आधारित भएर व्याख्या गरिएका विभिन्न सवालहरूको विश्लेषण गरी मस्यौदा पूरक वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार गरिएको छ।

## ३.११ सिफारिस पत्र

वातावरण संरक्षण नियमावली, २०७७ को अनुसूची १४ मा व्यवस्था भए बमोजिम आयोजना प्रभावित वडा कार्यालयबाट राय सुझाव सहितको सिफारिस पत्र प्राप्त गरिएको थियो र उक्त सिफारिस पत्र अनुसूची ८ संलग्न गरिएको छ।

# परिच्छेद ४: प्रतिवेदन तयार गर्दा अध्ययन गरिएका नीति, ऐन, नियम, निर्देशिका, कार्यविधि र अन्तर्राष्ट्रिय सन्धि सम्झौता

आयोजनासँग आर्कषित हुने नीति, ऐन, नियम, निर्देशिका, कार्यविधि र अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरु तलको तालिकामा प्रस्तुत गरिएको छ।

| | |
|---|---|
| **नेपालको संविधान** | |
| **नेपालको संविधान** | **भाग ३, धारा ३०** नेपालको संविधानले समग्र राष्ट्रको सन्तुलित विकासका लागि आर्थिक लगानीको समान वितरण गर्दै सबै क्षेत्रका जनतालाई शिक्षा, स्वास्थ्य, आवास तथा रोजगारी जस्ता पूर्वाधारको विकास मार्फत जनताको जीवनस्तर वृद्धि गर्ने नीति लिएको छ। संविधानको धारा ३० ले नेपाली जनताको स्वच्छ तथा स्वस्थ वातावरणमा बाँच्न पाउने अधिकार सुनिश्चित गर्दै वातावरणीय प्रदूषण वा क्षयीकरणबाट क्षति पुग्ने पीडितलाई कानुन सम्मत ढंगले क्षतिपूर्ति पाउने अधिकार समेत गरेको छ।<br>**धारा ३५**: स्वास्थ्य सम्बन्धि हकको व्यवस्था सहित ३५(२) मा नागरिकले आफ्नो उपचार को बारेमा सहि सूचना पाउनुपर्ने व्यवस्था गरेको छ । |
| **योजना, नीति, रणनीति** | |
| सोह्रौं योजना, (२०८१/८२ - २०८५/८६ ) | खण्ड १.५.२. (७.३): योजनाले स्वास्थ्य, शिक्षा, रोजगारी, आवास, सुरक्षा र सामाजिक सेवामा समान पहुँच सुनिश्चित गर्ने लक्ष्य राखेको छ । यस योजनाले स्वास्थ्य सेवामा समानता र न्याय कायम गर्ने उद्देश्य राख्दै सबै नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच को व्यवस्था गरेको छ । |
| राष्ट्रिय स्वास्थ्य क्षेत्र रणनीति कार्यान्वयन योजना, २०७२-२०७७ | **रणनीति (४.४)**: नागरिकलाई स्वस्थ्य बनाउन राज्यले जनस्वास्थ्य प्रणालीलाई सुदृढ बनाउँदै यस क्षेत्रमा लगानी बृद्धि गर्न विशेष प्राथमिकता दिने;<br>**रणनीति (४.६)**: स्वास्थ्य सेवालाई सर्वसुलभ र गुणस्तरिय बनाउन तथा प्रमाणमा आधारित योजना बनाउन स्वास्थ्य अनुसन्धानमा जोड दिने। |
| दिगो विकासका लक्ष्य (सन् २०१५ -२०३०) | स्वस्थ जीवन सुनिश्चित गर्न आकांक्षा राख्छ रसबै उमेरका सबै मानिसहरूको लागि कल्याणलाई बढावा दिनलक्ष्य (३) अनुसार : मातृ मृत्यु अनुपात (MMR)लाई कम गर्ने, नवजात शिशुहरूलाई Human Immunodeficiency Virus (HIV), टीबी, मलेरिया, अन्य tropical रोगहरू र पानीबाट हुने रोगहरूबाट हुने संक्रमणलाई १ % भन्दा कमको दरमा कायम गर्ने। |
| सुरक्षित भवन निर्माण कार्यको लागि राष्ट्रिय योजना, २०७२ | भुकम्प आगलागी तथा अन्य दैवीक प्रकोपहरुबाट भवनहरुलाई यथासम्भव सुरक्षित राख्नको भवन निर्माण कार्यलाई नियमित गर्ने सम्बन्धमा व्यवस्था गर्ने। |

| | |
|---|---|
| राष्ट्रिय वातावरण नीति, २०७६ | **खण्ड ६**: प्रदूषण नियन्त्रण, फोहर मैला व्यवस्थापन र हरियाली प्रबर्धन गर्ने नीति।<br>**खण्ड ८**: वातावरणीय प्रदूषण नियन्त्रण र न्यूनीकरण गर्ने नीति: उद्योग (अस्पताल)को संचालनमा वातावरण मैत्री प्रविधिको प्रयोगलाई प्रोत्साहन गरिनु पर्ने; उत्पादनमा भएका हानिकारक रसायनहरुलाई नियमन तथा नियन्त्रण गर्नु पर्ने; उद्योग (अस्पताल)बाट निष्काशन हुने प्रदूषणयुक्त धुँवा, धूलो, पानीलाई व्यवस्थित गर्न वातावरण मैत्री प्रविधि अपनाउनु पर्ने ; नदीको स्वच्छता कायम राख्न प्रदूषित पानी, ढल र फोहोरमैलालाई नदीमा मिसाउने कार्य नियन्त्रण गरिनु पर्ने । |
| राष्ट्रिय शहरी नीति २०६४ | **खण्ड ३.२.६**: प्राकृतिक स्रोत तथा परम्परागत भौतिक संरचनाको संरक्षण र सोको दिगो पर्योगद्वारा सन्तुलित नगर तथा टोलको विकास गर्ने । |
| | **खण्ड ३.२.७**: शहरी क्रियाकलापको सञ्चालन तथा परिचालनमा बातावरण संरक्षणको बिषयलाई प्रथामिकता दिई स्वास्थ्य शहरको विकास गर्ने । |
| | **खण्ड ४.१.६**: निजी लगानीकर्ताको भौतिक सुरक्षा वा लगानी सुरक्षाक लागि आवश्यक ब्यवास्था गर्ने । |
| | **खण्ड ४.२.७**: शहरी क्रियाकलापको सञ्चालन तथा प्राकृतिक स्रोतको परिचालनमा वातावरण संरक्षणकोसारक बिषयलाई प्राथमिकतादिई स्वास्थ्य शहरको विकास गर्न । स्थानीय नीकायेले भौतिक विकास गर्दा अनिवार्य रुपमा वातावरण तथा सामाजिक प्राभाव मूल्यांङ्कन व्यव्स्था लागु गर्ने । |
| राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६ | **खण्ड ८.५**: उद्योग (अस्पताल)ले हरितगृह ग्याँस उत्सर्जन हुने मुख्य बिन्दु र कारकहरू पहिचान गरी न्यूनीकरणका लागि मापदण्डहरु बनाई लागू गर्नु पर्ने; विद्युतीय सवारीको साधनको प्रयोगलाई प्रोत्साहन गर्नु पर्ने।<br>**खण्ड (८.७)**: जलवायु परिवर्तनका कारणले हुने प्रकोपले मानव स्वास्थ्य मा पर्ने नकारात्मक प्रभावलाई कम गरि स्वस्थ वातावरण सिर्जना गर्न जोड । |
| राष्ट्रिय स्वास्थ्य नीति, २०७६ | **उद्धेश्य ५.६.१**: संविधान प्रदत्त स्वास्थ्य सम्बन्धि हक सबैनागरीकलेउपभोग गर्न पाउनेअवसर सिर्जना गर्नु;<br>**उद्धेश्य ५.६.३**: सबै तहका स्वास्थ्य संस्थाहरूबाट प्रदान गरिने सेवाको गुणस्तर मा सुधार गर्दै सहज पहुँच सुनिश्चित गर्नु;<br>**नीति ६.५.**: स्वास्थ्यमा सर्वव्यापी पहुँच (Universal Health Coverage) को अवधारणा अनुरुप प्रवर्धनात्मक, प्रतिकारात्मक, उपरचारात्मक, पुनर्स्थापनात्मक सेवालाई एकिकृत रुपमा विकास र विस्तार गर्नु;<br>**नीति ६.६.**: स्वास्थ्य क्षेत्रमा सरकारी, निजी, गैर-सरकारी क्षेत्रबीचको सहकार्य तथा साझेदारीलाई प्रबर्धन,व्यवस्थापन तथा नियमित गर्नुका साथै स्वास्थ्य शिक्षा, सेवा र अनसुन्धानका क्षेत्रमानिजी, आन्तरिक तथा बाह्य लगानीलाई प्रोत्साहन एवं संरक्षण गर्नु; |

| | |
|---|---|
| | **नीति ६.१८.** अस्पताल लागौयत सबैप्रकारका स्वास्थ्य संस्थाबाट प्रदान गरिने सेवाको गुणस्तर सुनिश्चित गर्नु । |
| राष्ट्रिय व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य नीति,२०७६ | सुरक्षित तथा स्वस्थ कार्य वातावारणमा काम गर्न पाउने श्रमिकको अधिकार सुनिश्चित एवं उत्पादकत्व अभिवृद्धि गर्ने दुरदृष्टि सहित तयार गरिएको यस नीतिले व्यबसायजन्य सुरक्षा र स्वास्थ्य को मापदण्ड र उपायहरुको अवलम्बन एवं अभ्यास गर्दै सुरक्षित कार्यस्थल सुनिश्चित गर्ने लक्ष राखेको छ।<br>**नीति (१):** कार्यस्थलमा विद्यमान जोखिम तथा व्यवसायजन्य रोग सम्बन्धि मापदण्ड, आचारसंहिता तथा निर्देशिका तयार गरी लागू गरिनु पर्ने। मेसिन औजारको सुरक्षित संचालन गर्न आवश्यक कार्यविधि र आचार संहिता तर्जुमा गरी लागू गरिनु पर्ने;<br>**नीति(२):** सुरक्षित तथा स्वस्थ्य कार्यस्थलका लागि नियमन तथा प्रोत्साहन गर्ने। |
| राष्ट्रिय स्वास्थ्य प्रयोगशाला नीति, २०६९ | **नीति(८.३):** प्रयोगशालाको भौतिक पूर्वाधार, उपकरण आपूर्ती, मर्मत संभारको सुदृढीकरण गर्ने;<br>**नीति (८.७):** वातावरणीय सुरक्षा तथा प्रयोगशालाबाट निस्किएका फोहरजन्य बस्तुहरुलाई उपयुक्त व्यवस्थापनगर्ने ;<br>**नीति (८.१२):** नेपाल सरकारले तोके बमोजिम प्रयोगशाला सेवामा लैङ्गिकसमानता र सामाजिक समावेशीकरणको बिषयलाईसम्बोधन गर्नुका साथै विपन्न नागरिकलाई प्रयोगशाला परिक्षण सेवामा सहुलियत दिने व्यवस्थागर्ने। |
| विपद जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५ | **नीति(२):** विपद् जोखिमबाट सुरक्षित, जलवायु अनुकुलित तथा उत्थानशील राष्ट्र निर्माण गर्दै दिगो विकासमा योगदानगर्ने;<br>**नीति (३):** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका क्रियाकलापहरुलाई सन्तुलित रुपमा कार्यान्वयन गर्ने। |
| राष्ट्रिय भू-उपयोग नीति, २०७५ | सार्बजनिक महत्वका आयोजना को लागि आवश्यक पर्ने जग्गा मौजुदा कानुन अनुसार प्राप्त गर्न सकिनेछ । निजी प्रयोजनको जग्गाको हकमा क्षति पूर्ति दिएर प्राप्त गर्नु पर्नेछ । साथै, आयोजना संचालन गर्दा वन, वस्ती, धार्मिक, ऐतिहासिक, सांस्कृतिक, पुरातात्विक दृष्टिले महत्वपूर्ण स्थलमा न्युनतम असर पर्ने गरि गर्नु पर्नेछ । |
| राष्ट्रिय रोजगार नीति, २०७१ | **नीति (१०.१६):** स्थानीय श्रममा आधारित उद्योगहरु (अस्पताल)को स्थापना गराई प्रोत्साहन गर्ने। |
| श्रम र रोजगार नीति, २०६२ | **नीति (३.२.७) :** रोजगारीको क्षेत्रमा देखापर्ने लैंगिक, क्षेत्रगत, जातिगत वा अन्य कुनै पनि प्रकारको भेदभावलाई क्रमशः हटाउँदै लैजान कार्यक्रमहरू सञ्चालन गर्ने;<br>**नीति (३.२.११):** समान कामको लागि समान पारिश्रमिकको प्रत्याभूति गर्ने। |

| | |
|---|---|
| नेपाल स्वास्थ्य अनुसन्धान रणनीति, २०७६ | **रणनीति १२ (३, ४ र ५ )**: स्वास्थ्य अनुसन्धानलाई विश्वसनीय र गुणस्तरीय वनाउन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मुल्य मान्यता तथा मापदण्डहरूलाई अवलम्बन गरी स्वास्थ्य अनुसन्धानहरूलाई प्रभावकारी अनुगमन, मूल्याङ्कनर नियमनको व्यवस्था गर्ने ; स्वास्थ्य अनुसन्धान संस्कृति, नवीनतम ज्ञान,सिप र प्रविधिको विकासलई प्रवद्र्धन तथा प्रोत्साहन गर्ने । |
| स्वास्थ्य क्षेत्र लैङ्गिक समानता र सामाजिक समावेशीकरण रणनीति, २०६६ | **रणनीति ३**: सेवा प्रदायकको क्षमता अभिवृद्धि गरि अधिकारमा आधारित पद्धति अनुसार लक्षित वर्गको स्वास्थ्य सेवामा समतामूलक पहुँचर उपभोगको सुनिश्चित गर्ने;<br>**रणनीति** ४: लक्षित वर्गलाई समतामूलक किसिमले आधारभूत स्वास्थ्य सेवा प्रदान गर्नमा स्वास्थ्य सेवा प्रदायकको क्षमतामा अभिवृद्धि गर्ने तथा सेवाग्राहीप्रति उत्तरदायी वनाउने । |
| **ऐन** | |
| वातावरण संरक्षण ऐन, २०७६ | **दफा ३**: वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नु पर्ने तथा उपदफा २ मा यस्तो प्रतिवेदन स्वीकृति को लागि पेश गरिने निकाय र उपदफा ४ मा सार्वजनिक सुनुवाई बारे उल्लेख;<br>**दफा** ४: विकल्प विश्लेषण, दफा ५ मा क्षेत्र निर्धारण तथा कार्यसूची सम्बन्धि व्यवस्था,<br>**दफा** ६: मापदण्ड एवं गुणस्तर कायम;<br>**दफा** ११: पुरक वातावरणीय प्रभाव मुल्यांकन;<br>**दफा १२**: वातावरणीय परिक्षण सम्बन्धि व्यवस्था<br>**दफा १३**: निर्धारित मापदण्ड विपरित कसैले पनि जनजीवन तथा वातावरणमा नकारात्मक प्रभाव पर्ने गरी प्रदूषण निष्काशन गर्न नपाउने। |
| स्वास्थ्य संस्था स्थापना, संचालन, नवीकरण तथा स्तरोन्नति ऐन, २०७६ (संशोधन २०८०) (बागमती प्रदेश) | **दफा 9 को उपदफा 1**: स्वास्थ्य संस्थाले आफूले सेवा सञ्चालन गर्न अनुमति पाएको सेवाका अतिरिक्त थप सेवा विस्तार गर्न वा शाखा स्थापना गरी सेवा सञ्चालन गर्न चाहेमा तोकिए बमोजिमको प्रक्रिया पुरा गरी मन्त्रालयमा अनुमतिको लागि निवेदन दिनुपर्नेछ।<br>**दफा 21**: यस ऐन बमोजिम स्थापना हुने निजी, गैरसरकारी, सहकारी, सामुदायिक अस्पतालहरू, शिक्षण अस्पताल तथा नर्सिङ होमहरूले विपन्न, असहाय, बेवारिसे ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा एकल महिला बिरामीहरूलाई कूल स्वीकृत शैय्या संख्याको दश प्रतिशत शैय्यामा निःशुल्क उपचार सेवा प्रदान गर्नुपर्ने छ।<br>**दफा 2६**: स्वीकृति नलिई संचालन भएका स्वास्थ्य संस्थाहरूलाई प्रदेश सरकारले कुनै पनि बखत बन्द गर्न सक्नेछ र यसरी संचालन गर्ने व्यक्ति वा निजी संस्था |

| | |
|---|---|
| | संचालक वा संचालक समिति वा सहकारी संस्थाका संचालकहरूलाई गैरकानुनी आर्जन गरेको रकम एकिन गरी सो बराबरको जरिवाना गरिनेछ । उक्त रकम सरकारी बाँकी सरह असुल उपर गरिनेछ। |
| बागमती प्रदेश वातावरण संरक्षण ऐन, २०७७ | **दफा ५:** वातावरणमा पर्न सक्ने नकारात्मक प्रभाव र त्यसको न्युनिकरणको लागि उपनाउन सक्ने बिभिन् विकल्पको बिश्लेषण गरि त्यस्ता विकल्प कारण सहित सिफारिस गर्नु पर्छ।<br>**दफा १२, उपदफा २:** वातावारणमा उलेखनीय नकारात्मक प्रभाव पार्ने गरी वा जनजीवन र जनस्वास्थ्यका लागि खतरा हुनसक्ने किसिमले प्रदूषण शृजना गर्न वा प्रचलित कानुन वा प्रदेश सरकारबाट निर्धारित मापदण्ड बिपरित कुनै यान्त्रिक साधन,विधुतीय यान्त्रिक साधन,औधोगिक प्रतिष्ठान वा अन्य ठाउँबाट ध्वनी,ताप, रेडियोधर्मी विकिरण तथा फोहरमैला निष्कासन गने वा गराउन हुदैन । |
| रेडियोधर्मी पद्धार्थको (उपयोग तथा नियमन) ऐन, २०७७ | **दफा ३**: रेडियोधर्मी श्रोत र सोसँग सम्बन्धित प्रविधिको प्रयोग मानव हित र शान्तिपूर्ण प्रयोजनको लागि मात्र गर्नु पर्ने;<br>**दफा ९**: नियमनकारी निकायबाट इजाजतपत्र प्राप्त नगरी कुनै संस्थाले रेडियोधर्मी श्रोत र सोसँग सम्बन्धित प्रविधिको अभ्यास, क्रियाकलाप वा संयन्त्र सम्बन्धि कुनै पनि कार्य गर्न नपाउने। |
| जनस्वास्थ्य सेवा ऐन, २०७५ | **दफा ७ (३)**: गुणस्तरीय स्वास्थ्य सेवाका लागि तोकिएको मापदण्डको आधारमा स्थापना गरिएको अस्पतालमा आवश्यक पर्ने जनशक्ति, प्रविधि तथा उपकरणको व्यवस्था मिलाउनु पर्ने;<br>**दफा १६(३)**: अस्पतालले ऐनमा भएको व्यवस्था अनुसारको स्वास्थ्य सेवासँग सम्बन्धित सूचना (स्वास्थ्य सेवाको प्रकृति, समय, लागत, कार्य सञ्चालन र चिकित्सक समय तालिका, पहुँच कार्यविधि र गुनासो कर्यान्वयन कार्यविधि) प्रभाहको व्यवस्था मिलाउनु पर्ने;<br>**दफा २२ (१)**: निजी अस्पतालले तोकिए बमोजिमको इजाजतपत्र लिएर मात्र स्वास्थ्य सेवा प्रदान गर्न पाउने;<br>**दफा ४० (१)**: ध्वनी, वायु, जल तथा दृश्य प्रदूषण ले जनस्वास्थ्यमा पार्ने प्रभावलाई न्युनुकरण गर्नका लागि संघीय कानून अनुसार नेपाल सरकारले निर्धारण गरेका मापदण्डहरु लागु हुने व्यवस्था।<br>**दफा ४१**: सरसफाई तथा फोहरमैला व्यवस्थापन संग सम्बन्धि आवश्यक मापदण्ड निर्माण तथा लागु गर्न सकिने। |
| योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ | **दफा ४**: रोजगारदाताले श्रमिकको योगदानयोग्य रकम जम्मा गर्नु पर्ने<br>**दफा १०**: सामाजिक सुरक्षा योजना संचालन गने सम्बन्धित कुरा उल्लेख गरेको छ। |

| | |
|---|---|
| प्रदेश स्वास्थ्य सेवा ऐन, २०७५ | **प्ररिच्छेद-३ खण्ड ८ :** यस ऐन बमोजिम स्वास्थ्य सेवा सञ्चालन गर्न इच्छुक स्वास्थ्य संस्थाले आवश्यक पूर्वाधार निर्माण गर्न आशय पत्र लिनु पर्छ। साथै, यदि २५ शय्या भन्दा बदी भए प्रचालित वातावरण सम्बन्धि कानून बमोजिम वातावरणीय प्रभाव मूल्याङ्कन गराउनु पर्नेछ। |
| सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ | **दफा ६(२)**: सरकारले तोके बमोजिमको मापदण्डको आधारमा निजी अस्पतालले सम्मानपनक प्रसूति सेवा प्रदान गर्नु पर्नेः<br>**दफा २० (१)**: महिलालाई अस्पतालबाटप्रजनन स्वास्थ्य, परामर्श लिने तथा उपचार प्राप्त गर्ने अधिकार हुने। |
| खोप ऐन, २०७२ | **परिच्छेद २: दफा ३ (१):** लक्षित वर्ग वा व्यक्तिलाई निशुल्क खोपको अधिकार हुनेछ;<br>दफा १२ (१): खोपको अभिलेख अध्यावधिक रुपमा राखिनु पर्ने छ;<br>**परिच्छेद ३**: खोपको आपूर्ति र भण्डारण सम्बन्धि व्यवस्था<br>दफा १: औषधि व्यवस्था विभागमा दर्ता भएको खोप मात्र प्रयोग गर्नु पर्ने छ;<br>दफा २ खोपको उत्पादन स्तरीयता विश्व स्वास्थ्य संगठनबाट गुणस्तर भनि प्रमाणित भएको हुनुपर्ने छ |
| स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धि ऐन, २०६६ | **दफा ३**: स्वास्थ्य उपचारको बिषय लाई लिएर स्वस्थाय्कर्मी लाई घेराउ, अपमानजनक व्यवहार वा हातपातगर्न नहुने र स्वास्थ्य संस्थामा तोडफोड तथा आगजनी वा त्यस्तै अन्य कार्य गर्न नहुने।<br>**दफा ४**: स्वास्थ्यकर्मीले आवश्यकता अनुसार सुरक्षा कर्मी माग गर्न सक्ने। |
| मानव शरीरको अंग प्रत्यारोपण (नियमित तथा निषेध) ऐन, २०५५ | **परिच्छेद २**: अङ्ग प्रत्यारोपण सम्बन्धि अनुमतिपत्र तथा व्यक्तिगत इजाजतपत्र बारे<br>**दफा ७** बमोजिम व्यक्तिगत इजाजतपत्र नलिई कसैले पनि अङ्ग प्रत्यारोपण सम्बन्धि क्रियाकलाप गर्न पाइने छैन |
| नेपाल स्वास्थ्य अनुसन्धान परिषद ऐन, २०४७ | **दफा ११**: अनुसन्धानको लागि परिषद सँग स्वीकृति लिनु पर्ने |
| औषधि ऐन २०३५ | **दफा २७**: तोकिएको चिकित्सक, एकीकृत चिकित्सक वास्वास्थ्यकर्मीले दफा १७ बमोजिम समूहिकृत गरिएका औषधिको प्रेशक्रिप्शन दिने सम्बन्धि व्यवस्था तोकिएबमोजिम हुने। |
| नेपाल मेडिकल काउन्सिल ऐन, २०२० | **परिच्छेद २६**: दर्ता किताबमा नाम दर्ता नभएका व्यक्तिहरुले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा चिकित्सा सम्बन्धि व्यवसाय गर्न गर्न पाउने छैन। |

| | |
|---|---|
| संक्रामक रोग नियन्त्रण ऐन, २०२० | दफा २(१): नेपालभर वा त्यस्तो कुनै भागका मानिसमा कुनै संक्रामक रोग उब्जेमा वा फैलिएमा वा फैलिने संभावना देखिएमा नेपाल सरकारले सो रोग निर्मुल गर्न वा रोकथाम गर्न आवश्यक कारवाही गर्न सक्छ र सर्वसाधारण जनता वा कुनै व्यक्तिहरुको उपर लागू हुनेगरी आवश्यक आदेश जारी गर्न सक्नेछ। |
| भवन ऐन, २०५५ | **दफा ८** : क, ख र ग वर्गका भवन निर्माण गर्न चाहने व्यक्ति, संस्था वा सरकारी निकायले भवन निर्माण गर्न स्वीकृतिको लागि प्रचलित कानून बमोजिम सम्बन्धित नगरपालिका समक्ष दरखास्त दिंदा नक्साको साथमा डिजाइन समेत पेश गर्नु पर्ने;<br>**दफा १०**: भवननिर्माण गर्दा भवन संहितामा तोकिएको सत्र अनुरुप बनाउनु पर्ने;<br>**दफा ११**: प्रचलित कानून अनुसार सम्बन्धित निकायबाट नक्शा पास गराउनु पर्ने। |
| फोहोरमैला व्यवस्थापन ऐन, २०६८ | **दफा ३**: फोहोर मैला व्यवस्थापन तह;<br>**दफा ४(२)**: औद्योगिक (अस्पतालजन्य) फोहोरमैला प्रशोधन गरी बाँकि रहेको फोहोरमैला तथा अन्य फोहोरमैला व्यवस्थापन गरिदिन सशुल्कको आधारमा स्थानीय निकायलाई अनुरोध गर्न सक्ने;<br>**दफा १०**: फोहोर मैला व्यवस्थापनको प्रक्रिया;<br>**दफा २०**: फोहोर मैला बाट हुने प्रदूषण नियन्त्रण;<br>**दफा २१**: फोहोर मैला व्यवस्थापन र अनुगमन;<br>**दफा २२**: वातावरणीय क्षेत्र सम्बन्धि व्यवस्था। |
| तथ्याङ्क ऐन, २०७९ | परिच्छेद २, दफा १३(१): यस ऐन बमोजिम कुनै स्थान वा क्षेत्र बिशेषमा गणना गरी सङ्कलन गरिएको तथ्याङ्कको आधारमा तथ्यांकीय प्रतिनिधित्व नभएको अन्य स्थान, क्षेत्र वा भौगोलिक वा प्रशासनिक एकाई को आर्थिक, सामाजिक, साँस्कृतिक वा अन्य यस्तै अवस्था देखाउने गरी खण्डीकृत तथ्याङ्क को उपयोग अ प्रकाशन गर्न पाईने छैन।<br>परिच्छेद ७, दफा २६(१ख): कसैले देहायको कुनै कार्य गरेमा यस ऐन अन्तर्गत कसुर गरेको मानिनेछः<br>• दफा ५ (४) वा दफा ६ (२) बमोजिम कुनै व्यक्तिगत तथा एकाईगत तथ्याङ्क सम्बन्धि जानकारी दिनु पर्ने कर्तव्य भएको कुनै व्यक्ति वा संस्थाले जानीजानी त्यस्तो जानकारी नदिएमा वा दिन इन्कार गरेमा वा जानीजानी कुनै तथ्याङ्क सम्बन्धि झुट्टा जानकारी दिएमा।<br>• दफा ८(१) बमोजिम अनुमतिपत्र नलिई तथ्याङ्क सङ्कलन गरे वा गराएमा।<br>• दफा २६(१ग) : यस ऐन को अधिनमा रही कसैलाई कुनै आदेश वा सूचना जारी भएकोमा कसैले त्यस्तो सूचना वा आदेश पालना नगर्नु भनि वा अधिकारप्राप्त अधिकारीबाट माग गरिएको कुनै तथ्याङ्क वा सूचना नदिनु व्वा उपलब्ध नगराउनु भनी प्रचार प्रसार गरे वा गराएमा वा त्यस्तो तथ्याङ्क वा सूचना नदिन दवाव दिएमा। |

| | |
|---|---|
| भू-उपयोग ऐन, २०७६ | परिच्छेद २, दफा ४(१): नेपालको भू बनोट, भूमिको क्षमता तथा उपयुक्तता, भूमिको मौजुदा उपयोग र आवश्यकताका आधारमा भूमिलाई निम्न बमोजिम भू-उपयोग क्षेत्रमा वर्गीकरण गरिनेछः<br><br>(क) कृषि क्षेत्र; (ख) आवासीय क्षेत्र; (ग) व्यावसायिक क्षेत्र; (घ) औद्योगिक क्षेत्र; (ङ्) खानी तथा खनिज क्षेत्र; (च) वन क्षेत्र; (छ) नदी, खोला, ताल. सीमसार क्षेत्र; (ज) सार्वजनिक उपयोगको क्षेत्र; (झ) साँस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र; (यँ) नेपाल सरकारबाट आवश्यकता अनुसार तोकिएको अन्य क्षेत्र।<br><br>परिच्छेद ३, दफा ८(१): दफा ४ बमोजिम एउटा प्रयोजनको लागि वर्गीकरण गरिएको जग्गा अर्को प्रयोजनमा प्रयोग गर्ने गरि भू-उपयोग परिवर्तन गर्न पाईने छैन।<br><br>दफा ९(१): यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि स्थानीय तहले आफ्नो क्षेत्रभित्रको कुनै स्थान वा बस्ती कुनै विपद वा प्राकृतिक प्रकोपको कारण असुरक्षित भएमा त्यस्तो असुरक्षित वा अव्यवस्थित स्थान घोषणा गरि त्यस्तो स्थानमा बसोबास गरेको परिवार वा समुदायलाई सुरक्षित तथा व्यवस्थित स्थानमा बसोबासको व्यवस्था मिलाउन भू-उपयोग परिवर्तन गर्न सक्नेछ। |
| उपभोक्ता संरक्षण ऐन, २०७५ | **परिच्छेद २ र ३**: उपभोक्तालाई गुणस्तरीय वस्तु र सेवा प्राप्त गर्ने अधिकारको सुनिश्चितता;<br>**दफा (१७)**: सेवाको बापत लागेको लागत र तोकीए बमोजिम भन्दा बढी मुनाफा लिई यसको वितरण गर्न नपाइने |
| विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ | **दफा २०**: विपद् व्यवस्थापन सामग्रीहरुको उचित व्यवस्था गरी यस्ता न्यूनीकरण संयन्त्रहरु तयारी हालतमा राख्ने; कर्मचारी तथा कामदारहरुलाई विपद् व्यवस्थापन सम्बन्धमा अभिमुखीकरण तालीम दिनेः विपद्को समयमा फोहोरमैला तथा प्रदूषणको व्यवस्थापनमा ध्यान दिई वातावरणीय र जनजीवनमा पर्न सक्ने नकारात्मक प्रभावलाई न्यूनीकरण गर्ने |
| प्रदेश विपद् व्यवस्थापन ऐन, २०७५ | **परिच्छेद -४, २०.२** स्वास्थ्य संस्थाले विपद्ग्रस्त क्षेत्रमा आवश्यकतानुसार अस्थायी स्वास्थ्य क्याम्प सञ्चालन गरी स्वास्थ्य सेवा प्रदान गर्नु पर्छ । |
| श्रम ऐन, २०७४ | **दफा ३**: श्रमिक को न्युनतम मापदण्ड; दफा ५: बालबालिकालाई काममा लगाउन नहुने; **दफा ६**: काममा भेदभाव गर्न नहुने; दफा ७: समान काममा पारिश्रमिकमा भेदभाव गर्न नहुने; दफा ११: रोजगार सम्झौता नगरी काममा लगाउन नपाइने। |
| स्थानीय सरकार संचालन ऐन, २०७४ | **दफा ११**: गाउँ पालिका तथा नगरपालिकाको अधिकार प्रत्यायोजनका बारेमा उल्लेख। |

| | |
|---|---|
| फौजदारी कार्यविधि संहिता , २०७४ | **परिच्छेद ३, दफा १८(१)**ः मुद्धाको बिषय वस्तुको प्रकृतिले स्थलगत रुपमा जांच बुझ गर्नुपर्ने अवस्था भएको कुनै पनि अचल सम्पत्ति सम्बन्धि विषय, सुबिधा, भार , कुलो, साँध सम्बन्धि मुद्धा र फिराद्पत्र बाट घर, जग्गा, वा सम्पत्ति जाँच्नु पर्ने देखिएको मुद्धाको कारवाही, सुनवाई र किनारा गर्ने अधिकार त्यस्तो घर, जग्गा वा सम्पत्ति रहेको जिल्लाको जिल्ला अदालतलाई हुनेछ।<br>**दफा १८ (२ क)**ः बहाल. बिगोको प्रश्न समावेश भएको वा सम्पत्ति को स्वामित्व, भोग चलन वा हक बेहक सम्बन्धि।<br>**दफा १८(२ ख)**ः अचल सम्पत्ति रोक्का राख्ने वा निखन्ने सम्बन्धि।<br>**दफा १८(२ ग)**ः अचल सम्पत्तिसंग सम्बन्धित क्षतिपूर्ति सम्बन्धि अधिकार जिल्लाको जिल्ला अदालतलाई हुनेछ। |
| मुलुकी अपराध संहिता, २०७४ | **परिच्छेद २, दफा ८(१)**ः कुनै काम गर्दा वा गराउंदा कसैको गल्तीले अरुलाई हानी, नोक्सानी हुन गएमा त्यसरी हानी, नोक्सानी भएको क्षतिको दायित्व त्यस्तो गल्ति गर्ने वा गराउने व्यक्तिले व्यहोर्नु पर्नेछ।<br>**परिछेद ३, दफा ४**ः कुनै नागरिकलाई सरकारी वा सार्वजनिक पदमा नियुक्ति गर्दा कानूनले निर्धारण गरेको योग्यताको आधारमा मात्र गरिनेछ। त्यसरी नियुक्ति गर्दा कुनैपनि नागरकि माथि उत्पत्ति, धर्म, वर्ण, जात, लिङ्ग, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा अन्य कुनै आधारमा भेदभाव गरिने छैन। |
| अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धि ऐन, २०७४ | **परिच्छेद ३ ; दफा ८** ; भेदभाव विरुद्धको अधिकार , अपाङ्गता भएका व्यक्तिलाई अपाङ्गताको आधारमा भेदभाव वा निजलाई वैयत्तिक स्वतन्त्रताबाट बन्चित गरिने छैन<br>**दफा १५** मा सेवा, सुबिधा तथा न्यायमा पहुँचको अधिकार; (१) अपाङ्गता भएका व्यक्तिलाई शैक्षिक संस्था, आवास, कार्यस्थल, भवन, सडक, यातायात, विद्युतीय स संचार सेवा लगायत सर्वसाधारणलाई खुला भएका वा प्रदान गरिएका अन्य सेवा तथा सुबिधाहरुमा सहज पहुँचको अधिकार हुनेछ।<br>**परिच्छेद ७ को दफा २८**; निः शुल्क स्वास्थ्य सेवा उपलब्ध गराउनेः नेपाल सरकारले तोकिए बमोजिमको आयभन्दा कम वार्षिक आय भएका वा तोकिएको रोगको उपचारको लागि सरकारी अस्पतालमा भर्ना भएका अपाङ्गता भएका व्यक्तिलाई नीःशुल्क स्वास्थ्य सेवा तथा स्पीच थेरापी, अकोपेशनल थेरापी लगायतका आवश्यक थेरापी सेवा उपलब्ध गराउने व्यवस्था मिलाउने छ। |
| कम्पनी ऐन, २०६३ | **दफा ५**ः कम्पनी दर्ता भएपछि कम्पनी संस्थापना भएको मानिने; कम्पनी संस्थापना भएपछि ऐनको अधिनमा रही प्रबन्धपत्र र नियमावलीमा लेखिएको कुराहरु कम्पनी तथा यसका शेयर धनीहरुलाई बन्धनकारी हुने; |

| | |
|---|---|
| | **दफा १०**: कम्पनीले यस ऐन बमोजिम संस्थापित कम्पनीले यस दफामा भएका, प्रबन्ध पत्र वा नियमावलीमा लेखिएका शर्तहरु पालन गर्नु पर्ने। |
| बाल श्रम (निषेध र नियमन गर्ने) ऐन, २०५६ | **दफा ३ (१)**: १४ वर्ष भन्दा मुनिको बच्चा लाई श्रमिकको रुपमा काममा लगाउन नपाइने; (२): १४ वर्ष भन्दा मुनिको बच्चा लाई जोखिम पूर्ण काममा लगाउन नपाइने; **दफा ८(१)**: बालकले काम गर्नु पर्ने समय, सुबिधा बारे स्पष्टपारेको। |
| लागू औषध (नियन्त्रण) ऐन, २०३३ | **परिच्छेद २ : निषेध र नियत्रण**<br>**दफा ५:** निषेध लागू नहुने : यस ऐनका अन्य दफाहरुमा जे सुकै कुरा लेखिएको भएता पनि देहायका व्यक्तिहरुले देहाय अवस्थामा लागू औषधको सेवन गर्न निषेध भएको मानिने छैनः (क) औषधोपचार को निमित्त स्वीकृत चिकित्सकको सिफारिसमा कुनै व्यक्तिले अनुमतिप्राप्त पसलबाट सिफारिस सिफारिस बमोजिमको मात्रामा लागू औषध खरीद गरी सेवा गर्न;<br>दफा ५(ख)- चिकित्सकको दायित्वः चिकित्सकले कुनै व्यक्तिको निमित्त लागू औषध सिफारिस गर्नु पर्दा लागू औषध आवश्यक नपर्ने व्यक्तिलाई लागू औषध सिफारिस गर्न वा लागू औषध आवश्यक पर्ने व्यक्तिलाई पनि आवश्यक भन्दा बढी मात्रामा लागू औषध सिफारिस गर्नु हुँदैन। |
| **नियमावली** | |
| वातावरण संरक्षण नियमावली, २०७७ | **नियम ३**: वातावरणीय अध्ययन गर्नुपर्ने प्रस्तावहरु र अनुसूची १, अनुसूची २, अनुसूची ३ मा सम्बन्धित प्रस्तावहरुको सूची;<br>**नियम ४**: क्षेत्रनिर्धारण को व्यवस्था;<br>**नियम ५**: कार्यसूचीको व्यवस्था;<br>**नियम ६**: सार्वजनिक सुनुवाई सम्बन्धि व्यवस्था;<br>**नियम ७** : क्षेत्र निर्धारण र कार्यसूची स्वीकृति पछि तथा सार्वजनिक सुनुवाई पछि वातावरणीय अध्ययन प्रतिवेदनको तयारी ;<br>**नियम ८**: अध्ययन प्रतिवेदन स्वीकृतिका लागि सम्बन्धित निकायमा पेश गर्नु पर्ने । |
| खानेपानी नियमावली, २०५५ | यस नियमावलीको **नियम १२** मा इजाजत सम्बन्धि व्यवस्था र **नियम २५** मा आपूर्तिकर्ताले खानेपानीको गुणस्तरीयता कायम गर्नु पर्ने सम्बन्धि व्यवस्था रहेको छ। |
| जनस्वास्थ्य सेवा नियमावली, २०७७ | **परिच्छेद ३**: स्वास्थ्य संस्थाको तहगत संरचना र सेवाको प्रकार र त्यसको मापदण्ड तोकिएकोः<br>**नियम ४ (१)**: स्वास्थ्य संस्थाले नियमावलीको अनुसूची-२ बमोजिमको आकस्मिक सेवा प्रदान गर्नु पर्ने;<br>**नियम ५ (१ र ३)**: अनुसूची -३ र अनुसूची -४ बमोजिमको विशेषज्ञ तथा विशिष्टिकृत सेवाहरु प्रदान गर्नु पर्ने; |

| | |
|---|---|
| | **नियम 11**: नियमावलीमा उल्लेख भए बमोजिमका विषयमा मन्त्रालयले तोके बमोजिमको मापदण्ड पूरा गरी स्वास्थ्य संस्था सञ्चालन गर्नु पर्ने;<br>**नियम२५**: खानेपानी,सरसफाई तथा फोहोर व्यवस्थापनको तोकिएको मापदण्ड पूरा गर्नु पर्ने;<br>**नियम२7(3)**: आपतकालीन स्वास्थ्य सेवाको लागि पर्याप्त पूर्वाधार तथा सुबिधा हुनु पर्ने;<br>**नियम २८**: संक्रामक रोगको व्यवस्थापनको बारेमा; |
| स्वास्थ्य बीमा नियमावली, २०७५ | **परिच्छेद ५**: सेवा प्रदायक स्वास्थ्य संस्थाको सूचीकरण र सेवा प्रदान गरे बापतको रकमको भुक्तानीको बारेमा उल्लेखः<br>**परिच्छेद 6**: औषधी सम्बन्धि व्यवस्था अन्तगत फार्मेसीबाट गरिने औषधीको आपूर्ति तथा वितरण र आकस्मिक तथा बहिरंग सेधाको लागि वितरण गर्ने औषधीको विवरणको बारेमा उल्लेख |
| खोप नियमावली, २०७४ | **नियम** ४: खोप सम्बन्धि मापदण्डको विवरण पूरा गर्नु पर्ने;<br>**नियम ५**: खोप सेवा सञ्चालन गर्नको लागि अनुमति पत्र लिनु पर्ने;<br>**नियम ६**: अनुमति प्राप्त स्वास्थ्य संस्थाले पालन गर्नु पर्ने शर्तहरुको विवरण उल्लेख |
| मानव शरीरको अंग प्रत्यारोपण (नियमित तथा निषेध) नियमावली, २०७३ | **नियम 3**: अंग प्रत्यारोपण सम्बन्धि क्रियाकलाप सञ्चालन गर्न अनुमति पत्र लिनु पर्ने;<br>**नियम८**: मस्तिष्क मृत्युको घोषणा गर्न अस्पतालमा नियमावलीले तोके बमोजिमको पूर्वाधार हुनुपर्ने |
| नेपाल स्वास्थ्य व्यवसायी परिषद् नियमावली, २०६९ | **नियम ३(१)**: स्वास्थ्य व्यवसायीको चार तहमा वर्गीकरण; (२): वर्गीकृत तहको लागि आधारभूत शैक्षिक तह तथा उपाधिको उल्लेख |
| भवन नियमावली, २०६६ | **नियम ३**: प्रचलित कानून अनुसार सम्बन्धित निकायबाट भवन निर्माण गर्नु अघि नक्शा पास गराउनु पर्ने; "क" वा "ख" वर्गको भवन निर्माण गर्न चाहने व्यक्ति, संस्था वा सरकारी निकायले भवनको नक्सा र डिजाइन र "ग" वर्ग को भवन निर्माण गर्न चाहने व्यक्ति, संस्था वा सरकारी निकायले भवनको नक्सा तयार गरि स्वीकृतिको लागि अनुसूची १ बमोजिम को ढाँचा मा सम्बन्धित जिल्लाको शहरी विकास कार्यालय मा दरखास्त दिनु पर्नेछ। |
| फोहरमैला व्यवस्थापन नियमावली, २०७० | **नियम ३**: स्थानीय निकायले तोके बमोजिम फोहोरमैला उत्पादन गर्ने उद्योगले सोही बमोजिम श्रोतमानै पृथकिकरण गर्नु पर्ने;<br>**नियम ४**: पृथकिकरण गरिएको रासायनिक वा हानिकारक फोहोरमैला व्यवस्थापन गर्ने दायित्व सम्बन्धित उत्पादकको हुने; |

| | |
|---|---|
| | **नियम ५**: हानिकारक तथा रासायनिक फोहोरमैलालाई अन्य फोहोरमैलासँग मिसाई निष्काशन गर्न नहुने; हानिकारक तथा रासायनिक फोहोरमैला प्रशोधन गरी सामान्य फोहोरमैला सरह भएपछि मात्र त्यसको अन्तिम निष्काशन गर्नु पर्न; हानिकारक तथा रासायनिक फोहोरमैला सङ्कलन, भण्डारण तथा स्थानान्तरण गर्दा सुरक्षित विधि अवलम्वन गर्नु पर्नेः |
| तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) नियमावली, २०७७ | **नियम ८(१)**: तेजाव वा अन्य हानिकारक रसायनको प्रयोगको लागि सम्बन्धित जिल्ला कार्यालयबाट स्वीकृति लिनु पर्ने |
| उपभोक्ता संरक्षण नियमावली, २०७६ | **नियम १०**: स्वास्थ्य सेवाको गुणस्तर, सेवाग्राहीलाई हुने लाभ र उपभोग गर्दा कुनै शर्त पालन गर्नु पर्ने भए सो को जानकारी दिने कुरा संस्थाको दायित्वमा पर्ने; |
| विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ | **नियम ९(२)**: विपद्पूर्व, विपद्को समयमा र विपद्पश्चात पनि आफ्नो व्यवसायलाई सुचारु गर्न व्यवसाय निरन्तरता योजना बनाई लागू गर्नु पर्ने; (३): तोके बमोजिमको अग्नि नियन्त्रण लगायतका विपद् न्यूनीकरण अन्य उपकरण गर्नु पर्ने; |
| श्रम नियमावली, २०७५ | **नियम ४**: रोजगार सम्झौता गर्दा खुलाउनु पर्ने विवरण;<br>**नियम ७ – १५**: विदेशी नागरिक लाई काममा लगाउन आवश्यक पर्ने इजाजत र श्रम स्वीकृति;<br>**नियम १६**: अस्पतालले काम गर्ने समयको निर्धारण गरी स्वास्थ्यकर्मी तथा कर्मचारीहरुलाई जानकारी दिनुपर्ने;<br>**नियम ३४-५३**: श्रमिकको व्यवसायजन्य सुरक्षा र स्वास्थ्य सम्बन्धि प्रावधान |
| अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धि नियमावली, २०७४ | **नियम २३**: अपाङ्गता भएका व्यक्तिको क्षमता, तालिम, योग्यता र अनुभवका आधारमा उपयुक्त हुने कामको लागि उपलब्ध भएसम्म प्राथमिकता आधारमा नियुक्त गर्नुपर्ने |
| सूचनाको हक सम्बन्धि नियमावली, २०६५ | लोकतान्त्रिक पद्धती अनुरुप खुला र पारदर्शी बनाई नागरिकप्रति जवाफदेही र जिम्मेबार बनाउन |
| बाल श्रम (निषेध र नियमित गर्ने) नियमावली, २०६२ | **नियम ४**: बालकलाई श्रमिकको रुपमा काममा लगाउनु अघि निजले सो कार्य गर्न सक्ने नसक्ने विषयमा बालकको स्वास्थ्य परीक्षण गर्न कामको प्रकृति र बालकको उमेर समेत उल्लेख गरी श्रम कार्यालयमा निवेदन दिनु पर्ने;<br>**नियम २५**: बालकको स्वास्थ्य र सुरक्षा सम्बन्धमा अपनाउनु पर्ने व्यवस्था |

| निर्देशिका र म्यानुयल | |
|---|---|
| राष्ट्रिय वातावरणीय प्रभाव मूल्यांकन निर्देशिका, २०५० | वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययनका क्रममा तोकिएका प्रकृया पुरा गर्दै प्रभावहरुको तह निर्धारण गरी प्रस्ताव कार्यान्वयन गर्दा वातावरण पर्नसक्ने प्रभावहरुको स्तर निर्धारण र उल्लेखनियता पहिचान गरी प्रस्ताव कार्यान्वयनको लागि विस्तृत प्रतिवेदन तयार गर्ने |
| राष्ट्रिय एम्बुलेन्स निर्देशिका, २०७८ | **खण्ड ५**: अस्पतालसेवा (पूर्व) व्यवस्थापनका लागि एम्बुलेन्स सञ्चालन गर्न चाहने संस्थाले जिल्ला एम्बुलेन्स व्यवस्थापन समिति र प्रादेशिक एम्बुलेन्स व्यवस्थापन समितिबाट सहमति लिनु पर्ने |
| विपन्न नागरिक औषधि उपचार कोष निर्देशिका,२०७५ | **खण्ड १३(२)**:स्वास्थ्य मन्त्रालयबाट विपन्न नागरिकलाई औषधि कार्यक्रममा सूचिकृत हुनु पर्ने |
| व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य दिशानिर्देश, २०७४ | संस्थाहरुले आइ.एस.ओ.ले विकास गरे अनुसार व्यावसायजन्य सुरक्षा र स्वास्थ्य व्यवस्थापन प्रणाली मानक (ISO ४५००१) विकास गरि आफ्नो कार्यस्थलमा व्यावसायजन्य सुरक्षा र स्वास्थ्य सम्बन्धिजोखिमहरू व्यवस्थापन गर्न र कार्यसम्पादनमा सुधार गर्न सक्षम पार्ने |
| अस्पताल फार्मेसी सेवा निर्देशिका, २०७८ | यस निर्देशिकाको दफा ९ अनुसार स्तरीय सञ्चालन कार्यविधि (Standard Operation Procedure) निर्माण गर्नुपर्ने कुरा उल्लेख गरिएको थियो जसमा कुशल फामेर्सी अभ्यास (Good Pharmacy Practice) अनुकूल हुने गरी औषधि खरीद, भण्डारण, औषधिको गुणस्तर कायम गर्ने, इन्भेन्टरी व्यवस्थापन, लागू तथा मनोश्रीपक औषधिहरुको भण्डारण, औषधिको गुज्रने म्याद, फोहर व्यवस्थापन, किरा तथा मुसाको नियन्त्रण सम्बन्धमा अस्पतालले स्तरीय सञ्चालन कार्यविधि निर्माण गर्नुपर्ने कुरा उल्लेख छ । |
| स्वास्थ्य संस्था स्थापना, संचालन तथा स्तरोन्नति मापदण्ड सम्बन्धि निर्देशिका, २०७० | **दफा ३ (३ र ४)**: स्वास्थ्य सेवा संचालन र गुणस्तर सम्बन्धि व्यवस्था;<br>**दफा ५**: अनुमति दिने निकाय;<br>**दफा १६ र १७**: अस्पताल को पूर्वाधार र सम्बन्धित मापदण्ड;<br>**दफा १८**: जनशक्ति;<br>**दफा २०**: स्वास्थ्य संस्था मा हुनुपर्ने उपकरण को मापदण्ड;<br>**दफा २१**: स्वास्थ्य संस्था मा हुनुपर्ने विशेषज्ञ सेवाको व्यवस्था |
| वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धि | नेपाल सरकारले सुरक्षित एवं भूकम्प प्रतिरोधात्मक आवास, व्यवस्थित बसोबास प्रबर्धनको निमित्त यो मार्गनिर्देश जारी गरेको छ :<br>**"क"** वर्गका भवन भन्नाले भवन ऐन २०५५ को दफा ८ (क) अनुसारको अत्याधुनिक प्रविधि अपनाई निर्मित भवनहरुलाई जनाउँदछ । |

| | |
|---|---|
| आधारभूत मार्गनिर्देश, २०७२ | **बुँदा ३.८ः** नेपाल इन्जिनियरिंग काउन्सिल मा दर्ता भएका इन्जिनियर बाट सेवा लिनु पर्ने<br>**बुँदा ४ः** भवनको डिजाइन एवं निर्माण सुपरिवेक्षणको व्यवस्थापन<br>**बुँदा ११ः** भवन संहिताको कार्यान्वयन<br>**बुँदा १४ः** योजना तथा भवन निर्माण सम्बन्धि आधारभूत मापदण्डहरु |
| स्वास्थ्य सेवा फोहोर व्यवस्थापन निर्देशिका, २०७१ | यस निर्देशिका को अनुसूची ३ मा स्वास्थ्य सेवाका क्रममा निस्कने फोहर लाई जोखिमरहित (जैविक, पुनःचक्रीय फोहर लगायत) र जोखिमयुक्त ( मानव अंग, धारिलो वस्तु, फर्मास्युटिकल फोहर, अति संक्रामक फोहर, खतरनाक फोहर, विकिरणयुक्त फोहर लगायत ) भनि वर्गीकरण गरिएको छ । अनुसूची ६ मा फोहर व्यवस्थापन ( सङ्कलन, कलरकोडिंग, अस्थाई भण्डारण ) को मापदण्ड बारे उल्लेख गरिएको छ । |
| अपांगता भएका व्यक्तिका लागि पहुँच युक्त भौतिक संरचना तथा संचार सेवा निर्देशिका, २०६९ | **परिच्छेद ५**ः अपांगता भएका व्यक्तिहरुको लागि पहुँचयुक्त भौतिक पूर्वाधार र मापदण्ड बारे व्यवस्था |
| **मापदण्ड** | |
| वायुको गुणस्तर सम्बन्धी राष्ट्रिय मापदण्ड, २०८२ | वातावरण संरक्षण ऐन, २०७६ को दफा १५ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार (मन्त्रीस्तर) ले मापदण्ड बनाएको छ। |
| ध्वनि गुणस्तर सम्बन्धि राष्ट्रिय मापदण्ड, २०६९ | यस मापदण्डमा विभिन्न क्षेत्रको लागि दिउँसो र राती को लागि ध्वनिको सीमा तोकिएको छ (अनुसूची १०)। |
| डिजेल जेनेरेटरबाट निष्काशन भई हावामा जाने धुँवाको लागि उत्सर्जन सीमा, २०६९ | यसले डिजेल जेनेरेटर बाट निष्काशन भई हावामा जाने धुँवा सम्बन्धि मापदण्ड तोकेको छ (अनुसूची १०)। |
| नेपाल सवारी साधन उत्सर्जन मापदण्ड, २०६९ | विभिन्न किसिमका सवारी साधनबाट निस्कने धुवाँमा को अधिकतम सीमा यस मापदण्डमा तोकिएको छ (अनुसूची १०)। |

| | |
|---|---|
| खानेपानी गुणस्तर सम्बन्धि राष्ट्रिय मापदण्ड, २०७९ | यस मापदण्डमा खानेपानी को विभिन्न परिनितीहरुको अधिकतम सीमा तोकिएको छ (अनुसूची १०)। |
| कोभिड १९ को सन्दर्भमा पालना गर्नुपर्ने जनस्वास्थ्यका अत्यावश्यक मापदण्ड, २०७७ | ▪ सबै किसिमको भेला तथा जमघटहरुमा कम्तिमा २ मिटरको दूरी कायम गर्ने।<br>▪ प्रत्येक दिन कार्य प्रारम्भभन्दा पहिला अनिवार्य रुपमा ज्वरो जाँच गर्ने र १००.४ डिग्री फरेनहाइट भन्दा बढी तापक्रम भएमा काममा नलागाउने।<br>▪ फेस रिडिंगबाट हाजिर गर्ने व्यवस्था मिलाउने ।<br>▪ खोकी तथा स्वाशप्रस्वाश सम्बन्धि समस्या भएका व्यक्तिहरुलाई काममा नलगाउने।<br>▪ स्नानघर र शौचालयलाई दैनिक कम्तिमा २ पटक नियमित रुपमा सफा गर्ने।<br>▪ हात धुने पर्याप्त साबुन र पानीको व्यवस्था गर्नु पर्ने। |
| स्वास्थ्य संस्था संचालन मापदण्ड, २०७७ (संशोधन २०७८) | कूल उपलब्ध शय्याको पाँच %को अनुपात मा ICU शय्या को व्यवस्था हुनुपर्ने; ICU कक्षमा हरेक दुई शय्याको लागि एउटा भेन्टिलेटर हुने पर्ने; बच्चा, सुत्केरी, अब्जर्भेसन तथा सरुवा रोगको लागि छुट्टाछुट्टै वार्ड को व्यवस्था हुनुपर्ने; साधारण शय्याहरुको बिचको दुरी कम्तिमा ४ फिट र भित्ता बाट कम्तिमा एक फिटको दुरीमा शय्या हुनुपर्नेछ । |
| वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धि आधारभूत मापदण्ड, २०७२ | **बुँदा ५**: भवनको ढाँचा तयार गर्न र निर्माण सुपरिवेक्षण सम्बन्धि व्यवस्था<br>**बुँदा १०**: भवन निर्मा सम्बन्धि नमुना मापदण्डका आधारमा निर्माण अनुमति दिनु पर्ने,<br>**बुँदा ११**: भू-उपयोग योजना कार्यान्वयन सम्बन्धि व्यवस्था<br>**बुँदा १३**: योजना तथा भवन निर्माण सम्बन्धि आधारभूत निर्माण मापदण्डहरु (**१३.७**: भवनको उंचाई र सेटवब्याकको अनुपात; **१३.११**: जग्गा उपयोग %; **१३.१४**: सार्वजनिक भान/संरचनाहरु निर्माण गर्न सम्बन्धित निकाय, जस्तैः नागरिक उड्डयन प्राधिकरण, आदि बाट पूर्व स्वीकृति लिनुपर्ने; **१३.२६**: Emergency Response Plan संलग्न भएका संयुक्त आवास तथा सार्वजनिक भवनहरुलाई भान निर्माण अनुमति दिइने) |
| भवन निर्माण मापदण्ड, २०७५ | • स्वास्थ्य संस्थाहरु जस्तै अस्पताललागि भवन निर्माण गर्दा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले निर्धारण गरेको सुरक्षा तथा अन्य मापदण्ड अनुसार भए नभएको यकिन गरेर मात्र भवन निर्मणको अनुमति प्रदान गर्ने;<br>• भवनमा लगाउने रंगमा शिशा (Pb) को मात्रा ९० पिपियम भन्दा कम हुनुपर्ने |
| अस्पतालबाट निष्काशन हुने फोहोर पानीको मापदण्ड, २०७६ | यस मापदण्डमा अस्पताल बाट निष्काशन हुने फोहर पानीमा हुने विभिन्न परिनितीहरु (pH, BOD, COD, Hg, CN, Cd, oil & grease, fecal coliform) को अधिकतम सीमा तोकिएको छ (अनुसूची १०)। |
| राष्ट्रिय स्वास्थ्य हेरचाह तथा फोहोर | ▪ अस्पतालजन्य फोहोरको व्यवस्थापनको लागि छ वटा उपायहरु औंल्याइएको छ।<br>▪ अस्पताल भित्र स्वास्थ्य तथा संरक्षण अभ्याशहरु कसरी गर्ने भन्ने कुरा उल्लेखित छ। |

| | |
|---|---|
| व्यवस्थापन मानक र संचालन प्रक्रिया, २०७६ | ▪ संकटकालिन अवस्थामा अस्पतालजन्य फोहोरको मात्र कम गर्ने, उठाउने परीबहन गर्ने, भण्डारण गर्ने र निर्मलीकरण तथा विसर्जन गर्ने बारेमा उल्लेख गरिएको छ। |
| **महासन्धि, अभिसन्धि** | |
| जोखिमपूर्ण फोहोरमैलाको सिमापार ओसार पसार नियन्त्रण सम्बन्धि वासेल महासन्धि, 1989 | जोखिम पूर्ण फोहर तथा तिनको विसर्जनबाट मानव स्वास्थ्य र वातावरणमा पर्ने नकारात्मक असरहरुलाई जोगाउन यस्ता फोहरको सीमापार ओसारपसार लाई नियन्त्रण गर्न वासेल महासन्धि बनेको हो र नेपाल पनि पक्ष भएको यस महासन्धिको अनुसूची १ मा स्वास्थ्यजन्य फोहरलाई पनि जोखिमपूर्ण फोहरका रुपमा समावेश गरिएको छ । |
| पारो सम्बन्धि मिनामाता महासन्धि, 2013 | नेपालले हस्ताक्षर गरेको यस महासन्धिको मुख्य उद्धेश्य नै पारो र पारो युक्त पदार्थहरुबाट मानव स्वास्थ्य र वातावरणमा पर्ने नकारात्मक असरहरुलाई जोगाउनु हो। अस्पताल हरुमा पारो र पारो युक्त पदार्थ एवं उपकरण को प्रयोग बन्द गरि तिनका विकल्प को प्रयोग गर्ने। |
| Strategic Approach to International Chemical Management, 2006 | रसायनहरूको जीवन-चक्रमा सफल व्यवस्थापन गर्ने; अस्पतालहरुको हकमा भने औषधिहरु र चिकित्सकीय जांचपड्तालको क्रममा प्रयोगशालामा प्रयोग गरिने रसायनहरुको उचित प्रयोग र व्यवस्थापन गर्न अन्तर्रराष्ट्रिय स्तरमा तय भएको रणनीति अनुशरण गर्नु हो। |
| ILO Convention १९५० (150, 155,161,187) | पहिचान गरिएका आठ "आधारभूत" महासन्धिहरूमा : कामका आधारभूत सिद्धान्तहरू र अधिकारहरू मानिने विषयहरू, संघको स्वतन्त्रता र सामूहिक सौदाबाजीको अधिकारको प्रभावकारी मान्यता ,जबरजस्ती वा श्रमको सबै प्रकारको अनिवार्य उन्मूलन,बाल श्रमको प्रभावकारी उन्मूलन, र रोजगारी तथा पेशाको सन्दर्भमा भेदभाव उन्मूलन जस्ता बिषयहरु समेटिएक छन्। |

# परिच्छेद ५: विद्यमान वातावरणीय अवस्था

## 5.1 भौतिक वातावरण

### ५.१.१ भू-धरातलिय अवस्था

नर्भिक इन्टरनेसनल हस्पिटल एण्ड मेडिकल कलेज लिमिटेड रहेको स्थलको उचाई समुन्द्री सतहबाट १२८८ मिटर रहेको छ। यस अस्पताल पहाडी क्षेत्रमा अवस्थित रहेको छ। साथै यस अस्पतालको भौगोलिक अवस्थिति २७°४१'२३.३" उत्तरी अक्षांश र ८५°१९'०९.५" पूर्वी देशान्तरमा रहेको देखिन्छ।




*(श्रोतः गुगल नक्शा, २०२५)*

**चित्र ५-१: आयोजना रहेको क्षेत्रको नक्शा**

### ५.१.२ भू-उपयोग

यस नर्भिक इन्टरनेसनल हस्पिटल एण्ड मेडिकल कलेज लिमिटेड काठमाडौं जिल्लाको काठमाडौं महानगरपालिका वडा नं. ११ मा अवस्थित छ, जुन शहरी क्षेत्र अन्तर्गत पर्छ। आयोजना प्रभावित वडाको भू-उपयोग विश्लेषण गर्दा ९९.९९% जमिन built-up क्षेत्र भएको पाइएको छ, जबकि ०.०१% जमिन बाँझो क्षेत्र रहेको छ। यस तथ्याङ्कले आयोजना प्रभावित वडामा अत्यधिक

शहरीकरण र सीमित खाली क्षेत्रको सङ्केत गर्दछ। यद्यपि, यस्तो उच्च built-up क्षेत्रले शहरी विस्तार, हरियालीको कमी र सवारी साधनकोचाप समन्धि समस्यालाई निम्त्याउन सक्दछ, जुन अस्पतालको सञ्चालन र सन्देश प्राप्त गर्ने स्थानीय समुदायको पहुँचमा असर पुर्याउन सक्छ।




**चित्र ५-२: आयोजना प्रभावित वडाको भू-उपयोगको नक्शा**

### ५.१.३ मौसम सम्बन्धि विवरण

आयोजना क्षेत्रको औषत अधिकतम तापक्रम २०.५ डिग्री सेल्सियस र औषत न्यूनतम तापक्रम ९.२ डिग्री सेल्सियस रहेको छ। साथै, आयोजना क्षेत्रको वार्षिक वर्षा २८१२ मि.मि. रहेको छ। यस आयोजना क्षेत्रको मौसम सम्बन्धि विवरण तल तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका ५-१: आयोजना क्षेत्रको मौसम सम्बन्धि जानकारी**

| मौसम | जनवरी | फेब्रुअरी | मार्च | अप्रिल | मे | जुन | जुलाई | अगष्ट | सेप्टेम्बर | अक्टोबर | नोभेम्बर | डिसेम्बर |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| औषत तापक्रम | ९.२ | ११.३ | १४.६ | १७.९ | १९.१ | २०.५ | २०.३ | २०.३ | १९.५ | १६.८ | १३.६ | १०.७ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| (डिग्री सेंटीग्रेड) | | | | | | | | | | | | |
| अधिकतम तापक्रम (डिग्री सेंटीग्रेड) | १४.२ | १६.३ | १९.७ | २३ | २३.५ | २३.९ | २३.२ | २३.४ | २२.८ | २०.७ | १७.८ | १५.२ |
| न्युनतम तापक्रम (डिग्री सेंटीग्रेड) | ४.९ | ६.४ | ९.१ | १२.२ | १३.८ | १७.६ | १८.४ | १८.२ | १७ | १३.४ | १० | ७ |
| वार्षिक वर्षा (मि.मि) | ४४ | ५६ | ५९ | ७९ | २०५ | ४६० | ७७८ | ६४३ | ३३४ | ९८ | ३० | २६ |

*(श्रोतः en-climaticdata.org)*

## ५.१.४ भू-गर्भ

काठमाडौं उपत्यका तल्लो हिमायन क्षेत्र (Less Himalayan Zone) मा पर्दछ। उपत्यकाको सतहमा Quaternary deposits रहेको छ। वरिपरीको पहाडहरु कडा चट्टानले बनेको छ। यस क्षेत्रमा Plio Pleistocene Lacustrine sediments चट्टानहरु पाइन्छ। यस क्षेत्रमा फेला परेको माटोको प्रकार खैरो तेलीय माटो र बलौटे माटो रहेको पाइन्छ। जसलाई तलको नक्शामा देखाउन खोजिएको छ।




**चित्र ५-३: नेपालको भौगोलिक नक्शा (श्रोत: Dahal, modified after 2006)**

## ५.१.५ भूकम्पीय जोखिम

नेपाल राष्ट्रिय भवन निर्माण संहिता (NBC १०५: २०७७) को प्रावधान अनुसार, काठमाडौं उपत्यका भूकम्पीय क्षेत्रको "A" श्रेणीमा पर्छ। यस अर्थमा, आयोजना प्रभावित क्षेत्र उच्च भूकम्पीय जोखिममा स्थित छ। यद्यपि, २०१५ को भूकम्पको घटनाले अस्पताल भवनको संरचनामा कुनै विशेष असर गरेको देखिएको छैन। प्रस्तावित आयोजना क्षेत्र क्वाटर्नरी र प्लायो-प्लिस्टोसिन अवधिका अवशेषहरूले भरिएको छ, जसमा बालुवा, तलछट, गिट्टी र माटो समावेश छन्। यी अवशेषहरूले उक्त क्षेत्रको संरचनात्मक विशेषता र भविष्यका भूकम्पीय प्रभावमा महत्त्वपूर्ण भूमिका खेल्न सक्छ। कडा चट्टानमा निर्मित संरचनाहरूमा अपेक्षाकृत स्थिरता र सुरक्षा पाइन्छ। जबकि नरम माटोमा निर्मित भवनहरू र संरचनाहरू भूकम्पको तीव्र प्रभावमा बढी असुरक्षित हुन सक्छन्। यस क्षेत्रको भू-रचनामा बाक्लो नरम माटोको आवरणको कारण, भूकम्पका समयमा संरचनाहरूको स्थायित्वमा थप चुनौतीहरू उत्पन्न हुन सक्छ। यस्तो अवस्थामा, निर्माण प्रक्रियामा विशेष ध्यान दिन पर्ने अत्यन्त आवश्यक थियो र भूकम्पीय जोखिमलाई न्यूनतम गर्न भूकम्प प्रतिरोधात्मक डिजाइन अनुसार भवन निर्माण समेतगरिएको थियो।




**चित्र ५.४: सेस्मिक नक्शा (श्रोतः Seismic Hazard Assessment)**

### ५.१.६ जलविज्ञान र ढल निकास

यस आयोजना क्षेत्र नजिकै बागमती नदी रहेको छ। उक्त नदीमा वर्षाको समयमा पानीको बहावमा उल्लेखनीय वृद्धि हुने र वर्षा महिना क्रममा प्रायः बाढीको अवस्था देखा पर्ने गर्दछ। पछिल्ला वर्षामा बागमती नदीको पानीको बहाव वृद्धि भएको कारण थापाथलीस्थित सुकुम्बासी बस्तीका १४१ घरधुरी डुबानमा परेका थिए भने उक्त बाढीमा परी २ जनाको मृत्यु समेत भएको थियो। तथापि, हालसम्म यस आयोजनामा बाढीको कारण डुबानको समस्या उत्पन्न भएको छैन। सामान्यतया, यस आयोजनाले यस्ता प्राकृतिक प्रकोपहरूबाट बच्नका लागि आवश्यक पूर्व सावधानी अपनाउने गरेको छ। त्यसै अनुसार उचित व्यवस्थापनका उपायहरू लागू गरिएको छ, जसले भविष्यमा जलजन्य आपतकालीन घटनाहरूबाट बच्नमा सहयोग पुर्याउँदछ।




चित्र ५-५: आयोजना क्षेत्र नजिक रहेका खोलाहरु

### ५.१.७ जल, वायु तथा ध्वनिको गुणस्तर

#### वायुको गुणस्तर

यस आयोजना क्षेत्रको वायु गुणस्तरको मूल्याङ्कन गर्नको लागि Air Visual Pro उपकरणको प्रयोग गरिएको थियो। उक्त उपकरणबाट प्राप्त वायु गुणस्तरका सूचकहरूको मापन तथा तिनका परिणामहरूलाई विश्लेषण गरी तलको तालिकामा प्रस्तुत गरिएको छ। वायु गुणस्तर सम्बन्धि मापन कार्य २०८१/१२/१५ गते सम्पन्न गरिएको थियो। जसमा २४ घण्टे अवधिको औषत मान लिइएको थियो।

तालिका ५-२: आयोजना स्थलको वायुको गुणस्तर सम्बन्धि तथ्याङ्क

| क्र.सं. | क्षेत्र | सूचक/साइट | इकाई | राष्ट्रिय वातावरणीय वायु गुणस्तर मापदण्ड (NAAQS) २०६९ | | साइटमा मापन |
|---|---|---|---|---|---|---|
| १ | दक्षिण | २७°४१'२२"N, ८५°१९'०९"E | ($\mu g/m^3$) | $PM_{2.5}$ | ४० | ४०.१२२५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | दक्षिण | २७°४१'२२"N, ८५°१९'०९"E | (μg/m³) | $PM_{10}$ | १६० | ४१.५३२६ |

*श्रोतः स्थलगत अध्ययन, २०८१*

प्रस्तुत तथ्याङ्कको आधारमा, प्रस्तावित अस्पताल क्षेत्रको वायु गुणस्तर वर्तमान अवस्थामा सन्तोषजनक देखिन्छ। तथापि, $PM_{2.5}$ को मापन मान राष्ट्रिय वातावरणीय वायु गुणस्तर मापदण्ड (४० μg/m³) सँग नजिक रहेको छ, र सडकको नजिकको स्थानका कारण यसमा प्रभाव पर्न सक्ने सम्भावना छ। यसैले, अस्पतालको सञ्चालनको दौरानमा प्रदूषणको स्तर न्यून गर्नका लागि प्रभावकारी उपायहरूको कार्यान्वयन गर्नुपर्ने देखिन्छ।

### ध्वनिको गुणस्तर

ध्वनि मापन यन्त्रद्वारा आयोजना क्षेत्रको ध्वनि मापन गरिएको थियो। जुन मापन २०८१/१२/१५ मा गरिएको हो, जसको अवधि १२ घण्टा थियो। मापन बिहानको ६:३० बजे देखी साँझको ६:३० बजे सम्म गरिएको थियो। तलको तालिकामा मापनका तथ्याङ्कहरू प्रस्तुत गरिएको छन्।

अस्पताल व्यस्त सडकको नजिक रहेको हुनाले प्राप्त अधिकतम ध्वनि स्तर अस्पताल सञ्चालनसम्बन्धि गतिविधिका कारण नभई सडक यातायातबाट उत्पन्न ध्वनिको प्रभावका कारण भएको हुन सक्ने सम्भावना देखिन्छ।

**तालिका ५-३: ध्वनि मापनको तथ्याङ्क**

| क्र.मा | स्थान | ध्वनि गुणस्तर | | | मापदण्ड (dB) दिवा/साझ |
|---|---|---|---|---|---|
| | | न्यूनतम | अधिकतम | Leq(dBA) | नेपाल |
| १ | दक्षिण<br>२७° ४१'२२" उत्तर,<br>८५° १९'०९" पूर्व | ४५ | ७२ | ५८.५ | ६३ /५५ |

*श्रोतः स्थलगत अध्ययन, २०८१*

### पानीको गुणस्तर

यस आयोजनाले नियमित रुपमा पानीको गुणस्तर मापन गर्दै आएको छ। यस अध्ययनको क्रममा पनि आयोजनास्थलबाट पानीको नमूना सङ्कलन गरी प्रयोगशालामा परीक्षण गरिएको थियो जुन अनुसूचि ११ समावेश गरिएको छ। प्रयोगशालाको परीक्षण अनुसार आयोजनामा प्रयोग गरिने पानीको गुणस्तर तोकिएको मापदण्ड भित्र रहेको पाइन्छ।

## 5.2 जैविक वातावरण

यस आयोजना क्षेत्र शहरी क्षेत्रको भित्री भागमा अवस्थित छ र यस क्षेत्रको वरिपरी कुनै पनि मान्यता प्राप्त संवेदनशील पारिस्थितिकीय क्षेत्र वा जैविक विविधतालाई प्रभावित गर्ने महत्वपूर्ण क्षेत्रहरू छैनन्। आयोजनाको आसपास पाइने वनस्पति र वन्यजन्तुहरूको विवरण तल प्रस्तुत गरिएको छ।

### ५.२.१ वनस्पति

यस आयोजना निजी बाँझो जमिनमा निर्माण गरिएको छ र यस क्षेत्रको वरिपरी कुनै वनजङ्गलको छैन। आयोजनाको क्षेत्रबाट १०० मिटरको दायरा भित्र पाइने वनस्पतिहरूका प्रजातिहरू मुख्यतः शहरी क्षेत्रसँग अनुकूलित छन्, जस्तै कपुर र (*Cinnamomum camphora*), हलुवावेद (*Diospyros tomentosa*), धुपी (*Juniperus indica)* आदि हुन्।

### ५.२.२ वन्यजन्तु तथा चराचुरुङ्गी

आयोजना क्षेत्र शहरी क्षेत्रको अंश भएकोले यस क्षेत्रमा कुनै पनि प्रमुख वन्यजन्तु तथा चराचुरुङ्गी पाइदैनन्। यस कारण, यहाँ पाइने वन्यजन्तु प्रजातिहरू सीमित छन् र प्रायः शहरी वातावरणमा सकारात्मक भएका सामान्य प्रजातिहरू हुन्। प्रस्तावित क्षेत्र वरिपरि पाइने प्रमुख चराचुरुङ्गी प्रजातिहरूमा काग (*Corvus splendens*), ढुकुर (*Streptopelia chinensis*), गौथली (*Hirundo rustica*), भंगेरा (*Passer rutilans*) आदि प्रजातिहरू हुन्।

## ५.३ सामाजिक-आर्थिक तथा सांस्कृतिक वातावरण

यस आयोजना काठमाडौं महानगरपालिका वडा नं. ११, थापाथलीमा रहेको छ। यस वडाको सामाजिक, आर्थिक र सांस्कृतिक पक्षहरूको विस्तृत विवरण राष्ट्रिय जनगणना, २०७८ का आधारमा प्रस्तुत गरिएको छ, जुन तलका तालिकहरुमा उल्लेख गरिएको छ।

### ५.३.१ जनसांख्यिकीय विशेषताहरु

**जनसांख्यिकीय विशेषताहरु**

आयोजना प्रभावित काठमाडौं महानगरपालिका को कूल जनसंख्या ८३२४०० रहेको छ भने कूल घरधुरी संख्या २३८९६६ रहेको छ। साथै आयोजना प्रभावित वडा नं. ११ को कूल जनसंख्या १४३१३ रहेको छ भने कूल घरधुरी संख्या ३८९७ रहेका छन् । आयोजना प्रभावित

महानगरपालिका साथै, वडाको जनसंख्या र घरधुरीको विस्तृत जानकारी तल तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका ५-४: आयोजना प्रभावित स्थानीय तहको जनसाङ्ख्यिकीय विशेषताहरु**

| प्रशासनिक सिमाहरु | जनसंख्या | | | औषत घरधुरी आकार | कूल घरधुरी |
|---|---|---|---|---|---|
| | कूल | पुरुष | महिला | | |
| काठमाडौं महानगरपालिका | ८६२४०० | ४३८२५६ | ४२४१४४ | ३.६१ | २३८९६६ |
| वडा नं. ११ | १४३१३ | ७३९६ | ६९१७ | ३.६७ | ३८९७ |

*श्रोत :राष्ट्रिय जनगणना, २०७८*

**जात/जातीयता**

यस आयोजना प्रभावित महानगरपालिकामा धेरै जसो संख्यामा नेवार जातजातिका मानिसहरु (२४.५९%)को बसोबास रहेको छ। जातजातिको विस्तृत रुपमा जानकारी तल तालिकामा राखिएको छ ।

**तालिका ५-५: जात/जातीय विवरण**

| जात/जातीय समूह | काठमाडौं महानगरपालिका | |
|---|---|---|
| | सङ्ख्या | % |
| क्षेत्री | १६०९२९ | १८.६६ |
| वाउन- पहाड | १८६५१६ | २१६३ |
| मगर | ३५८९८ | ४.१६ |
| थारु | ११३३२ | १.३१ |
| तामाङ | ६६८२६ | ७.७५ |
| नेवार | २१२०८९ | २४.५९ |
| विश्वोकर्मा | ११३२८ | १.३१ |
| मुसलमान | १२००१ | १.३९ |
| यादव | ५४६७ | ०.६३ |
| राई | १५७८४ | १.८३ |
| गुरुङ | १८५६२ | २.१५ |
| परियार | १०३९६ | १.२१ |
| ठकुरी | ९५७० | १.११ |
| लिम्बु | ५३७५ | ०.६२ |
| मिजार | ३४२० | ०.४० |

| जात/जातीय समूह | काठमाडौं महानगरपालिका | |
|---|---|---|
| | सङ्ख्या | % |
| तेली | २९५६ | ०.३४ |
| चमार/हरिजन/राम | ५२९ | ०.०६ |
| कोइरी/कुशवाहा | १२८६ | ०.१५ |
| मुसाहर | १६२ | ०.०२ |
| कुर्मी | ५९२ | ०.०७ |
| सन्यासी/दस्नामी | २८४१ | ०.३३ |
| धनुक | ७९७ | ०.०९ |
| दुसाध/पासवान/पसी | ३९७ | ०.०५ |
| मल्ल | २५१ | ०.०३ |
| किवत | २५१ | ०.०३ |
| कथाबनियाँन | ३८२ | ०.०४ |
| बाहुन-तराई | ५८६९ | ०.६८ |
| कलवार | २८५३ | ०.३३ |
| कानु | ६५८ | ०.०८ |
| कुमाल | ७४८ | ०.०९ |
| घर्ति/भुजेल | १४६३ | ०.१७ |
| हजाम/ठाकुर | १८२४ | ०.२१ |
| राजबंशी | ५४३ | ०.०६ |
| धोबी | ४१९ | ०.०५ |
| तत्मा/तावा | ३२६ | ०.०४ |
| लोहार | ३६७ | ०.०४ |
| खत्वे | १०० | ०.०१ |
| सुन्दि | १२६१ | ०.१५ |
| दुनुवार | ६१२ | ०.०७ |
| हलुवाई | ४७१ | ०.०५ |
| माझी | २४६६ | ०.२९ |
| बराई | २९४ | ०.०३ |
| बिन | ७८ | ०.०१ |
| नुनिया | १६९ | ०.०२ |
| चेपाङ | ३४३ | ०.०४ |
| सोनार | १४१४ | ०.१६ |
| कुम्हार | २०६ | ०.०२ |
| सुनुवार | ३०६० | ०.३५ |
| बान्तार/सरदार | १२४ | ०.०१ |

| जात/जातीय समूह | काठमाडौं महानगरपालिका | |
|---|---|---|
| | सङ्ख्या | % |
| कहर | १६२ | ०.०२ |
| सन्थाल | ८५ | ०.०१ |
| मारवाडी | ७२९० | ०.८५ |
| कायस्था | १०८१ | ०.१३ |
| राजपुत | ७०६ | ०.०८ |
| बधई | ७३ | ०.०१ |
| ओरण/कुदुख | ९९ | ०.०१ |
| गनगाई | ४६ | ०.०१ |
| लोद | ३२ | ०.००६ |
| बढाई | ३४९ | ०.०४ |
| थामी | ५५७ | ०.०६ |
| कुलुंग | २८३ | ०.०३ |
| बंगेली | ४११ | ०.०५ |
| गडेरी/भेदियर | ७९ | ०.०१ |
| धिमाल | २२५ | ०.०३ |
| याक्खा | १६३ | ०.०२ |
| घले | १२०८ | ०.१४ |
| ताजपुरिया | ८४ | ०.०१ |
| खवास | १६१ | ०.०२ |
| दराई | १४८ | ०.०२ |
| माली | ७८ | ०.०१ |
| धुनिया | ४९ | ०.०१ |
| पहरी | ३०७ | ०.०४ |
| राझधोब | ६६ | ०.०१ |
| भोटे | ९५२ | ०.११ |
| डोम | ३७ | ०.००८ |
| थकाली | १५४६ | ०.१८ |
| कोरी | ६१ | ०.०१ |
| छन्त्याल | १७८ | ०.०२ |
| ह्योल्मो/ह्योल्मोपा | ८७८ | ०.१० |
| बोटे | १८४ | ०.०२ |
| राजभर | ३० | ०.००६ |
| बारम | २४० | ०.०३ |
| पन्जाबी | २७० | ०.०३ |

| जात/जातीय समूह | काठमाडौं महानगरपालिका | |
|---|---|---|
| | सङ्ख्या | % |
| नाछिरिङ | ६५ | ०.०१ |
| याम्फु | ५४ | ०.०१ |
| गाइने | १४६ | ०.०२ |
| चाम्लिङ | ३५१ | ०.०४ |
| आठपहरिया | २९ | ०.००५ |
| जिरेल | ३५५ | ०.०४ |
| दुरा | ९९ | ०.०१ |
| सर्वीरिया | २१ | ०.००४ |
| मेचे | १७ | ०.००२ |
| बान्तवा | २१८ | ०.०३ |
| राजी | १३ | ०.००२ |
| डोल्पो | १४८ | ०.०२ |
| ब्यासी/सौका | २२२ | ०.०३ |
| अमात | १२८ | ०.०१ |
| थुलुङ | १३७ | ०.०२ |
| लेप्चा | ८१ | ०.०१ |
| पत्थरकट्टा | २५ | ०.००५ |
| मेवाहंग | ३२ | ०.००६ |
| बहिंग | १८० | ०.०२ |
| ह्यायु | ३८ | ०.००७ |
| ल्होपा | ३३ | ०.००६ |
| मुन्दा | १५ | ०.००४ |
| देव | ३१५ | ०.०४ |
| कमार | २२ | ०.००५ |
| किसान | १६ | ०.००४ |
| सम्पंग | ५८ | ०.०१ |
| कोचे | १३ | ०.००२ |
| ल्होमी | ४९ | ०.०१ |
| खालिंग | १११ | ०.०१ |
| वालुंग | १३७ | ०.०२ |
| लोहरुंग | ३५ | ०.००६ |
| कलर | ३१ | ०.००६ |
| कुसुण्डा | २० | ०.००४ |
| रानाथारु | ११८ | ०.०१ |

| जात/जातीय समूह | काठमाडौं महानगरपालिका | |
|---|---|---|
| | सङ्ख्या | % |
| भूमिहर | ३७६ | ०.०४ |
| चुम्बा/नुब्री | ४२ | ०.००८ |
| मुगल/मुगुम | २११ | ०.०२ |
| पुन | ५१ | ०.०१ |
| रौनियार | १०४३ | ०.१२ |
| बानियाँन | ९२७ | ०.११ |
| कर्मारोंग | ६० | ०.०१ |
| केवारत | ११ | ०.००२ |
| अन्य | ४० | ०.००८ |
| Foreigner | २५४०३ | २.९५ |
| उल्लेख नभएको | १२११ | ०.१४ |
| **जम्मा** | ८६२४०० | |

*श्रोत :राष्ट्रिय जनगणना, २०७८*

## धर्म

आयोजना प्रभावित महानगरपालिकामा धेरै संख्यामा हिन्दु धर्म (८०.५२१%) मान्ने मानिसहरुको बसोबास रहेको पाइन्छ भने कम संख्यामा बाहै धर्म (०.००२%) मान्ने मानिसहरु रहेका छन्।

**तालिका ५-६: आयोजना प्रभावित महानगरपालिकाको धर्म सम्बन्धि विवरण**

| कूल जनसंख्या | धर्म | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | हिन्दु | बौद्ध | इस्लाम | किरात | क्रिस्चियन | प्रकृति | बोन | जैन | बाहै | सिखा |
| **862400** | 694417 | 121829 | 19184 | 10850 | 14534 | 328 | 469 | 663 | 16 | 110 |
| प्रतिशत (%) | 80.521 | 14.127 | 2.224 | 1.258 | 1.685 | 0.038 | 0.054 | 0.077 | 0.002 | 0.013 |

*श्रोत :राष्ट्रिय जनगणना, २०७८*

## उमेर समूह

राष्ट्रिय जनगणना,२०७८ अनुसार आयोजना प्रभावित वडामा १०-५९ वर्ष उमेर समूहका मानिसहरु ६० % भन्दा बढी रहेका छन् भने अन्य उमेर समूहका मानिसहरु काम रकेको पाहिन्छ। आयोजना प्रभावित वडाको उमेर समूहको विस्तृत विवरण तल तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका ५-७: आयोजना प्रभावित वडामा उमेर अनुसार जनसंख्याको विवरण**

| स्थान | लिङ्ग | उमेर समूह | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | ०-९ | | १०-५९ | | >६० | | कूल |
| | | सङ्ख्या | % | सङ्ख्या | % | सङ्ख्या | % | |
| काठमाडौं महानगरपालिका वडा 11 | दुबै | 1426 | 9.96 | 11196 | 78.22 | 1691 | 11.81 | 14313 |
| | पुरुष | 774 | 10.47 | 5803 | 78.46 | 819 | 11.07 | 7396 |
| | महिला | 65 | 9.43 | 5393 | 77.97 | 872 | 12.61 | 6917 |

*श्रोत :राष्ट्रिय जनगणना, २०७८*

### ५.३.२ जीवनको गुणस्तर

***शैक्षिक अवस्था***

आयोजना प्रभावित वडा नं. ११ मा समग्र साक्षरता दर ९०.८०% छ। पुरुषहरूको साक्षरता दर ९४.२२% र महिलाको ८७.१८% रहेकोले महिलाहरूको शैक्षिक पहुँचमा पुरुष भन्दा कम रहेको देखिन्छ। यसले महिला शिक्षामा सुधारको आवश्यकता र समान शैक्षिक अवसरका लागि थप प्रयासको संकेत गर्दछ। उक्त विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका ५-८: शैक्षिक अवस्थाको विवरण**

| स्थान | लिंग | ५ वर्ष माथिको जनसंख्या | पढ्न लेख्न जानेको | पढ्न मात्रै जानेको | पढ्न लेख्न नजानेको | शिक्षित दर |
|---|---|---|---|---|---|---|
| काठमाडौं महानगरपालिका वडा ११ | दुबै | १३६७९ | १२४२१ | १२७ | ११३१ | ९०.८० |
| | पुरुष | ७०४२ | ६६३५ | ४२ | ३६५ | ९४.२२ |
| | महिला | ६६३७ | ५७८६ | ८५ | ७६६ | ८७.१८ |

*श्रोत :राष्ट्रिय जनगणना, २०७८*

### ५.३.३ आधारभूत सेवाहरुमा पहुँच

***खानेपानी***

राष्ट्रिय जनगणना, २०७८ अनुसार, आयोजना प्रभावित वडाको मुख्य खानेपानी श्रोत भनेको जार र धारोको पानी हो। यी बाहेक, कुवा, ट्युबवेल/ह्यान्ड पम्प, स्पाउट पानी जस्ता अन्य श्रोतहरू पनि खानेपानीका लागि प्रयोग गरिन्छ, जुन तलको तालिकामा प्रस्तुत गरिएको छ।

### तालिका ५-९: आयोजना प्रभावित वडामा खानेपानी सेवाको विवरण

| स्थान | घरधुरी | धारो (आफ्नो क्षेत्र भित्र) | धारो (आफ्नो क्षेत्र बाहिर) | Tubewell/hand pump | ढाकिएको ईनार /कुवा | नढाकिएको इनार/कुवा | Spout water | जार | अन्य |
|---|---|---|---|---|---|---|---|---|---|
| काठमाडौं महानगरपालिका वडा ११ | ३८९७ | १५८८ | २१७ | ५२ | २९ | २६ | ४३ | १८५३ | ८९ |
| % | | ४०.७४ | ५.५७ | १.३३ | ०.७४ | ०.६७ | १.१० | ४७.५५ | २.२८ |

*श्रोत :राष्ट्रिय जनगणना, २०७८*

### *शौचालय र सरसफाई*

राष्ट्रिय जनगणना,२०७८ अनुसार आयोजना प्रभावित वडाको सम्पूर्ण घरधुरीमा शौचालयको सुबिधा रहेको पाइयो जसको अर्थ यस स्थानीय तहमा स्वास्थ्य र सरसफाईको अवस्था राम्रै रहेको भन्ने बुझिन्छ।

### तालिका ५-१०: आयोजना प्रभावित वडामा शौचालय पहुँचको अवस्था

| प्रभावित क्षेत्र | कूल घर धुरी | शौचालयको प्रकार | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | सेफ्टी ट्यांक बिनाको शौचालय | % | सेफ्टी ट्यांक सहितको शौचालय | % | पिट शौचालय | % | सार्वजनिक शौचालय | % | शौचालय नभएका | % |
| काठमाडौं महानगरपालिका वडा ११ | 3897 | 3499 | 89.79 | 81 | 2.08 | 249 | 6.39 | 68 | 1.74 | 0 | 0 |

*श्रोत :राष्ट्रिय जनगणना, २०७८*

## ५.३.४ ऊर्जामा पहुँच

### *खाना पकाउने ऊर्जा*

राष्ट्रिय जनगणना,२०७८ अनुसार आयोजना प्रभावित वडामा ९८.३६% घरधुरीले खाना पकाउनको निमित्त LPG ग्यास उर्जाको प्रयोग गर्छन्। आयोजना प्रभावित वडामा खाना पकाउने ऊर्जाको अवस्था बारे विस्तृत जानकारी तल तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका ५-११: आयोजना प्रभावित वडामा खाना पकाउने ऊर्जा प्रयोगको अवस्था**

| स्थान | कूल घरधुरी सङ्ख्या | दाउरा | | LPG ग्यास | | अन्य | |
|---|---|---|---|---|---|---|---|
| | | सङ्ख्या | % | सङ्ख्या | % | सङ्ख्या | % |
| काठमाडौं महानगरपालिका वडा ११ | 3897 | २० | ०.५१ | ३८३३ | ९८.३६ | ४४ | १.१३ |

*श्रोत :राष्ट्रिय जनगणना, २०७८*

*बिजुली*

तल तालिकामा उल्लेख भए अनुसार आयोजना प्रभावित वडाहरुको ९५% भन्दा बढी घरधुरीमा बिजुलीको पहुँच पुगेको छ। यसका अतिरिक्त बायोग्याँस र सोलार अन्य बत्ति बाल्नको लागि प्रयोग गरिन्छ।

**तालिका ५-११: आयोजना प्रभावित वडामा बिजुली प्रयोगको अवस्था**

| स्थान | कूल घरधुरी सङ्ख्या | बिजुली | % | अन्य | % |
|---|---|---|---|---|---|
| काठमाडौं महानगरपालिका वडा ११ | ३८९७ | ३८९४ | ९९.९२ | ३ | ०.०८ |

*श्रोत :राष्ट्रिय जनगणना, २०७८*

## ५.३.५ रोगहरु

स्थानीय बासिन्दाहरुसँग परामर्श तथा स्वास्थ्य चौकीको प्रकशित तथ्याङ्क अनुसार आयोजना क्षेत्रमा देखा पर्ने रोगहरु प्रमुख रुपमा क्यान्सर, ज्वरो, थाईरईड, रुगाखोकी, ग्याँसट्रीक, दम, रक्तचाप, टि.वी. आदि रहेको देखिन्छ।

## ५.३.६ संस्कृति र चाडपर्बहरु

यस आयोजना प्रभावित क्षेत्रका स्थानियहरुसँगको छलफलबाट उक्त क्षेत्रका बासिन्दाहरुले मनाउने मुख्य मुख्य चाडपर्बहरु दशैं, तिहार, इन्द्र जात्रा, गाई जात्रा, मह पुजा, माघेसक्रान्ति, रमाजान, ईद,

भदौ पूर्णिमा, चैतेदशैं ,शिवरात्रि, तीज, होली, राम नबमी, राम-जानकी विबाह, जनैपूर्णिमा आदि रहेको पाइयो।

### ५.३.७ पौराणिक र ऐतिहासिक पर्यटकिय स्थलहरु

यस आयोजना प्रभावित पालिकामा पौराणिक र ऐतिहासिक पर्यटकिय स्थलको रुपमा पशुपतिनाथ मन्दिर, स्वयम्भूनाथ मन्दिर, बौद्धनाथ स्तूपा, हुनमानढोका दरबार, रानीपोखरी, काष्ठमण्डप, कुमारी घर आदि रहेका छन। बागमती नदीको किनारमा अवस्थित यो मन्दिर हिन्दू धर्मावलम्बीहरूको लागि प्रमुख तीर्थस्थल हो। सन् १९७९ मा युनेस्को विश्व सम्पदा सूचीमा सूचीकृत गरिएको थियो।

# परिच्छेद ६: प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्ने प्रभाव

यस नर्भिक इन्टरनेशनल एण्ड मेडिकल कलेजको थप १०० शय्याको लागि आवश्यक भवन निर्माण कार्य पहिले नै सम्पन्न भइसकेको हुँदा यस प्रतिवेदनमा उक्त निर्माण कार्यसँग सम्बन्धित वातावरणीय प्रभावहरूको समावेश गरिएको छैन। यस प्रतिवेदनमा समावेश गरिएका प्रभावहरू भने मात्र थप १०० शय्याको संचालनसँग सम्बन्धित छन्, जसमा संचालनको क्रममा हुने सकारात्मक र नकारात्मक प्रभावहरूको विश्लेषण गरिएको छ।

## ६.१ स्थानीय बासिन्दाहरुले उठाएका सवालहरु

स्थलगत अध्ययनको क्रममा स्थानीय सरोकारवालाहरूले यस आयोजना क्षेत्रको बारेमा विभिन्न सवालहरू उठाउनुको साथै जिज्ञासाहरू राखेका थिए। स्थानीयबासीहरूसँग छलफल, सार्वजनिक सुनुवाई, परामर्श गर्दा तथा सिफारिस पत्र मार्फत उठान गरेका चासो र सवालहरूलाई तालिका ६.१ मा प्रस्तुत गरिएको छ।

**तालिका ६.१: स्थानीय सरोकारवालाहरूले उठान गरेका चासो र सवालहरू**

| क्र.श. | स्थानीयले उठाएका सवालहरू | समेटेको वा नसमेटेको | कैफियत |
|---|---|---|---|
| **स्थानीय बासीहरूसँग छलफल गर्दा उठेका सवालहरू** | | | |
| १. | ढलको उचित निकासी | समेटिएको | खण्ड ६.२.१.२.४ |
| २. | ट्राफिक जामको उचित व्यवस्थापन | समेटिएको | खण्ड ६.२.१.२.१० र ९.३ |
| ३. | रोजगारीमा प्राथमिकता | समेटिएको | खण्ड ६.१.१. |
| ५. | फोहोरमैलाको व्यवस्थापन | समेटिएको | खण्ड ६.२.१.२.१,<br>खण्ड ६.२.१.२.२<br>खण्ड ६.२.१.२.३<br>खण्ड ६.२.१.२.४<br>खण्ड ९.३<br>खण्ड ९.४ |
| ६. | स्वास्थ्य उपचारमा सौलियत दिनुपर्ने | समेटिएको | खण्ड ६.२.१ |
| ७. | अस्पताल परिसरमा हरियाली प्रवर्धनमा | समेटिएको | खण्ड ६.२.१ |
| ८. | उच्च गुणस्तरको स्वास्थ्य सेवा | समेटिएको | खण्ड ६.२.१ |

| क्र.श. | स्थानीयले उठाएका सवालहरू | समेटेको वा नसमेटेको | कैफियत |
|---|---|---|---|
| **सार्वजनिक सुनुवाईमा उठेका सवालहरू** | | | |
| १. | यस आयोजनाले ढलको उचित व्यवस्थापन गर्नुपर्ने । | समेटिएको | खण्ड ६.२.१.२.४ |
| २. | यस अस्पताल थप १०० वेड संचालन गर्ने हुदाँ सवारी साधनको वृद्धि हुने हुदाँ ट्राफिकको उचित व्यवस्थापन गर्नुपर्ने। | समेटिएको | खण्ड ६.२.१.२.१० र ९.३ |
| ३. | रोजगारीमा यस आयोजनाले स्थानीय बसिहरुलाई प्राथमिकता दिनुपर्ने। | समेटिएको | खण्ड ६.१.१. |
| ४. | यस अस्पतालबाट निस्कासन हुने फोहोरमैलाको उचित व्यवस्थापन गर्नुपर्ने। | समेटिएको | खण्ड ६.२.१.२.१,<br>खण्ड ६.२.१.२.२<br>खण्ड ६.२.१.२.३<br>खण्ड ६.२.१.२.४<br>खण्ड ९.३, ९.४ |
| ५. | आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुलाई स्वास्थ्य उपचारमा सौलियत दिनुपर्ने। | - | अस्पतालको नियम अनुसार गरिने छ |
| ६. | सामाजिक उत्तरदायित्व कार्यक्रम लागु गरी स्थानीय सेवा सुबिधामा सहयोग गर्नु पर्ने। | - | अस्पतालको नियम अनुसार गरिने छ |
| **सिफारिस पत्र मार्फत आएका सुझावहरू** | | | |
| १. | गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन सहयोग | समेटिएको | खण्ड ७.१.१ |
| २. | क्षमता अनुसारको रोजगारी | समेटिएको | खण्ड ७.१.१ |
| ३. | अस्पताल परिसरमा थप पार्किङ्गको व्यवस्था | समेटिएको | खण्ड ७.२.१.२.१० |
| ४. | ढल तथा वर्षातको पानीको व्यवस्थापन | समेटिएको | खण्ड ७.२.१.२.४ |
| ५. | जोखिमयुक्त र संक्रमित फोहोरहरुको व्यवस्थापन | समेटिएको | खण्ड ७.२.२.१.१ |
| ६ | आर्थिक क्रियाकलाप वृद्धि हुने | समेटिएको | खण्ड ६.२.१.२ |

| क्र.श. | स्थानीयले उठाएका सवालहरू | समेटेको वा नसमेटेको | कैफियत |
|---|---|---|---|
| ७ | स्थानीय राजश्व सङ्कलनमा वृद्धि हुने | समेटिएको | खण्ड ६.२.१.२ |
| ८. | प्रदूषण हुने | समेटिएको | खण्ड ६.३.१.१.५ र ६.३.१.१.६ |
| ९. | ट्राफिक व्यवस्थापन तथा दुर्घटना बढ्न सक्ने | समेटिएको | खण्ड ६.३.१.१० |
| १०. | स्वास्थ्य संस्थाबाट निकाशन हुने हानिकारक स्वास्थ्य संस्थाजन्य फोहोरमैला पूर्ण रूपमा निर्मलीकरण पश्चात मात्र अन्तिम विसर्जनलाई पठाउनुपर्नेछ। साथै तरल फोहोरको प्रशोधन पश्चात तोकिएको मापदण्ड बमोजिम मात्र निकाशन गर्नुपर्नेछ। | समेटिएको | खण्ड ९.३, ९.४ र ९.५ |
| ११. | वातावरण तथा जनस्वास्थ्यमा प्रतिकूल असर नपर्ने गरी कार्य गर्नुपर्नेछ\ | - | वातावरण तथा जनस्वास्थ्यमा प्रतिकूल असर नपर्ने गरी कार्य गरिने छ\ |
| १२. | वरिपरिको वातावरणमा सरसफाई तथा हरियाली कायम गर्नुपर्ने छ\ | समेटिएको | खण्ड ७.१.१ |
| १३. | सामाजिक उत्तरदायित्व अन्तर्गत स्थानीय समुदायका लागि गरिने सहयोग गर्नुपर्नेछ\ | - | नेपाल सरकारको नियम अनुसार गरिने छ र अहिले पनि संचालन भैरहेको छ\ |
| १४. | सार्वजनिक सुनुवाईबाट आएको राय सल्लाह सुझाव उचित रूपमा कार्यान्वयन गर्नुपर्नेछ\ | समेटिएको | तालिका ६.१ र सोहि अनुसार कार्यान्वयन गरिने छ\ |
| १५. | रोजगारीको संख्या उल्लेख गरी स्थानीयलाई रोजगारीमा प्राथमिकता प्रदान गर्नुपर्नेछ। | समेटिएको | खण्ड ७.१.१ |
| १६. | कामदारहरूलाई Occupational Safety and Health सम्बन्धी तालिम दिनुपर्नेछ\ | समेटिएको | खण्ड ७.२.२.१.२ |

| क्र.श. | स्थानीयले उठाएका सवालहरू | समेटेको वा नसमेटेको | कैफियत |
|---|---|---|---|
| १७. | नकारात्मक प्रभावहरूको न्यूनीकरण गर्नुपर्नेछ | समेटिएको | परिच्छेद ७ |
| १८. | वैकल्पिक ऊर्जाको प्रयोग गर्नुपर्नेछ\ | समेटिएको | खण्ड ७.२.१.२.९ |
| १९. | भूमिगत पानीको अध्ययन गरी पुनःभरण गर्नुपर्नेछ। साथै पिउने पानी मापदण्ड नेपाल सरकारले तोकेको बमोजिम गुणस्तर अनुरूपको हुनुपर्नेछ\ | समेटिएको | खण्ड ७.२.१.२.८ |
| २०. | वातावरणीय व्यवस्थापन योजनामा उल्लेखित गरिएका सकारात्मक प्रभाव बढोत्तरी तथा नकारात्मक प्रभाव न्यूनीकरणका उपायहरू पालना गरी सञ्चालन गर्नुपर्नेछ\ | - | प्रस्तावकले सोहि अनुसार गर्न प्रतिबद्धता गरेको छ\ |
| २१. | का.म.पा. प्रदूषण नियन्त्रण मापदण्ड, २०८१ बमोजिम सञ्चालन हुनुपर्नेछ\ | - | सोहि अनुसार गरिने छ\ |
| २२. | प्रचलित कानून बमोजिम सञ्चालन हुनुपर्नेछ\ | - | सोहि अनुसार गरिने छ\ |

*श्रोतः स्थलगत भ्रमण, २०८१*

## ६.२ सकारात्मक वातावरण

### ६.२.१. संचालन चरण

#### ६.२.१.१ सेवाग्राहीको स्वास्थ्य सेवामा पहुँच

यस नर्भिक इन्टरनेसनल हस्पिटल एण्ड मेडिकल कलेजको स्तरोन्नति गरी ३०० शय्याको क्षमता सहित सञ्चालन गर्दा दैनिक रूपमा १००० जना बिरामीलाई सेवा प्रदान गर्न सकिनेछ। यस अवधिमा विभिन्न दक्ष जनशक्ति मार्फत उच्च गुणस्तरको स्वास्थ्य सेवा उपलब्ध गराइनेछ। यसले स्थानीय र क्षेत्रीय स्तरमा मात्र नभई देशका विभिन्न भाग र विदेशबाट आउने सेवाग्राहीहरूको संख्या वृद्धि गर्ने सम्भावना रहेको छ।

*यसको प्रभाव प्रत्यक्ष, परिमाणमा उच्च, सिमामा क्षेत्रीय र समयमा दीर्घकालीन अवधिको हुनेछ।*

### ६.२.१.२ स्थानीय तथा राष्ट्रिय अर्थतन्त्रमा टेवा

यस अस्पतालको स्तरोन्नतिबाट उपलब्ध हुने उच्च गुणस्तरको स्वास्थ्य सेवाले गर्दा स्वास्थ्य उपचारको लागि विदेश जानुपर्ने आवश्यकतालाई घटाउनेछ। यसले गर्दा स्वदेशी स्वास्थ्य सेवामा आत्मनिर्भरता वृद्धि गर्दै, स्थानीय अर्थतन्त्रमा प्रत्यक्ष योगदान पुर्याउनेछ। अस्पतालमा आउने रोगी र उनीहरूको परिवारको सुविधाका लागि आसपासका क्षेत्रमा रेस्टुरेन्ट, होटेल, फार्मेसी र अन्य सेवा क्षेत्रहरूको विकास हुनेछ। यसले स्थानीय व्यवसायहरूको अवसर सिर्जना गर्दै, नयाँ व्यवसायको स्थापनामा मद्दत पुर्याउनेछ। यस प्रकारको वातावरणले स्थानीय सरकारको राजस्व वृद्धिमा योगदान पुर्याउनेछ, जसले अर्थतन्त्रमा थप सकारात्मक प्रभाव पार्नेछ।

*यसको प्रभाव प्रत्यक्ष, परिमाणमा उच्च, सिमामा क्षेत्रीय र समयमा दीर्घकालीन अवधिको हुनेछ।*

### ६.२.१.३ हरियाली प्रवर्धन

यस अस्पताल क्षेत्रको २६०० वर्ग फिट क्षेत्रफलमा भू-व्यवस्थापन (landscaping) गरी बगैंचाको निर्माण कार्य गरिएको छ। जसले अस्पताल परिसरमा हरियाली प्रवर्धनमा योगदान पुर्याएको छ। उक्त बगैंचामा विभिन्न प्रकारका फूल र बिरुवाहरू रोपिएका छन्। अस्पतालको २०० शय्याबाट ३०० शय्यामा विस्तार गर्दा, थप हरियालीका क्षेत्रहरूको विकास र बिरुवा रोपण कार्यहरू गरिने छ। यस क्रममा, विशेषतः हावा शुद्ध गर्ने बिरुवाहरूको छनोट र रोपणमा प्राथमिकता दिइने छ,, जसले वातावरणमा प्रदूषण घटाउन र हावाको गुणस्तर सुधार गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्नेछन्।

*यसको प्रभाव प्रत्यक्ष, परिमाणमा निम्न, सिमामा स्थलगत र समयमा दीर्घकालीन अवधिको हुनेछ।*

### ६.२.१.४ स्थानीयहरुमा क्षमता अनुसार रोजगारीको अवसर

यस अस्पतालको स्तरोन्नतिका लागि थप १०० शय्या संचालन गर्नको लागि ८१० जना कर्मचारीले रोजगारीको अवसर पाउने छन्। क्षमता र योग्यताका आधारमा, स्थानीयलाई रोजगारीमा प्राथमिकता दिइने छ। घना शहरी क्षेत्रको लागि यस प्रकारको रोजगारीमा हुने वृद्धिलाई निकै सकारात्मक मान्नु पर्ने हुन्छ।

*यसको प्रभाव प्रत्यक्ष, परिमाणमा मध्यम, सिमामा स्थानीय र समयमा दीर्घकालीन अवधिको हुनेछ।*

### ६.१.२.५ स्थानीय आर्थिक क्रियाकलापमा वृद्धि

नर्भिक इन्टरनेसनल हस्पिटल एण्ड मेडिकल कलेजमा थप १०० शय्या सहित अस्पताल सञ्चालन गर्दा बिरामी, आगन्तुक र कर्मचारीहरूको संख्या वृद्धि हुनेछ, जसले आयोजनाको क्षेत्र र वरपरका

क्षेत्रहरूमा आर्थिक गतिविधिहरूमा महत्वपूर्ण वृद्धि ल्याउनेछ। अस्पतालमा सेवा लिने बिरामीहरूको संख्या र आगन्तुकहरूको आगमनका कारण, होटल, यातायात, र खुद्रा व्यापारजस्ता सेवाहरूमा माग बढ्नेछ ।

*यसको प्रभाव प्रत्यक्ष, परिमाणमा मध्यम, सिमामा स्थानीय र समयमा दीर्घकालीन अवधिको हुनेछ।*

**तालिका ६-१: प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्ने सकारात्मक प्रभाव र तह निर्धारण**

| क्रिया कलापहरु | प्रत्यक्ष वा अप्रत्यक्ष | परिमाण | सीमा | अवधि | कूल अंकभार र मूल्यांकन |
|---|---|---|---|---|---|
| **संचालन चरण** | | | | | |
| ▪ सेवाग्राहीको स्वास्थ्य सेवामा पहुँच | प्रत्यक्ष | उच्च (६०) | क्षेत्रीय (६०) | दीर्घकालीन (२०) | १४० (अत्याधिक महत्वपूर्ण) |
| ▪ स्थानीय तथा राष्ट्रिय अर्थतन्त्रमा टेवा | प्रत्यक्ष | उच्च (६०) | क्षेत्रीय (६०) | दीर्घकालीन (२०) | १४०(अत्याधिक महत्वपूर्ण) |
| ▪ हरियाली प्रवर्धन | प्रत्यक्ष | निन्म (१०) | स्थलगत (१०) | दीर्घकालीन (२०) | ४० (महत्वहिन) |
| ▪ स्थानीयहरुमा क्षमता अनुसारको रोजगारीको अवसर | प्रत्यक्ष | मध्यम (२०) | स्थानीय (२०) | दीर्घकालीन (२०) | ६० (मध्यम महत्वपूर्ण) |
| ▪ स्थानीय आर्थिक क्रियाकलापमा वृद्धि | प्रत्यक्ष | मध्यम (२०) | स्थानीय (२०) | दीर्घकालीन (२०) | ६० (मध्यम महत्वपूर्ण) |

## ६.३ नकारात्मक प्रभाव

### ६.३.१ भौतिक वातावरण

#### ६.३.१.१ संचालन चरण

##### ६.३.१.१.१ ठोस फोहोरमैला निष्काशनबाट पर्ने प्रभाव

यसअस्पतालको थप १०० शय्या सञ्चालनको क्रममा विभिन्न प्रकारका ठोस फोहोरमैलाहरु निष्कासन हुनेछन् जसमा कुहिने र नकुहिने फोहोर पनि रहने छन्। थप १०० शय्याबाट दैनिक कूल १४७.४७ के.जी. फोहोर निष्काशन हुने अनुमान गरिएको छ। अस्पतालको चमेना गृह, प्रयोगशाला तथा विभिन्न वार्डबाट निस्कने ठोस फोहरको उचित व्यवस्थापन (उत्पादन देखि विसर्जन

सम्म) हुन नसकेको खण्डमा अस्पताल क्षेत्र लगायतको वातावरण दुषित र अस्पतालकै सौन्दर्यमा पनि नकारात्मक प्रभाव पर्ने देखिन्छ।

*यसको प्रभाव प्रत्यक्ष, परिमाणमा उच्च, सिमामा स्थलगत र समयमा दीर्घकालीन अवधिको हुनेछ।*

### ६.३.१.१.२ अस्पतालजन्य फोहोरमैला व्यवस्थापन सम्बन्धि प्रभाव

अस्पतालजन्य फोहोरमैला अन्तर्गत चिकित्सकीय कार्यमा प्रयोग हुने पन्जा, मास्क, कपास, रगत, मानव अंग र तन्तु, ड्रेसिंग, चक्कु, पत्ती, सुई, सिरिन्ज, म्याद नाघेका औषधि लगायतका चिकित्साजन्य र अन्य फोहरहरू समावेश छन्। अस्पतालले सेवा प्रदान गर्ने क्रममा उत्पन्न हुने यस्ता जोखिमयुक्त र जोखिमरहित चिकित्साजन्य फोहरलाई नेपालको कानून र Basel Convention अनुसार वर्गीकरण गरी उचित व्यवस्थापन नगरेमा, यस अस्पताल परिसर र वरपरका स्थानहरूमा प्रदूषण र संक्रमण फैलिन सक्ने सम्भावना रहन्छ।

*यसको प्रभाव प्रत्यक्ष, परिमाणमा उच्च, सिमामा स्थलगत र समयमा दीर्घकालीन अवधिको हुनेछ।*

### ६.३.१.१.३ फोहोर पानी निष्काशनबाट पर्ने प्रभाव

प्रयोगशाला, अपरेसन कक्ष, वार्ड, र निसंक्रमण (Disinfection) प्रक्रियामा अस्पतालबाट फोहर पानी निष्काशन हुनेछ। यसबाहेक, शौचालय र स्नानाघरबाट निस्कने फोहर पानीको प्रकृति फरक हुनेछ, तर यदि यी दुई प्रकारका पानी एकआपसमा मिसिन्छ भने, यसले नकारात्मक प्रभावलाई थप बढाउन सक्छ। साथै, चमेनागृह र शौचालयबाट निष्काशित हुने फोहर पानीको उचित व्यवस्थापन नगरेमा, यसले भूमिगत पानीमा मिसेर पानीको प्रदूषण निम्त्याउने सम्भावना पनि बढ्न जाने देखिन्छ।

*यसको प्रभाव प्रत्यक्ष, परिमाणमा उच्च, सिमामा स्थलगत र समयमा दीर्घकालीन अवधिको हुनेछ।*

### ६.३.१.१.४ ढल व्यवस्थापन

नर्भिक इन्टरनेसनल हस्पिटल एण्ड मेडिकल कलेजको थप १०० शय्या सहित स्वास्थ्य सेवा प्रदान गर्दा, विभिन्न कक्षहरू (चिकित्सकीय कार्य हुने कक्ष, वार्ड, आगन्तुक कक्ष) र शौचालयबाट निष्काशित हुने फोहरले ढल व्यवस्थापनलाई चुनौतीपूर्ण बनाउँछ। यदि ढलको उचित व्यवस्थापन नगरेमा, यस आयोजना क्षेत्रको नजिकै रहेको बागमती नदी (१६८ मि. पर) समेत प्रदूषित हुन सक्ने सम्भावना रहन्छ।

*यसको प्रभाव प्रत्यक्ष, परिमाणमा उच्च, सिमामा स्थानीय र समयमा दीर्घकालीन अवधिको हुनेछ।*

### ६.३.१.१.५ ध्वनि प्रदूषण

अस्पतालको संचालन चरणमा ध्वनि प्रदूषणका प्रमुख श्रोतहरूमा अधिक सवारी साधनको प्रयोग, अस्पतालमा प्रयोग हुने उपकरणहरू, आकस्मिक विद्युत आपूर्तिका लागि चलाइने जेनरेटर, र उपचारका लागि आउने बिरामी र उनीहरूका साथमा आउने सहयोगीहरू पर्छन्। अस्पताल व्यस्त मुख्य सडकको छेउमा अवस्थित भएकाले, यहाँ आन्तरिक श्रोतहरू भन्दा बाह्य श्रोतहरूले बढी प्रभाव पार्ने सम्भावना देखिन्छ।

*यसको प्रभाव प्रत्यक्ष, परिमाणमा उच्च, सिमामा स्थलगत र समयमा दीर्घकालीन अवधिको हुनेछ।*

### ६.३.१.१.६ वायु प्रदूषण

अस्पतालको विद्युत आपूर्तिका लागि आकस्मिक रूपमा प्रयोग गरिने जेनरेटर, अस्पताल परिसरमा सञ्चालन हुने सवारी तथा ढुवानीका साधनहरू, साथै बाह्य श्रोतका रूपमा मुख्य सडकमा गुड्ने सवारी साधनहरूबाट अस्पताल क्षेत्रमा वायु प्रदूषण उत्पन्न हुने सम्भावना छ। वायु गुणस्तरको तथ्याङ्कका आधारमा, PM२.५ को स्तर सामान्य मापदण्डभन्दा थोरै बढी रहेको पाइएको छ। यसप्रकारको वायु प्रदूषण, विशेषतः ३०० शय्या विस्तारको कारण यातायातको चापमा वृद्धि हुन सक्नेछ। सवारी सादन आवत जावतको कारण हुने वायु प्रदूषणले अस्पतालमा कार्यरत जनशक्ति, उपचारका लागि आउने बिरामीहरू र उनीहरूका आफन्तको स्वास्थ्यमा नकारात्मक प्रभाव पार्ने सम्भावना उच्च देखिन्छ।

*यसको प्रभाव प्रत्यक्ष, परिमाणमा उच्च, सिमामा स्थलगत र समयमा दीर्घकालीन अवधिको हुनेछ।*

### ६.३.१.१.७ विपद जोखिमबाट पर्ने प्रभाव

होचा भवनहरूको तुलनामा, स्तरोन्नतिको लागि बनाइएको नयाँ १० तले भवनमा भूकम्प जस्ता प्राकृतिक प्रकोप र विपत्तिबाट पर्ने असर अधिक गम्भीर हुन सक्दछ। उच्च जनघनत्व भएका क्षेत्रहरूमा, जहाँ ठूलो जनसंख्या र विभिन्न गतिविधिहरू एकसाथ सञ्चालन भइरहेका हुन्छन्, यस्ता विपत्तिहरूको प्रभाव अझ बढी गहिरो र जोखिमपूर्ण हुनसक्छ। तसर्थ भूकम्पको समयमा भवनमा पर्ने दबाव र प्रभाव अत्यधिक हुने सम्भावना छ, जसले भवनको स्थायित्वमा समस्या र सुरक्षित निकासीमा कठिनाइ उत्पन्न गर्न सक्छ। अधिक मात्रामा जनसंख्याको कारण सुरक्षित निकासी प्रक्रियामा अवरोध आउन सक्छ, जसले गर्दा मानवीय र भौतिक क्षतिको सम्भावनालाई बढाउँछ।

*यसको प्रभाव प्रत्यक्ष, परिमाणमा उच्च, सिमामा स्थलगत र समयमा दीर्घकालीन अवधिको हुनेछ।*

### ६.३.१.१.८ भूमिगत पानीको निष्काशन/प्रयोगबाट पानीको सतहमा आउने ह्रासबाट पर्ने प्रभाव

काठमाडौं उपत्यकामा अहिले भूमिगत पानीको अत्यधिक प्रयोग र पुनर्भरणमा कमीको समस्याबाट प्रभावित भइरहेको छ। खुला स्थानहरूको अभाव र शहरीकरणको वृद्धिले जलाशयको पुनर्भरण प्रक्रियामा बाधा पुर्याएको छ। यस अस्पतालको स्तरोन्नति कार्य पछि, दैनिक रूपमा भूमिगत पानीको उच्च मात्रामा प्रयोग हुने संभावना रहन्छ, जसले भूमिगत जलश्रोतको सतहमा ह्रास ल्याउन सक्छ। अस्पतालको आवश्यकता अनुसार पानीको अत्यधिक प्रयोगले, यदि पुनर्भरण प्रक्रिया पर्याप्त रूपमा व्यवस्थापन नगरेमा, यसले भूमिगत जलको स्तर घटाउने जोखिम बढाउँछ। यसले अस्पतालको आफ्ना पानीका श्रोतहरूमा मात्र असर नगरी, वरपरका क्षेत्रका पानी श्रोतहरूमा पनि नकारात्मक प्रभाव पार्न सक्छ। थप रूपमा, भूमिगत पानीको अत्यधिक प्रयोगले जमिन भासिने सम्भावनालाई बढाउँछ, जसले संरचनात्मक क्षति र अन्य पर्यावरणीय समस्याहरू निम्त्याउन सक्दछ।

*यसको प्रभाव प्रत्यक्ष, परिमाणमा मध्यम, सिमामा स्थानीय र समयमा मध्यकालीन अवधिको हुनेछ।*

### ६.३.१.१.९ बढ्दो उर्जा खपत र उर्जाको मागबाट पर्ने प्रभाव

अस्पतालको स्तरोन्नति गरेर थप १०० शय्या सञ्चालनमा ल्याउँदा उपचार र जाँचका लागि विभिन्न प्रकारका विद्युतीय उपकरणहरू (जस्तै, X-ray, MRI, CT Scan, ECG, प्रयोगशालाका उपकरण), कार्यालय प्रयोजनका उपकरणहरू (कम्प्युटर, सर्भर, प्रिन्टर) साथै हिटर, भेन्टिलेटर, धुलाई र सफाईका मेसिनहरू अधिक मात्रामा प्रयोग हुनेछन्। यसका लागि उच्च भोल्टेजको विद्युत ऊर्जा आवश्यक पर्नेछ, जसले हाल क्षेत्रमै भइरहेको विद्युत आपूर्तिमा अतिरिक्त भार बढाउने सम्भावना देखिन्छ।

*यसको प्रभाव प्रत्यक्ष, परिमाणमा मध्यम, सिमामा स्थलगत र समयमा दीर्घकालीन अवधिको हुनेछ।*

### ६.३.१.१.१० ट्राफिक व्यवस्थापन

यस अस्पतालको स्तरोन्नति र थप १०० शय्या सञ्चालनको क्रममा यातायातको चाप बढ्न सक्छ। आयोजनास्थलको स्थान र थप शय्या खोल्नाले अस्पताल क्षेत्रमा सवारी जाम र ढिलासुस्तीको समस्या उत्पन्न हुन सक्छ। खासगरी, अस्पतालमा आउने बिरामी र उनीहरूको साथमा आउने आगन्तुक, साथै कर्मचारीहरूको आवागमनको कारण यातायातको बहावमा बढोत्तरी हुनेछ। यसले स्थानीय सडकमा भारी ट्राफिक जाम र अव्यवस्थित पार्किङ्ग समस्याहरू निम्त्याउन सक्दछ।

*यसको प्रभाव प्रत्यक्ष, परिमाणमा मध्यम, सिमामा स्थानीय र समयमा दीर्घकालीन अवधिको हुनेछ।*

**तालिका ६.२: नकारात्मक प्रभाव**

| क्रिया कलापहरु | प्रत्यक्ष वा अप्रत्यक्ष | परिमाण | सीमा | अवधि | कूल अंकभार र मूल्यांकन |
|---|---|---|---|---|---|
| **संचालान चरण** | | | | | |
| ठोस फोहोरमैला निष्काशनबाट पर्ने प्रभाव | प्रत्यक्ष | उच्च (६०) | स्थलगत (१०) | दीर्घकालिन (२०) | ९० (अत्यधिक महत्वपूर्ण) |
| अस्पतालजन्य फोहोरमैला व्यवस्थापन सम्बन्धि प्रभाव | प्रत्यक्ष | उच्च (६०) | स्थलगत (१०) | दीर्घकालिन (२०) | ९० (अत्यधिक महत्वपूर्ण) |
| फोहोर पानी निष्काशनबाट पर्ने प्रभाव | प्रत्यक्ष | उच्च (६०) | स्थलगत (१०) | दीर्घकालिन (२०) | ९० (अत्यधिक महत्वपूर्ण) |
| ढल व्यवस्थापन | प्रत्यक्ष | उच्च (६०) | स्थानीय (२०) | दीर्घकालिन (२०) | १०० (अत्यधिक महत्वपूर्ण) |
| ध्वनि प्रदूषण | प्रत्यक्ष | उच्च (६०) | स्थलगत (१०) | दीर्घकालिन (२०) | ९० (अत्यधिक महत्वपूर्ण) |
| वायु प्रदूषण | प्रत्यक्ष | उच्च (६०) | स्थलगत (१०) | दीर्घकालिन (२०) | ९० (अत्यधिक महत्वपूर्ण) |
| विपद जोखिमबाट पर्ने प्रभाव | प्रत्यक्ष | उच्च (६०) | स्थलगत (१०) | दीर्घकालिन (२०) | ९० (अत्यधिक महत्वपूर्ण) |
| भूमिगत पानीको निष्काशन/प्रयोगबाट पानीको सतहमा आउने ह्रासबाट पर्ने प्रभाव | प्रत्यक्ष | मध्यम (२०) | स्थानीय (२०) | मध्यकालिन (१०) | ५० (मध्यम महत्वपूर्ण) |
| बढ्दो उर्जा खपत र उर्जाको मागबाट पर्ने प्रभाव | प्रत्यक्ष | मध्यम (२०) | स्थलगत (१०) | दीर्घकालिन (२०) | ५० (मध्यम महत्वपूर्ण) |

| क्रिया कलापहरु | प्रत्यक्ष वा अप्रत्यक्ष | परिमाण | सीमा | अवधि | कूल अंकभार र मूल्यांकन |
|---|---|---|---|---|---|
| ट्राफिक व्यवस्थापन | प्रत्यक्ष | मध्यम (२०) | स्थानीय (२०) | दीर्घकालिन (२०) | ६० (मध्यम महत्वपूर्ण) |

### ६.३.२ जैविक वातावारण

यस अस्पतालको स्वामित्वमा रहेको बाँझो जग्गामा निर्माण भएकोले र शहरी क्षेत्रमा रहेको हुनाले जैविक वातावरणमा प्रत्यक्ष असर नपर्ने देखिन्छ यद्यपि, यस अस्पताल आवासीय र व्यावसायिक क्षेत्रभित्र पर्ने हुँदा र यस क्षेत्रमा जैविक प्रजातिको वासस्थान नहुँदा पनि, अस्पतालको वरिपरि रहेका चराचुरुङ्गीमा अप्रत्यक्ष असर पर्न सक्ने सम्भावना रहन्छ।

### ६.३.३ सामाजिक, आर्थिक तथा साँस्कृतिक वातावरण

#### ६.३.३.१ संचालन चरण

##### ६.३.३.१.१ संक्रामक रोग फैलिन सक्ने सम्भावना

अस्पतालमा स्वाभाविक रूपमा विभिन्न प्रकारका बिरामीहरू (संक्रामक र गैरसंक्रामक रोग भएका) आउने गर्दछन्। यस क्रममा, संक्रामक रोग भएका बिरामीबाट अन्य बिरामी वा स्वस्थ आगन्तुकमा रोग सर्नसक्ने सम्भावना रहन्छ। यस्तो जोखिमलाई ध्यानमा राख्दै, रोगको फैलावट हुनबाट रोक्न आवश्यक सावधानी अपनाउनु अत्यन्त महत्त्वपूर्ण छ। यदि यस प्रकारको सावधानीको अभाव भएको खण्डमा, अस्पतालले रोग फैलाउने केन्द्रको रूपमा काम गर्न सक्ने सम्भावना हुन्छ जस्तै डेंगु, महामारी आदि।

*यसको प्रभाव प्रत्यक्ष, परिमाणमा उच्च, सिमामा स्थानीय र समयमा दीर्घकालीन अवधिको हुनेछ।*

##### ६.३.३.१.२ .व्यावसायिक सुरक्षा र स्वास्थ्यमा पर्ने प्रभाव

अस्पतालको थप १०० शय्या सञ्चालनसँगै, विभिन्न तहका स्वास्थ्यकर्मी तथा प्राविधिक जनशक्तिहरू चिकित्सकीय सेवा प्रवाहमा संलग्न हुनेछन्। तीमध्ये केही जनशक्ति विकिरणयुक्त उपकरणहरू (जस्तैः X-ray, CT Scan, MRI) को प्रत्यक्ष नजिक रहने हुँदा दीर्घकालीन विकिरणजन्य जोखिमको सम्भावना रहन्छ। त्यस्तै, प्रयोगशाला, अपरेसन कक्ष तथा निसंक्रमण (Disinfection) कक्षहरूमा कार्यरत कर्मचारीहरू संक्रमित नमूना, रक्तजन्य तरल पदार्थ, रसायन तथा जीवाणुजन्य फोहोरको प्रत्यक्ष सम्पर्कमा रहने हुँदा रोग सर्ने, रासायनिक जलन वा एलर्जी हुने तथा अन्य व्यावसायिक स्वास्थ्य समस्या उत्पन्न हुने जोखिम रहन्छ।

यसका अतिरिक्त, अस्पतालमा सेवाग्राहीका रूपमा आउने सर्वसाधारण विशेषतः बिरामीका आफन्त, आगन्तुक, वा पर्खाइमा बस्ने व्यक्तिहरू पनि यस्ता संवेदनशील उपकरणहरू वा क्षेत्रको आसपासमा रहँदा अप्रत्यक्ष रूपमा स्वास्थ्य जोखिमको सामना गर्नुपर्ने सम्भावना रहन्छ। त्यसैले, अस्पताल सञ्चालनको चरणमा स्वास्थ्य सेवा प्रदायक तथा आम सर्वसाधारण दुवैमा स्वास्थ्य जोखिम देखा पर्ने

सम्भावना रहन्छ, जुन सावधानीपूर्वक व्यवस्थापन नभएको अवस्थामा गम्भीर परिणाम निम्त्याउन सक्दछ।

*यसको प्रभाव प्रत्यक्ष, परिमाणमा उच्च, सिमामा स्थलगत र समयमा दीर्घकालीन अवधिको हुनेछ।*

### ६.३.३.१.३ सामुदायिक स्वास्थ्य र सुरक्षा

अस्पतालमा थप १०० शय्या सञ्चालन गर्दा उत्पन्न हुने जोखिमपूर्ण र अन्य प्रकारका फोहरहरूको उचित व्यवस्थापन नगरेमा यसले स्थानीय वातावरणमा दुर्गन्ध फैलाउन सक्छ र सामुदायिक स्वास्थ्यमा नकारात्मक प्रभाव पार्न सक्छ। यदि अस्पतालका शौचालयहरू र आगन्तुकहरूको पर्खने स्थानहरूमा सफाइमा कमी रहने हो भने, यसले त्यहाँको स्वास्थ्य र सुरक्षा अवस्थामाथि नकारात्मक असर पर्न सक्छ। यसकारण, फोहरको सही व्यवस्थापन र सफाइका उपायहरूको पालना अति महत्त्वपूर्ण देखिन्छ।

*यसको प्रभाव प्रत्यक्ष, परिमाणमा मध्यम, सिमामा स्थलगत र समयमा दीर्घकालीन अवधिको हुनेछ।*

### ६.३.३.१.४ शव व्यवस्थापन

अस्पतालमा धार्मिक र सांस्कृतिक आस्थाका कारण शव व्यवस्थापन गर्ने प्रचलन नभएकोले मृतकका शवहरूको व्यवस्थापन सम्बन्धित परिवारका सदस्यहरूको माध्यमबाट गरिनेछ। मृत शरीरलाई दाहसंस्कार गर्नका लागि दाह संस्कार स्थलमा पठाइन्छ वा त्यहाँ जलाउनका लागि लैजान्छ।

*यसको प्रभाव प्रत्यक्ष, परिमाणमा मध्यम, सिमामा स्थलगत र समयमा दीर्घकालीन अवधिको हुनेछ।*

### ६.३.३.१.५ सामाजिक कुरितीहरु बढ्न सक्ने

अस्पतालमा थप १०० शय्या सञ्चालनसँगै रोगी, सेवाग्राही तथा तिनीहरूका सहयोगीहरूको दैनिक आवागमनमा उल्लेख्य वृद्धि हुनेछ। यस प्रकारको जनचापले स्थानीय क्षेत्रमा चहलपहल बढाउने सम्भावना रहन्छ, जसले सामाजिक वस्तुस्थितिमा नकारात्मक प्रभाव पार्न सक्छ। यद्यपि उक्त क्षेत्रमा पहिले देखि नै व्यापारिक गतिविधि भइरहेको छ, अस्पताल सञ्चालनका कारण त्यहाँ केहि विशिष्ट स्थानहरूमा यस्ता घटनाहरूमा वृद्धि हुन सक्ने सम्भावना छ।

*यसको प्रभाव प्रत्यक्ष, परिमाणमा मध्यम, सिमामा स्थलगत र समयमा दीर्घकालीन अवधिको हुनेछ।*

### ६.३.३.१.६ ऐतहासिक, पुरातात्विक परम्परा र सांस्कृतिक धार्मिक ठाउँमा पर्ने असर

प्रस्तावित १०० शय्याको थप सुबिधासहितको अस्पताल बागमती नदी किनारमा अवस्थित छ, जुन बागमती सभ्यताको महत्वपूर्ण सांस्कृतिक र ऐतिहासिक क्षेत्र हो। अस्पताल सञ्चालनको क्रममा बागमती नदीको बाहेक अन्य कुनै पुरातात्त्विक, धार्मिक वा सांस्कृतिक सम्पदामा प्रत्यक्ष प्रभाव पर्ने देखिँदैन। तथापि, अस्पताल सञ्चालनको क्रममा ढल तथा फोहरमैला व्यवस्थापनमा कमजोरी देखा

परेमा बागमती नदीको स्वच्छता र पवित्रतामा नकारात्मक असर पर्न सक्ने सम्भावना रहन्छ। त्यसकारण, नदीसँग सम्बन्धित सांस्कृतिक र धार्मिक संवेदनशीलतालाई मध्यनजर गर्दै प्रत्येक सञ्चालन कार्य अत्यधिक सावधानीपूर्वक गर्नुपर्ने आवश्यकता देखिन्छ।

*यसको प्रभाव प्रत्यक्ष, परिमाणमा मध्यम, सिमामा स्थलगत र समयमा दीर्घकालीन अवधिको हुनेछ।*

### ६.३.३.१.७ बालश्रम तथा लैङ्गिक विभेदबाट पर्ने प्रभाव

यस अस्पतालले थप १०० शय्या सहित आफ्नो सेवा सञ्चालन अवधिमा विभिन्न किसिमका दक्ष र अर्ध-दक्ष जनशक्ति परिचालन गर्नेछ। यस क्रममा, न्यूनतम कानूनी उमेर नपुगेका व्यक्तिहरू समेत कामको आशा र आर्थिक प्रलोभनमा परेर अर्ध—दक्ष श्रमिकका रूपमा संलग्न हुन सक्ने सम्भावना रहनुका साथै, कार्यस्थलमा लैंगिक विभेद (समान प्रकारको काममा असमान तलब) पनि हुन सक्ने सम्भावना देखिन्छ।

*यसको प्रभाव अप्रत्यक्ष, परिमाणमा मध्यम, सिमामा स्थलगत र समयमा दीर्घकालीन अवधिको हुनेछ।*

### ६.३.३.१.८ गुनासो सम्बोधन संयन्त्र

यस अस्पताल सञ्चालनको क्रममा सेवाग्राही, आगन्तुक तथा कर्मचारीहरूले विभिन्न प्रकारका गुनासाहरू राख्न सक्ने अवस्था उत्पन्न हुन सक्छ। यदि यस्ता गुनासाहरू सुन्ने, मूल्याङ्कन गर्ने र समयमै समाधान गर्ने औपचारिक संयन्त्रको अभाव रह्यो भने, सेवा प्रतिको असन्तुष्टि बढ्न सक्छ र अस्पतालको विश्वसनीयता माथि कमजोर हुन सक्छ। तसर्थ गुनासो सम्बोधन संयन्त्र आवश्यक देखिन्छ।

*यसको प्रभाव अप्रत्यक्ष, परिमाणमा मध्यम, सिमामा स्थलगत र समयमा दिर्घकालिन अवधिको हुनेछ।*

## तालिका ६.३: सामाजिक आर्थिक तथा साँस्कृतिक वातावरणमा पर्न सक्ने नकारात्मक प्रभाव र तह निर्धारण

| क्रिया कलापहरु | प्रत्यक्ष वा अप्रत्यक्ष | परिमाण | सीमा | अवधि | कुल अंकभार र मूल्यांकन |
|---|---|---|---|---|---|
| **संचालन चरण** | | | | | |
| संक्रामक रोग फैलिन सक्ने सम्भावना | प्रत्यक्ष | उच्च (६०) | स्थानीय (२०) | दीर्घकालिन (२०) | १०० (अत्यधिक महत्वपूर्ण) |
| व्यावसायिक स्वास्थ्य र सुरक्षामा पर्ने प्रभाव | प्रत्यक्ष | उच्च (६०) | स्थलगत (१०) | दीर्घकालिन (२०) | ९० (अत्यधिक महत्वपूर्ण) |
| सामुदायिक स्वास्थ्य र सुरक्षा | प्रत्यक्ष | मध्यम (२०) | स्थलगत (१०) | दीर्घकालिन (२०) | ५० (मध्यम महत्वपूर्ण) |
| शव व्यवस्थापन | प्रत्यक्ष | मध्यम (२०) | स्थलगत (१०) | दीर्घकालिन (२०) | ५० (मध्यम महत्वपूर्ण) |
| सामाजिक कुरितीहरु बढ्न सक्ने | प्रत्यक्ष | मध्यम (२०) | स्थलगत (१०) | दीर्घकालिन (२०) | ५० (मध्यम महत्वपूर्ण) |
| ऐतिहासिक तथा पुरातात्विक, परम्परा र संस्कृती धार्मिक ठाउँमा पर्ने असर | प्रत्यक्ष | मध्यम (२०) | स्थलगत (१०) | दीर्घकालिन (२०) | ५० (मध्यम महत्वपूर्ण) |
| बालश्रम तथा लैंगिक विभेदबाट पर्ने प्रभाव | अप्रत्यक्ष | मध्यम (२०) | स्थलगत (१०) | अल्पकालीन (५) | ३५ (महत्वहिन) |
| गुनासो सम्बोधन संयन्त्र | अप्रत्यक्ष | मध्यम (२०) | स्थलगत (१०) | दीर्घकालिन (२०) | ५० (मध्यम महत्वपूर्ण) |

# परिच्छेद ७: सकारात्मक प्रभाव अभिवृद्धि गर्ने तथा नकारात्मक प्रभाव न्यून गर्ने उपाय

यस नर्भिक इन्टरनेसनल हस्पिटल एण्ड मेडिकल कलेजको क्षमता वृद्धि गर्दा, पहिचान गरिएका नकारात्मक प्रभावहरुलाई न्यूनिकारण गर्ने र सकारात्मक प्रभावहरुलाई बढोत्तरी गर्न विभिन्न उपायहरु तल प्रस्तुत गरिएका छन्।

## ७.१ सकारात्मक प्रभाव बढोत्तरीका उपायेहरु

### ७.१.१ संचालन चरण

- **सेवाग्राहीको स्वास्थ्य सेवामा पहुँच**
  - यस अस्पतालबाट प्रदान गरिने स्वास्थ्य सेवा गुणस्तरीय, सर्वसुलभ हुनेछन्।
  - डिजिटल स्वास्थ्य सेवा (e-health service) को विस्तार गरिनेछ, जसले टाढाका बिरामीलाई पनि परामर्श र सेवा प्राप्त गर्न मद्दत गर्नेछ।
  - स्वास्थ्य बीमा अन्तर्गतको सेवा पहुँच सहज बनाइनेछ।
- **स्थानीय तथा राष्ट्रिय अर्थतन्त्रमा टेवा**
  - यस अस्पतालबाट रोयल्टी स्वरूप पाएको रकम स्थानीय निकायले स्थानीय क्षेत्रको विकासका लागि आवश्यकता अनुसार खर्च गर्न सकिने व्यवस्था गरिने छ।
- **हरियाली प्रवर्धन**
  - अस्पताल परिसरको हरियाली क्षेत्रलाई व्यवस्थित गर्दै बिरुवा संरक्षण र संरक्षण कार्यक्रमको आयोजना गरिनेछ।
- **स्थानीयहरुमा क्षेमता अनुसार रोजगारीको अवसर**
  - स्थानीयलाई रोजगारीमा प्राथमिकता दिईनेछ।
  - कर्मचारीको क्षेमता बृद्ध गर्न स्वास्थ्य सम्बन्धित विभिन् खालका तालिम, workshops, webinar and conference प्रदान गरिनेछ।
- **स्थानीय आर्थिक क्रियाकलापमा वृद्धि**
  - अस्पतालसँग सम्बन्धित जोडिएका व्यवसायहरू (रेस्टुरेन्ट, होटेल, फार्मेसी, यातायात सेवाहरू) का लागि प्रोत्साहन गरिने छ।

## ७.२ नकारात्मक प्रभाव

### ७.२.१ भौतिक वातावरण

#### ७.२.१.२ संचालन चरण

##### ७.२.१.२.१ ठोस फोहोरमैला निष्काशनबाट पर्ने प्रभाव

- आयोजनाबाट निस्कने फोहोरमैलालाई श्रोतमा नै वर्गीकरण गरी छुट्टै सङ्कलन कार्य गरी आयोजना क्षेत्रभित्र सुरक्षित स्थानमा जम्मा गरिने छ। सोको विसर्जनका लागि सम्बन्धित स्थानीय तहको फोहोरमैला व्यवस्थापन एकाईसँग समन्वय गरी व्यवस्थापन गरिनेछ।
- साधारण फोहोरलाई कुहिने र नकुहिने फोहोरमा वर्गीकरण गरिनेछ।
- आयोजनामा फोहोरमैला व्यवस्थापनका लागि कम प्रयोग, पूनः प्रयोग र फेरी अर्को रुपमा प्रयोग 3R सिद्धान्त अनुसार गरिनेछ।
- दैनिकरुपम फोहोरमैलाको लेखाजोखा राखिनेछ ।
- अस्पतालको कर्मचारीलाई फोहोरमैला व्यवस्थापन सम्बन्धि नियमित तालिम संचालन गरिनेछ।

##### ७.२.१.२.२ अस्पतालजन्य फोहोरमैला व्यवस्थापन सम्बन्धि प्रभाव

- अन्तर्राष्ट्रिय मापदण्ड अनुसार Waste Management Guidelines लागू गरिनेछ।
- अस्पतालमा निष्काशन हुने जोखिमयुक्त र जोखिम रहित फोहोरमैलाको श्रोतमै वर्गीकरण गरिनेछ।
- जोखिमयुक्त र संक्रमित फोहोरहरुको अन्तिम विसर्जन (Incineration) गर्न भन्दा पहिले उचित प्रविधिद्वारा अनिवार्य रुपमा उपचार गरिनेछ।
- अस्पतालबाट सृजित संक्रमणजन्य फोहोरलाई अटोक्लेभिंगद्वारा संक्रमण रहित गरेर अन्तिम व्यवस्थापन गरिनेछ।
- धारिलो वस्तुलाई निडल डिस्ट्रयरद्वारा व्यवस्थापन गरिनेछ।

##### ७.२.१.२.३ फोहोर पानी निष्काशनबाट पर्ने प्रभाव

- संक्रमित फोहोर पानी प्रशोधन गर्नका लागि फोहोर पानि प्रशोधन गर्ने E.T.P यन्त्र जडान गरिनेछ।
- प्रशोधित अन्तिम विसर्जन पानीलाई राष्ट्रिय मापदण्ड पालना गरी जलीय वातावरणलाई असर नपुर्याइ व्यवस्थापन गरिनेछ।

##### ७.२.१.२.४ ढल व्यवस्थापन

- पर्याप्त पूर्वाधारका सुबिधाहरु जस्तै सजिलै व्यवस्थापन गर्न सक्ने ढल प्रणाली, फोहोर पानी सङ्कलन तथा प्रशोधन प्रणाली र उचित विसर्जन प्रणालीको व्यवस्थापनद्वारा समाधान गरिनेछ।
- आवश्यकता अनुसार आयोजना क्षेत्र वरिपरिको विद्यमान ढल निकासी प्रणालीको मर्मतमा सहयोग गर्नेछ।

### ७.२.१.२.५ ध्वनि प्रदूषण

- आवाज कम निकाल्ने जेनेरेटर प्रयोग गरिनेछ।
- अस्पताल वरपर हर्न बजाउन निषेध, गति सिमाना (१५ कि.मी./घण्टा सम्म) जस्ता संकेतहरु गर्ने ट्राफिक चिह्न रखिनेछन्।
- पेशागत सुरक्षा तथा स्वास्थ्य प्रशासनको मापदण्ड पूरा गरेका उपकरणहरु प्रयोग गर्न प्रोत्साहन गरिनेछन्।
- ध्वनि उत्सर्जन हुने क्षेत्रमा काम गर्ने कर्मचारीलाई व्यक्तिगत स्वास्थ्य सुरक्षा उपकरणहरु प्रदान गरिनेछन्।

### ७.२.१.२.६ वायु प्रदूषण

- न्यून धुँवा उत्सर्जन गर्ने उच्च स्तरीय जेनेरेटर जडान गरिनेछन्।
- High Efficiency Particulate air (HEPA) प्रणाली अस्पतालभित्र प्रयोग गरिनेछन्।
- सवारी साधन व्यवस्थापन बारे जनकारीमूलक सन्देश तथा सरकारद्वारा तोकिएको उत्सर्जन मापदण्ड पालना गर्न प्रोत्साहित गरिनेछन्।
- अस्पतालले प्रयोग गर्ने गाडीहरु नियमित मर्मत गरी संचालन गरिनेछन्।

### ७.२.१.२.७ विपद जोखिमबाट पर्ने प्रभाव

- भवन ऐन, २०५५ बमोजिमको राष्ट्रिय भवन संहितालाई पालना गरी भवन निर्माण गरिएको छ। भवन निर्माण पूर्व का.म.पा बाट नक्सा पास एवं निर्माण अनुमतिपत्र लिईएको छ।
- अस्पताल भवनमा विपदको बखत प्रयोग हुन सक्ने emergency staircase भवन डिजाइन अवधारणा अनुसार निर्माण गरिनेछ।
- आगोलागी जस्ता हुन सक्ने सम्भावित दुर्घटनाबाट बच्न अग्नि समनयन्त्र (Fire Extinguisher) जडान गरिनेछ।
- अस्पतालका कर्मचारीहरुलाई आपतकालिन प्रकोप र दुर्घटनाका बारे तालिम दिइनेछ।
- आकस्मिक संकेतका लागि साईरनको जडान गरिने छ।

### ७.२.१.२.८ भूमिगत पानीको निष्काशन/प्रयोगबाट पानीको सतहमा आउने ह्रासबाट पर्ने प्रभाव

- सम्बन्धित निकायद्वारा अनुमति प्राप्त दरमा मात्र भूमिगत पानीको निकासी गरिनेछ।

- अस्पतालले ३०० मि. भन्दा मुनिको पानी deep बोरिङ्ग गरी वरिपरीको बस्तीले हाल निकाली रहेको shallow बोरिङ्ग भूमिगत पानीको ३०-३५ मि. तहको aquifier मा असर नपर्ने गरी प्रयोग गर्नेछ।
- जमिनमुनिको पानी पुनर्भरण गर्न recharge pit को निर्माण गरिनेछ।
- आकाशे पानीको सङ्कलन प्रणाली लागु गरी भूमिगत पानीको अत्यधिक प्रयोगलाई घटाइनेछ।
- अस्पताल परिसरमा खुला स्थानको व्यवस्था गरिनेछ।
- पिउने पानी नेपाल सरकारले तोकेको बमोजिम गुणस्तर अनुरुप गरिनेछ\

**७.२.१.२.९ बढ्दो उर्जा खपत र उर्जाको मागबाट पर्ने प्रभाव**

- विद्युतीय ऊर्जा खपत न्यूनीकरणका लागि वातावरण मैत्री उपकरणहरूको प्रयोगलाई प्राथमिकता दिइनेछ।
- सम्भव भएसम्म वातावरण मैत्री तथा ऊर्जा खपत कम हुने एल.इ.डी. बल्बहरूको प्रयोग गरिनेछ।
- वैकल्पिक ऊर्जाको रूपमा जेनरेटरको प्रयोगलाई विस्तारै निरुत्साहसित गर्दै सौर्य ऊर्जालाई वैकल्पिक ऊर्जाको श्रोतको रूपमा प्रयोग गर्ने व्यवस्था मिलाइनेछ।

**७.२.१.२.१० ट्राफिक व्यवस्थापन**

- अस्पताल परिसरमा पार्किङ्गको व्यवस्था गरिने छ। बिरामी कुरुवा तथा अस्पतालसँग सम्बन्धित व्यक्तिसँग पार्किङ्गको शुल्क लिइने छैन।
- स्थानीय सरकार र सरोकारवालासँग समन्वय गरी अस्पताल वरिपरिका बाटोहरूलाई व्यवस्थित गरिएको छ।
- अस्पतालको प्रवेशद्वारमा सडक किनारमा पार्किङ्ग अनुमति दिइने छैन।
- सवारी साधनहरूको हर्न न बजाउने संकेत र गति सीमा १५ कि.मी./घण्टा सम्मको संकेत बोर्डहरू राखिनेछन्।

## ७.२.२ सामाजिक, आर्थिक तथा साँस्कृतिक वातावरण

### ७.२.२.१ संचालन चरण

#### ७.२.२.१.१ संक्रामक रोग फैलिन सक्ने सम्भावना

- अस्पतालमा आउने आगन्तुक र कर्मचारीहरुलाई अस्पताल भवन छिर्नु अघि माक्स, स्यानीटाइजरको व्यवस्था गरिनेछ।
- स्वास्थ्य मन्त्रालयको संक्रामक रोग सम्बन्धि सम्पूर्ण मापदण्ड पालना गरिनेछ।

- सरुवा रोगको संक्रमणको नियन्त्रण र फैलावट रोक्नका लागि आवश्यकतानुसार आइसोलेशन कक्षको व्यवस्था गरिनेछ।
- स्वास्थ्यकर्मीहरूका लागि संक्रमण रोकथाम, बिरामीको सुरक्षित ह्यान्डलिङ, PPE को सही प्रयोग, र सङ्क्रमण रोगको प्रकोपको आपतकालीन प्रोटोकलहरूबारे नियमित प्रशिक्षण गरी संचालन गरिनेछ।

### ७.२.२.१.२ व्यावसायिक सुरक्षा र स्वास्थ्यमा पर्ने प्रभाव

- स्वास्थ्य र सुरक्षा सम्बन्धि पोस्टरहरू र जनसचेतनात्मक सामग्रीहरू अस्पतालभरि प्रमुख स्थानहरूमा प्रदर्शन गरिनेछन्।
- कामदारहरूलाई व्यावसायिक सुरक्षा र स्वास्थ्य सम्बन्धी तालिम प्रदान गरिने छ\
- उपकरणहरूको नियमित जाँच र मर्मतसम्भार गरिनेछ।
- कर्मचारहरूको काम र विश्राम घण्टाको उचित व्यवस्थापन गरिनेछ।
- स्वास्थ्य कर्मिहरूलाई कामको प्रकार अनुसारको व्यक्तिगत सुरक्षा उपकरण (PPE) प्रयाप्त मात्रमा उपलब्ध गराइनेछ।

### ७.२.२.१.३ सामुदायिक स्वास्थ्य र सुरक्षा

- आयोजना क्षेत्र र वरिपरिको सरसफाईमा विशेष ध्यान दिइनेछ। ठोस तथा तरल पदार्थहरुलाई व्यवस्थापन गर्ने प्रणालीको अनुगमन गरिनेछ।
- स्थानीय सरकारसँग समन्वय गरी आयोजना क्षेत्र वरिपरिको सरसफाईमा पनि उचित ध्यान दिइनेछ।
- सवारी साधनहरु जथाभावी पार्किङ्ग गरिनेछैन। यदि कसैले गरेमा जरिवाना लगाइनेछ।
- सामुदायिक क्षेत्रमा सवारी साधनको गति सीमा निर्धारण गरी ठाउँ—ठाउँमा सङ्केत चिन्हहरु राखिनेछ। उक्त नियम पालना नगरेमा जरिवाना लगाइनेछ।
- समुदाय सुरक्षाका लागि सडकहरुमा सुरक्षाका चिन्हहरु राखिनेछन्।

### ७.२.२.१.४ शव व्यवस्थापन

- मृत शरीरलाई आफ्नो धार्मिक साँस्कृति अनुसार दाहसंस्कार स्थलमा जलाउन पठाइने छ।
- मृतकको शरीरका कुनैपनि अंगहरू कतै गाडिने छैनन्।

### ७.२.२.१.५ सामाजिक कुरितीहरु बढ्न सक्ने

- अस्पतालको कर्मचारीहरुलाई विविध जाती र सामाजिक संस्कृतिलाई सम्मान गर्न सचेतना गरिनेछ।

- सामाजिक र साँस्कृतिक समस्याको बारेमा कुनै विवाद उत्पन्न भयो भने तुरुन्तै समस्याको समाधान गरिनेछ।

### ७.२.२.१.६ ऐतहासिक, पुरातात्विक परम्परा र सांस्कृतिक धार्मिक ठाउँमा पर्ने असर

- सामाजिक उत्तरदायित्व कार्यक्रम मार्फत एतिहासिक तथा पुरातात्विक, परम्परा र संस्कृती धार्मिक ठाउँहरुमा आर्थिक सहयोग गरिनेछ।

### ७.२.२.१.७ बालश्रम तथा लैङ्गिक विभेदबाट पर्ने प्रभाव

- आयोजना क्षेत्रमा हुन सक्ने बालबालिका बेचबिखन, यौन उत्पीडन जस्ता सामाजिक बिसङ्गति बारे सचेतना अभियान सञ्चालन गरिनेछ। कामदार बीच हुन सक्ने यौन दुव्र्यवहारलाई उजुरी दिने प्रावधान पनि व्यवस्थापन गरिनेछ।

### ७.२.२.१.९ गुनासो सम्बोधन संयन्त्र

- कर्मचारीलाई उनीहरू र स्थानीय जनताबीच मैत्रीपूर्ण र सहयोगी सम्बन्ध राख्नका लागि उपयुक्त निर्देशन दिइनेछ।
- गुनासो पेटिका उपलब्ध गराइनेछ र ती पेटिकाहरू प्रमुख स्थानहरूमा राखिनेछ, जहाँ बिरामी र आगन्तुकहरूले सजिलै गुनासो राख्न सक्नेछन्।
- गुनासो सम्बोधन प्रणालीको स्थापना गरिनेछ, जसले १५ दिन भित्र गुनासोको समाधान गर्ने प्रक्रिया सुनिश्चित गर्नेछ।

# परिच्छेद ८: वातावरणीय अनुगमन

नर्भिक इन्टरनेसनल हस्पिटल एण्ड मेडिकल कलेजको क्षमता वृद्धि गरी अस्पताल संचालन गर्दा ३ प्रकारको अनुगमन गरिनेछ जसमा प्रारम्भिक अवस्थाको अनुगमन, प्रभाव अनुगमन र नियमपालना अनुगमन गरिन्छ।

## ८.१ अनुगमनको प्रकार

**क) प्रारम्भिक अवस्थाको अनुगमनः**

आधार रेखा अनुगमनमा हालको वातावरणीय वस्तु स्थितिको बारेमा तथ्याङ्क सङ्कलन गरिने छ र यसको लागि प्रस्तावक जिम्मेवार हुनेछ। अनुगमनको लागि प्रस्तावकले खटाएको कर्मचारी प्रस्ताव क्षेत्रको स्थलगत भ्रमणमा जानेछन् र कर्मचारीले प्रस्ताव क्षेत्रको अवस्था, ध्वनि प्रदूषण, वायु प्रदूषण, जल प्रदूषण तथा हालको फोहोरमैला व्यवस्थापन अवस्थाको बारेमा अध्ययन गर्नेछन्।

**ख) नियमपालन अनुगमन**

यस पूरक वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययनले प्रस्ताव गरेका वातावरणीय न्यूनीकरणका उपायहरूलाई कार्यान्वयन भए नभएको बारे नियमपालन अनुगमन गर्नुपर्ने हुन्छ। यस अन्तर्गत प्रस्तावकले वातावरण संरक्षण सम्बन्धि निर्धारित मापदण्डको पालना गरेको छ भन्ने कुरा सुनिश्चित गर्न वातावरणीय गुणस्तरका विशेष सूचक वा प्रदूषणका अवस्था बारेमा आवधिक वा लगातार रूपमा अनुगमन गरी अभिलेख राखिने छ।

**ग) प्रभाव अनुगमन**

प्रस्ताव कार्यान्वयनबाट भएका वातावरणीय परिवर्तन पत्ता लगाउन आयोजना निर्माण र सञ्चालनका क्रममा त्यस क्षेत्रको सामाजिक-आर्थिक तथा सांस्कृतिक अवस्था र वातावरणीय सूचकको मूल्याङ्कनको प्रभाव अनुगमन गरिनेछ।

## ८.२ वातावरणीय अनुगमनका सूचकहरु

प्रस्ताव कार्यान्वयन हुने क्षेत्रको आधारभूत तथ्याङ्क, पहिचान तथा आँकलन गरिएका सकारात्मक वा नकारात्मक प्रभाव एवं वातावरण संरक्षणका उपायहरुलाई ध्यान दिई प्रस्तावकले पालना गर्नु पर्ने र वातावरणीय प्रभावकारिताको अनुगमन गर्ने सूचकहरु प्रतिवेदनमा उल्लेख गरिएका छन्। वातावरणीय सूचकहरु निम्न बमोजिम हुनेछन्।

## ८.३ अनुगमन विधि

उल्लिखित अनुगमनका प्रत्येक सूचकलाई कुन विधि/तरिकाबाट अनुगमन गर्ने हो भन्ने बारेमा यस परिच्छेदमा खुलाईएको छ ।

## ८.४ अनुगमनको लागि समय तालिका

आयोजना निर्माण र सञ्चालनका विभिन्न अवस्थामा अनुगमन गर्नु पर्ने भएकाले सूचकको प्रकृति हेरी अनुगमन गर्ने समय तालिका प्रतिवेदनमा उल्लेख गरिएको छ।

## ८.५ अनुगमन गर्ने निकाय

वातावरण संरक्षण ऐन, २०७७ मा उल्लेख भए अनुसार वातावरणीय अनुगमनको लागि सम्बन्धित निकाय वा मन्त्रालय जिम्मेवार हुनेछ। प्रस्तावको अनुगमन प्रस्तावकले आवश्यक सूचना सङ्कलन गरी सहयोग गर्नेछ।

**तालिका ८-१: अनुगमनको विवरण**

| अनुगमनका प्रकार | सूचक | विधि | समय | अनुगमन गर्ने निकाय | अनुमानित रकम (ने.रु.) |
|---|---|---|---|---|---|
| *प्रारम्भिक अनुगमन* | | | | | |
| ध्वनि गुणस्तर | ध्वनिको अधिक परिणाम र तिव्रता | ध्वनि मापन यन्त्रको प्रयोग | निर्माणपूर्व र निर्माण चरणमा | प्रस्तावकबाट स्व अनुगमन | ३०,००० |
| वायुको गुणस्तर | हावामा $PM_{10}$, $PM_{2.5}$, CO को परिणाम | Low Volume Sampler को प्रयोग | निर्माण अवधि | प्रस्तावकबाट स्व अनुगमन | ६०,००० |
| पानीको गुणस्तर | विभिन्न प्यारामिटर | प्रयोगशालामा परीक्षण | निर्माण अवधि (२ चोटी) | प्रस्तावकबाट स्व अनुगमन | ३०,००० |
| तापक्रम र वर्षा | अधिकतम/न्यूनतम तापक्रम, वर्षा, आद्रता | जल तथा मौसम विज्ञान विभागको तथ्याङ्क | निर्माण सुरु हुनु पहिला | प्रस्तावकबाट स्व अनुगमन | ५०,००० |
| भौगर्भिक अनुसन्धान | माटोको प्रकार, चट्टानको प्रकार | स्थलगत अध्ययन र अवलोकन, माटो परीक्षण | निर्माण अघि | प्रस्तावकबाट स्व अनुगमन | ५०,००० |
| धार्मिक, साँस्कृतिक, ऐतिहसि, पुरातात्विक स्थान | धार्मिक स्थल, साँस्कृतिक, ऐतिहासिक तथा पुरातात्विक घाट/ मठ मन्दिर | दृतिय स्रोतकातथ्याङ्कहरुको पुनरावलोकन, स्थल अध्ययन र स्थानीय | निर्माण अघि | प्रस्तावकबाट स्व अनुगमन | २०,००० |

| अनुगमनका प्रकार | सूचक | विधि | समय | अनुगमन गर्ने निकाय | अनुमानित रकम (ने.रु.) |
|---|---|---|---|---|---|
| | | बासिन्दाहरुसँग छलफल | | | |
| **कूल लागत (१)** | | | | | २,४०,००० |
| ***प्रभाव अनुगमन*** | | | | | |
| हरियाली र पार्किङ्ग सँगै भौतिक डिजाइन | वृक्षारोपण, बगैंचा र पार्किङ्ग | स्थलगत भ्रमण स्थानीय बासिन्दाहरुसँग छलफल | निर्माण डिजाइन तथा संचालन चरणमा वर्षको २ चोटी | वातावरण विभाग, का.म.न.पा तथा स्थानीय वडा नं. ११, | निर्माण लागत |
| दूषित पानी तथा फोहोरमैला | ढल निकासीको संरचना, अस्पताल वरपरका बासिन्दामा परेको प्रभाव | स्थलगत भ्रमण, अन्तरवार्ता, तस्बिर | निर्माणतथा संचालन चरणमा महिनाको १ चोटी | वातावरण विभाग, का.म.न.पा तथा स्थानीय वडा नं. ११, | निर्माण लागत |
| पानीको गुणस्तर | पानी निकास हुने ठाँउ अवलोकन, विभिन्न रासायनिक तथा जैविक सूचकहरु | नमूना सङ्कलन र प्रयोगशालामा परीक्षण | निर्माण तथा संचालन | वातावरण विभाग, का.म.न.पा तथा स्थानीय वडा नं. ११ | ५०,००० |
| वायु गुणस्तर | धुलोको कण ($PM_{2.5}$, $PM_{10}$), TSP, Carbon monoxide | स्थल निरीक्षण र आधारभूत तथ्याङ्क र मापदण्डसंग तुलना | निर्माण तथा संचालन चरण | वातावरण विभाग, का.म.न.पा तथा स्थानीय वडा नं. ११ | ५०,००० |

| अनुगमनका प्रकार | सूचक | विधि | समय | अनुगमन गर्ने निकाय | अनुमानित रकम (ने.रु.) |
|---|---|---|---|---|---|
| ध्वनि गुणस्तर | ध्वनिको परिणाम | ध्वनि मापन यन्त्रको प्रयोग गरि आधारभूत तथ्याङ्क सङ्कलन | निर्माण तथा संचालन चरण | वातावरण विभाग, का.म.न.पा तथा स्थानीय वडा नं. ११ | ३०,००० |
| विपद व्यवस्थापन प्रणाली | सूचना प्रवाह प्रणाली, अग्नि संयन्त्रको प्रावधान, खुल्ला जग्गा | जोखिम आँकलन, अवलोकन, विपद् घटनाको अभिलेख | निर्माण र संचालन चरण | वातावरण विभाग, का.म.न.पा तथा स्थानीय वडा नं. ११ | निर्माण लागत |
| पेशागत स्वास्थ्य सुरक्षा | दुर्घटनाको प्रकार. क्षतिपूर्ति | स्वास्थ्य केन्द्रको रेकर्ड, कर्मचारी र कामदार वर्गसँग छलफल | निर्माण तथा संचालन चरणमा वर्षको २ चोटी | वातावरण विभाग, का.म.न.पा तथा स्थानीय वडा नं. ११ | निर्माण लागत |
| विपन्न तथा बेवारिसे बिरामीलाई निः शुल्क स्वास्थ्य सेवा | निः शुल्क स्वास्थ्य सेवाको लाभ लिएका बिरामीको संख्या | अस्पतालको रेकर्ड निरीक्षण गर्ने | संचालन चरणमा | का.म.न.पा तथा स्थानीय वडा नं. ११ | निर्माण लागत |
| स्वास्थ्य सेवा फोहोरमैला व्यवस्थापन | फोहोर व्यवस्थापनको अवस्था | अवलोकन, अन्तरवार्ता | निर्माण तथा संचालन चरण | का.म.न.पा तथा स्थानीय वडा नं. ३२, तीनकुने टोलसुधार समिति | निर्माण लागत |
| **कूल लागत (२)** | | | | | **१,३०,०००** |
| ***नियमपालन अनुगमन*** | | | | | |

| अनुगमनका प्रकार | सूचक | विधि | समय | अनुगमन गर्ने निकाय | अनुमानित रकम (ने.रु.) |
|---|---|---|---|---|---|
| पूरक वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनले सुझाएका सकारात्मक तथा नकारात्मक प्रभाव पालना गरेको वा नगरेको | वातावरणीय व्यवस्थापन योजनाले समावेश गरेका सम्पूर्ण न्यूनीकरणका उपाय | अवलोकन, अन्तरवार्ता. अध्ययन प्रतिवेदन | संचालन चरण | वन तथा पर्यावरण मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, वातावरण विभाग, का.म.न.पा | संचालन खर्च |
| प्रदूषण रोकथाम, पानी, माटो संरक्षण, फोहोर व्यवस्थापन | धुलोको स्तर, ध्वनिपरिणाम, स्वीकृत प्रतिवेदन | अवलोकन, रेकर्डको समीक्षा, मापन, कामदार वर्गसँग छलफल, ध्वनि मापन र वायु प्रदूषण मापन यन्त्रको प्रयोग | निर्माण तथा संचालन | वातावरण विभाग, का.म.न.पा | १,००,००० |
| ठोस फोहोरमैलाको वर्गीकरण | फोहोर वर्गीकरण गरेर राख्ने छुटै रंगको बिनहरु | फोहोर वर्गीकरण र ढुवानी गर्दा निगरानी | संचालन चरण | का.म.न.पा तथा स्थानीय वडा नं. ११ | संचालन खर्च |
| पानीको श्रोतको संरक्षण | पानीको pH, hardness, turbidity | पानीको स्रोतको नमूना सङ्कलन गरी परीक्षण | संचालन चरणमा वर्षको २ चोटी | वातावरण विभाग, का.म.न.पा | ५०,००० |

| **अनुगमनका प्रकार** | **सूचक** | **विधि** | **समय** | **अनुगमन गर्ने निकाय** | **अनुमानित रकम (ने.रु.)** |
|---|---|---|---|---|---|
| स्वास्थ्य सेवाजन्य फोहोर व्यवस्थापन | किटाणुलाई निष्क्रिय र नाश गर्ने प्रणाली | अवलोकन, अस्पतालको रिपोर्ट समीक्षा | संचालन चरण | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, वातावरण विभाग, का.म.न.पा | २०,००० |
| विकिरणयुक्त फोहोर व्यवस्थापन | भण्डारण गरिएको मात्रा | सुरक्षित भण्डारण | संचालन चरण | वन तथा पर्यावरण मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | ५०,००० |
| आपतकालीन तयारीको लागि सचेतना तालिम | तालिमको संख्या र सहभागीहरुको सूची | अवलोकन, कर्मचारीसँग अन्तरवार्ता | संचालन चरणमा वर्षको २ चोटी | वन तथा पर्यावरण मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, वातावरण विभाग, का.म.न.पा | संचालन खर्च |
| स्थानीय रोजगारी | स्थानीय कर्मचारीको संख्या | निरीक्षण तथा कर्मचारी संग अन्तरवार्ता | निर्माण तथा संचालन चरणमा | बागमती प्रदेश सरकार, का.म.न.पा | निर्माण लागत |
| पेशागत स्वास्थ्य सुरक्षा | सुरक्षा उपकरणहरु/ सामग्रीको प्रयोग, नियमित स्वास्थ्य जाँच | स्वास्थ्य रेकर्डको समीक्षा, कर्मचारी सँग छलफल | निर्माण तथा संचालन चरण (वर्षको २ चोटी) | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, वातावरण विभाग, का.म.न.पा | खर्च नलाग्ने |
| विपन्न तथा बेवारिसे बिरामीलाई निः शुल्क स्वास्थ्य सेवा | निः शुल्क स्वास्थ्य सेवाको लाभ लिएका बिरामीको संख्या | अस्पतालको रेकर्ड निरीक्षण गर्ने | संचालन चरणमा | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, वातावरण विभाग, का.म.न.पा | खर्च नलाग्ने |

| अनुगमनका प्रकार | सूचक | विधि | समय | अनुगमन गर्ने निकाय | अनुमानित रकम (ने.रु.) |
|---|---|---|---|---|---|
| बाल श्रम तथा लैङ्गिक भेदभाव | निःशुल्क स्वास्थ्य सेवाको लाभ लिएका बिरामीको संख्या | अस्पतालको रेकर्ड निरीक्षण गर्ने | निर्माण तथा संचालन चरणमा (वर्षको २ चोटी) | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, वातावरण विभाग, का.म.न.पा | खर्च नलाग्ने |
| **कूल लागत (३)** | | | | | **२,२०,०००** |
| **वातावरणीय अनुगमन खर्च** | **(१+२+३)** | | | | **५,९०,०००** |

# परिच्छेद ९: वातावरणीय व्यवस्थापन योजना

## ९.१ वातावरणीय व्यवस्थापन योजना

नर्भिक इन्टरनेसनल हस्पिटल एण्ड मेडिकल कलेजको थप १०० शय्या संचालन गर्नको लागि पहिचान गरिएका सम्पूर्ण प्रभावहरुलाई न्यूनीकरण गर्न प्रस्ताव गरिएका उपायहरुलाई सरोकारवालाहरुको दायित्व किटान गर्नको लागि वातावरणीय व्यवस्थापन योजना प्रस्ताव गरिएको छ। यस वातावरणीय व्यवस्थापन योजनाले आयोजनालाई वातावरणमैत्री र दिगो बनाउन विभिन्न किसिमको प्रभावलाई व्यवस्थापन गर्न बिशेष प्रकारका व्यवस्थापन योजना तयार गर्दछ। वातावरणीय योजनामा मुख्यतः चार तत्व रहेका हुन्छन जसमा नीति र प्रतिबद्धता, योजना, कार्यान्वयन र अनुगमन रहेका छन्। यसको लागि योजना कार्यान्वयन गर्न एउटा सांगठनिक संयन्त्र गठन गरेर निर्माण र संचालनको क्रममा नियमन गर्नेछ। वातावरणीय व्यवस्थापन योजना तालिका ९.१ मा प्रस्तुत गरिएको छ।

## तालिका ९-१: वातावरणीय व्यवस्थापन योजना

| विषयगत क्षेत्र | प्रभाव | के गर्ने | कहाँ गर्ने | कसरी गर्ने | कहिले गर्ने | कसले गर्ने | अनुमानित रकम (ने.रु) | अनुगमन तथा मूल्याङ्कन |
|---|---|---|---|---|---|---|---|---|
| **संचालन चरण** | **सकारात्मक प्रभाव** | | | | | | | |
| | सेवाग्राहीको स्वास्थ्य सेवामा पहुँच | गुणस्तरीय, सर्वसुलभ स्वास्थ्य सेवा<br><br>डिजिटल स्वास्थ्य सेवा (e-health service) को विस्तार गरिने | आयोजना क्षेत्र | सेवालाई आधुनिकीकरण गर्ने ; गुणस्तरीय सेवा प्रदान गर्ने; अस्पतालको वेबसाइट र मोबाइल एप्लिकेशन मार्फत बिरामीलाई सेवा उपलब्ध गराउने | संचालन चरण | प्रस्तावक | प्रस्तावको लागत | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय , का.म.न.पा र स्थानीय वडा ११ |
| | स्थानीय तथा राष्ट्रिय | अस्पतालबाट कर स्वरूप पाएको रकम स्थानीय निकायले | आयोजना क्षेत्र | स्थानीयसँग समन्वय गरी | संचालन चरण | प्रस्तावक | थप लागत नलाग्ने | का.म.न.पा र स्थानीय वडा, ११ |

| विषयगत क्षेत्र | प्रभाव | के गर्ने | कहाँ गर्ने | कसरी गर्ने | कहिले गर्ने | कसले गर्ने | अनुमानित रकम (ने.रु) | अनुगमन तथा मूल्याङ्कन |
|---|---|---|---|---|---|---|---|---|
| | अर्थतन्त्रमा टेवा | स्थानीय क्षेत्रको विकासका लागि आवश्यकता अनुसार खर्च गरिने | | | | | | |
| | हरियाली प्रवर्धन | हरियाली क्षेत्रलाई व्यवस्थित गर्दै बिरुवा संरक्षण र संरक्षण कार्यक्रमको आयोजना गरिने | आयोजना क्षेत्र | थप बगैंचाहरू र वृक्षारोपण आयोजना गरी | संचालन चरण | प्रस्तावक | र १,००,००० | प्रस्तावक |
| | स्थानीयहरुमा क्षमता अनुसार रोजगारीको अवसर | स्थानीयलाई सीप तथा दक्षता अनुसार रोजगारीमा प्राथमिकता दिईने<br>कर्मचारीको को क्षमता वृद्धि गर्न | आयोजना वरपर क्षेत्र | सीप तथा दक्षता अनुसार रोजगारीमा प्राथमिकरण गरी<br><br>चिकिस्ता स्वास्थ्य सम्वन्धित | संचालन अवधि | प्रस्तावक | ५,००,००० | प्रस्तावक/ का.म.न.पा./ स्थानीय वडा ११ |

| विषयगत क्षेत्र | प्रभाव | के गर्ने | कहाँ गर्ने | कसरी गर्ने | कहिले गर्ने | कसले गर्ने | अनुमानित रकम (ने.रु) | अनुगमन तथा मूल्याङ्कन |
|---|---|---|---|---|---|---|---|---|
| | | | | workshops, webinar and conference प्रदान गरी | | | | |
| | स्थानीय आर्थिक क्रियाकलापमा वृद्धि | अस्पतालसँग आवल व्यवसायहरू (रेस्टुरेन्ट, होटेल, फार्मेसी, यातायात सेवाहरू) का लागि प्रोत्साहन गरिने | थापाथली क्षेत्र, वडा नं ११, का.म.न.पा | स्थानीय व्यवसायहरूसँग सहकार्य कार्यक्रमहरूको आयोजना गरी | संचालन अवधि | प्रस्तावक | थप लागत नलाग्ने | प्रस्तावक/ का.म.न.पा./ स्थानीय वडा |
| **सकारात्मक प्रभाव वृद्धिको कूल लागत रु ६,००,०००** | | | | | | | | |
| **नकारात्मक प्रभाव** | | | | | | | | |
| **संचालन चरण** | | | | | | | | |
| भौतिक वातावारण | ठोस फोहोरमैला निष्काशनबाट पर्ने प्रभाव | ठोस फोहोरको श्रोतमा नै वर्गीकरण गरी छुट्टै सङ्कलन र व्यवस्थापन गर्ने | अस्पताल भवन तथा वार्ड | फोहोरमैला व्यवस्थापन योजना निर्माण | संचालन | प्रस्तावक | २,००,००० | प्रस्तावक/ स्वास्थ्य तथा जनसंख्या मन्त्रालय/ |

| विषयगत क्षेत्र | प्रभाव | के गर्ने | कहाँ गर्ने | कसरी गर्ने | कहिले गर्ने | कसले गर्ने | अनुमानित रकम (ने.रु) | अनुगमन तथा मूल्याङ्कन |
|---|---|---|---|---|---|---|---|---|
| | | फोहोरमैला कुहिने/नकुहिने फोहोर फोहोर छुट्याउने<br>रिसाइकल योग्य फोहोरको पूनःप्रयोगको व्यवस्था मिलाउने<br>प्रत्येक विभागमा फोहोरको दैनिक लेखाजोखा राख्ने | | दैनिक रूपमा फोहोरमैला सङ्कलन र सुरक्षित स्थानमा भण्डारण<br><br>नगरपालिकासँग समन्वय गरी नियमित रूपमा फोहोर उठाउने | | | | वन तथा पर्यावरण मन्त्रालय/ वातावरण विभाग |
| | अस्पतालजन्य फोहोरमैला व्यवस्थापन सम्बन्धि प्रभाव | अस्पतालमा निष्काशन हुने जोखिमयुक्त र जोखिम रहित फोहोरमैलाको श्रोतमै वर्गीकरण गरिनेछ।<br>जोखिमयुक्त र संक्रमित फोहोरहरुको अन्तिम | अस्पताल भवन तथा वार्ड | अन्तर्राष्ट्रिय मापदण्ड अनुसार Waste Management Guidelines लागू गरि<br>समयमै सङ्कलन/निष्कासन | संचालन | प्रस्तावक | ३,००,००० | प्रस्तावक/ स्वास्थ्य तथा जनसंख्या मन्त्रालय/ वन तथा पर्यावरण मन्त्रालय/ |

| विषयगत क्षेत्र | प्रभाव | के गर्ने | कहाँ गर्ने | कसरी गर्ने | कहिले गर्ने | कसले गर्ने | अनुमानित रकम (ने.रु) | अनुगमन तथा मूल्याङ्कन |
|---|---|---|---|---|---|---|---|---|
| | | विसर्जन गर्न भन्दा पहिले उचित प्रविधिद्वारा अनिवार्य रुपमा उपचार गरिनेछ । अस्पतालबाट सृजित संक्रमणजन्य फोहोरलाई अटोक्लेभिंगद्वारा संक्रमण रहित गरेर अन्तिम व्यवस्थापन गरिनेछ। धारिलो वस्तुलाई निडल डिस्ट्रयरद्वारा व्यवस्थापन गरिनेछ । | | का लागि तालिका बनाई | | | | वातावरण विभाग |
| | फोहोर पानी निष्काशनबाट पर्ने प्रभाव | संक्रमित फोहोर पानी प्रशोधन गर्नका लागि फोहोर पानी प्रशोधन | आयोजना क्षेत्र | E.T.P. बाट निस्किने प्रशोधित पानीको नमूना नियमित रूपमा | संचालन चरण | प्रस्तावक | आयोजना लागत | प्रस्तावक/ स्वास्थ्य तथा जनसंख्या मन्त्रालय/ |

| विषयगत क्षेत्र | प्रभाव | के गर्ने | कहाँ गर्ने | कसरी गर्ने | कहिले गर्ने | कसले गर्ने | अनुमानित रकम (ने.रु) | अनुगमन तथा मूल्याङ्कन |
|---|---|---|---|---|---|---|---|---|
| | | गर्ने यन्त्र जडान गरिनेछ। प्रशोधित अन्तिम विसर्जन पानीलाई राष्ट्रिय मापदण्ड पालना गरी जलीय वातावरणलाई असर नपुर्याइ व्यवस्थापन गरिनेछ । | | प्रयोगशालामा परीक्षण गरी | | | | वन तथा पर्यावरण मन्त्रालय/ वातावरण विभाग |
| | ढल व्यवस्थापन | पर्याप्त पूर्वाधार सुबिधाहरु जस्तै सजिलै व्यवस्थापन गर्न सक्ने ढल प्रणाली, फोहोर पानी सङ्कलन तथा प्रशोधन प्रणाली र उचित विसर्जन प्रणालीको व्यवस्थापनद्वारा समाधान गरिनेछ | आयोजना क्षेत्र | प्रशोधित अन्तिम विसर्जन पानीलाई राष्ट्रिय मापदण्ड पालना गरी जलीय वातावरणलाई असर नपुर्याइ व्यवस्थापन गरी | संचालन | प्रस्तावक | आयोजना लागत | प्रस्तावक/ स्वास्थ्य तथा जनसंख्या मन्त्रालय/ वन तथा पर्यावरण मन्त्रालय/ वातावरण विभाग |

| विषयगत क्षेत्र | प्रभाव | के गर्ने | कहाँ गर्ने | कसरी गर्ने | कहिले गर्ने | कसले गर्ने | अनुमानित रकम (ने.रु) | अनुगमन तथा मूल्याङ्कन |
|---|---|---|---|---|---|---|---|---|
| | | आवशयकता अनुसार आयोजनाले क्षेत्र वरिपरिको विद्यमान ढल निकासी प्रणाली मर्मतमा सहयोग गर्नेछ। | | | | | | |
| | ध्वनि प्रदूषण | न्यून आवाज निकाल्ने जेनेरेटर प्रयोग गरिनेछ अस्पताल वरपर हर्न बजाउन निषेध, गति सिमाना (१५ किमि/घण्टा सम्म) जस्ता संकेत गर्ने ट्राफिक चिह्न रखिनेछ । पेशागत सुरक्षा तथा स्वास्थ्य प्रशासनको | अस्पताल क्षेत्र | अस्पताल क्षेत्रको ध्वनि प्रदूषणको स्तर नियमित मापन गरी सो अनुरुपको न्युनिकरणका उपकरण प्रयोग गरी | संचालन | प्रस्तावक | ५०,००० | प्रस्तावक/ स्वास्थ्य तथा जनसंख्या मन्त्रालय/ वन तथा पर्यावरण मन्त्रालय/ वातावरण विभाग |

| विषयगत क्षेत्र | प्रभाव | के गर्ने | कहाँ गर्ने | कसरी गर्ने | कहिले गर्ने | कसले गर्ने | अनुमानित रकम (ने.रु) | अनुगमन तथा मूल्याङ्कन |
|---|---|---|---|---|---|---|---|---|
| | | मापदण्ड पूरा गरेका उपकरणहरु प्रयोग गर्न प्रोत्साहन गरिनेछ। | | | | | | |
| | वायु प्रदूषण | न्यून उत्सर्जन गर्ने उच्च स्तरीय जेनेरेटर जडान गरिनेछ ।<br>HEPA प्रणाली अस्पतालभित्र प्रयोग गरिने<br>सवारी साधन व्यवस्थापन बारे जनकारीमूलक सन्देशहरु तथा सरकारद्वारा तोकिएको उत्सर्जन मापदण्ड पालना गर्न प्रोत्साहित गरिनेछ । | आयोजना क्षेत्र | अस्पताल क्षेत्रको वायु प्रदूषणको स्तर नियमित मापन गरी सो अनुरुपको न्युनिकरणका उपकरण प्रयोग गरी | संचालन | प्रस्तावक | ७५,००० | प्रस्तावक/ स्वास्थ्य तथा जनसंख्या मन्त्रालय/ वन तथा पर्यावरण मन्त्रालय/ वातावरण विभाग |

| विषयगत क्षेत्र | प्रभाव | के गर्ने | कहाँ गर्ने | कसरी गर्ने | कहिले गर्ने | कसले गर्ने | अनुमानित रकम (ने.रु) | अनुगमन तथा मूल्याङ्कन |
|---|---|---|---|---|---|---|---|---|
| | | अस्पतालले प्रयोग गर्ने गाडीहरु नियमित मर्मत गरी संचालन गरिने छन्। | | | | | | |
| | विपद जोखिमबाट पर्ने प्रभाव | भवन भूकम्प प्रतिरोधि निर्माण गरिनेछ। भवन ऐन, २०५५ बमोजिमको राष्ट्रिय भवन संहितालाई पालना गरी भवन निर्माण गरिनेछ । अस्पताल भवनमा विपदको बखत प्रयोग हुन सक्ने emergency staircase भवन डिजाइन अवधारणा अनुसार निर्माण गरिने छ। | आयोजना क्षेत्र | विपद जोखिम व्यवस्थापन योजना | संचालन | प्रस्तावक | ३,००,००० | प्रस्तावक/ स्वास्थ्य तथा जनसंख्या मन्त्रालय/ वन तथा पर्यावरण मन्त्रालय/ वातावरण विभाग |

| विषयगत क्षेत्र | प्रभाव | के गर्ने | कहाँ गर्ने | कसरी गर्ने | कहिले गर्ने | कसले गर्ने | अनुमानित रकम (ने.रु) | अनुगमन तथा मूल्याङ्कन |
|---|---|---|---|---|---|---|---|---|
| | | आगोलागी जस्ता हुन सक्ने घटनाबाट बच्नअग्नि समनयन्त्र (Fire Extinguisher)जडान गरिनेछ। अस्पताल कर्मचारीहरुलाई आपतकालिन प्रकोप र दुर्घटना बारे तालिम दिइनेछ। आकस्मिक संकेतका लागि साईरनको जडान गरिने छ | | | | | | |

| विषयगत क्षेत्र | प्रभाव | के गर्ने | कहाँ गर्ने | कसरी गर्ने | कहिले गर्ने | कसले गर्ने | अनुमानित रकम (ने.रु) | अनुगमन तथा मूल्याङ्कन |
|---|---|---|---|---|---|---|---|---|
| | भूमिगत पानीको निष्काशन/प्रयोगबाट पानीको सतहमा आउने ह्रासबाट पर्ने प्रभाव | सम्बन्धित निकायद्वारा अनुमति प्राप्त दरमा मात्र भूमिगत पानीको निकासी गरिनेछ। जमिनमुनिको पानी रिचार्ज गर्न रिचार्ज पिटहरु जडान गरी पूनः भरण गरिनेछ। आकाशे पानीको सङ्कलन गर्ने व्यवस्था गरिने छ। अस्पताल परिसरमा खुला स्थानको व्यवस्था गरिने छ। | आयोजना क्षेत्र | भूमिगत पानीको निकासीका लागि अनुमति प्राप्त गरी | संचालन | प्रस्तावक | आयोजना लागत | प्रस्तावक/ स्वास्थ्य तथा जनसंख्या मन्त्रालय/ वन तथा पर्यावरण मन्त्रालय/ वातावरण विभाग |
| | बढ्दो उर्जा खपत र उर्जाको | ऊर्जा किफायती उपकरण तथा | आयोजना क्षेत्र | ऊर्जा उपभोगको रेकर्ड तयार गरी | संचालन | प्रस्तावक | आयोजना लागत | प्रस्तावक/ स्वास्थ्य तथा जनसंख्या |

| विषयगत क्षेत्र | प्रभाव | के गर्ने | कहाँ गर्ने | कसरी गर्ने | कहिले गर्ने | कसले गर्ने | अनुमानित रकम (ने.रु) | अनुगमन तथा मूल्याङ्कन |
|---|---|---|---|---|---|---|---|---|
| | मागबाट पर्ने प्रभाव | प्रविधिहरुलाई प्राथमिकता दिइनेछ। हरेक अवयवहरुमा ऊर्जा किफायती बत्ती प्रयोग गरिनेछ। कम विद्युत खपत गर्ने उपकरण जस्तै फिलामेन्ट बत्तिको सट्टा LED बत्तिको प्रयोग गरिनेछ। वैकल्पिक ऊर्जाको रूपमा जेनरेटरको प्रयोगलाई विस्तारै निरुत्साहसित गर्दै सौर्य ऊर्जालाई वैकल्पिक ऊर्जाको श्रोतको रूपमा | | खपतको निगरानी गरी | | | | मन्त्रालय/ वन तथा पर्यावरण मन्त्रालय/ वातावरण विभाग |

| विषयगत क्षेत्र | प्रभाव | के गर्ने | कहाँ गर्ने | कसरी गर्ने | कहिले गर्ने | कसले गर्ने | अनुमानित रकम (ने.रु) | अनुगमन तथा मूल्याङ्कन |
|---|---|---|---|---|---|---|---|---|
| | | प्रयोग गर्ने व्यवस्था मिलाइने छ। | | | | | | |
| | ट्राफिक व्यवस्थापन | अस्पताल परिसरमा पार्किङ्गको व्यवस्था गरिएने छ।<br>स्थानीय सरकार र सरोकारवालासँग समन्वय गरी अस्पताल वरिपरिका बाटोहरूलाई व्यवस्थित गरिएको छ।<br>अस्पतालको प्रवेशद्वारमा सडक किनारमा पार्किङ्ग अनुमति दिइने छैन।<br>सवारी साधनहरूको हर्न न बजाउने संकेत र गति सीमा १५ किमि/घण्टा | आयोजन क्षेत्र | ट्राफिक व्यवस्थापन निर्माण गरी | संचालन | प्रस्तावक | १,००,००० | प्रस्तावक/ स्वास्थ्य तथा जनसंख्या मन्त्रालय/ वन तथा पर्यावरण मन्त्रालय/ वातावरण विभाग |

| **विषयगत क्षेत्र** | **प्रभाव** | **के गर्ने** | **कहाँ गर्ने** | **कसरी गर्ने** | **कहिले गर्ने** | **कसले गर्ने** | **अनुमानित रकम (ने.रु)** | **अनुगमन तथा मूल्याङ्कन** |
|---|---|---|---|---|---|---|---|---|
| | | सम्मको संकेत बोर्डहरू राखिनेछ। | | | | | | |
| **भौतिक वातावरणीय प्रभाव न्यूनीकरण गर्न लाग्ने लागतः रु १६,२५,०००** | | | | | | | | |
| **संचालन चरण** | | | | | | | | |
| **सामाजिक, आर्थिक तथा साँस्कृतिक वातावरण** | संक्रामक रोग फैलिन सक्ने सम्भावना | अस्पतालमा आउने आगन्तुक र कर्मचारीहरुलाई अस्पताल भवन छिर्नु अघि माक्स, स्यानीटाइजरको व्यवस्था गरिने छ। सरुवा रोगको संक्रमणको नियन्त्रण र फैलावट रोक्नका लागि | आयोजना क्षेत्र | स्वास्थ्य मन्त्रालयको संक्रामक रोग सम्बन्धि सम्पूर्ण मापदण्ड पालना गरि। | संचालन | प्रस्तावक | आयोजनाको लागतमा पर्ने | प्रस्तावक/ स्वास्थ्य तथा जनसंख्या मन्त्रालय/ वन तथा पर्यावरण मन्त्रालय/ वातावरण विभाग |

| विषयगत क्षेत्र | प्रभाव | के गर्ने | कहाँ गर्ने | कसरी गर्ने | कहिले गर्ने | कसले गर्ने | अनुमानित रकम (ने.रु) | अनुगमन तथा मूल्याङ्कन |
|---|---|---|---|---|---|---|---|---|
| | | आवश्यकतानुसार आइसोलेशन कक्षको व्यवस्था गरिनेछ।<br><br>स्वास्थ्यकर्मीहरूका लागि संक्रमण रोकथाम, बिरामीको सुरक्षित ह्यान्डलिङ, PPE प्रदान गरिने छ । | | | | | | |
| | व्यावसायिक सुरक्षा र स्वास्थ्यमा पर्ने प्रभाव | स्वास्थ्य र सुरक्षा सम्बन्धि पोस्टरहरू र सचेतनात्मक सामग्रीहरू अस्पतालभरि प्रमुख स्थानहरूमा प्रदर्शन गरिनेछ। | आयोजना क्षेत्र | व्यावसायिक सुरक्षा सम्वधि SOP तयार परि सो अनुसार को कार्यन्वयन गरी | संचालन चरण | प्रस्तावक | आयोजना को लागतमा समावेश | प्रस्तावक/ स्वास्थ्य तथा जनसंख्या मन्त्रालय/ वन तथा पर्यावरण |

| विषयगत क्षेत्र | प्रभाव | के गर्ने | कहाँ गर्ने | कसरी गर्ने | कहिले गर्ने | कसले गर्ने | अनुमानित रकम (ने.रु) | अनुगमन तथा मूल्याङ्कन |
|---|---|---|---|---|---|---|---|---|
| | | उपकरणहरूको नियमित जाँच र मर्मतसम्भार गरिनेछ। कर्मचारहरूको काम र विश्राम घण्टाको उचित व्यवस्थापन गरिनेछ। स्वास्थ्यकर्मिहरूलाई व्यक्तिगत सुरक्षा उपकरण (PPE) प्रयाप्त मात्र मा उपलब्ध गरा इनेछ। | | | | | | मन्त्रालय/ वातावरण विभाग |
| | सामुदायिक स्वास्थ्य र सुरक्षा | आयोजना क्षेत्र र वरिपरिको सरसफाईमा ध्यान दिइनेछ । ठोस तथा तरल पदार्थ व्यवस्थापन गर्ने | आयोजना क्षेत्र | प्रस्तावक र स्थानीय तहमा समन्वय गरी | संचालन चरण | प्रस्तावक | रु. १,००,००० | प्रस्तावक/ स्वास्थ्य तथा जनसंख्या मन्त्रालय/ वन तथा |

| विषयगत क्षेत्र | प्रभाव | के गर्ने | कहाँ गर्ने | कसरी गर्ने | कहिले गर्ने | कसले गर्ने | अनुमानित रकम (ने.रु) | अनुगमन तथा मूल्याङ्कन |
|---|---|---|---|---|---|---|---|---|
| | | प्रणालीको अनुगमन गरिनेछ। स्थानीय सरकारसँग समन्वय गरी आयोजना क्षेत्र वरिपरिको सरसफाईमा पनि ध्यान दिइनेछ । सवारी साधनहरु जथाभावी पार्क गरिनेछैन। यदि कसैले गरेमा जरिवाना लगाइनेछ । सामुदायिक क्षेत्रमा सवारी साधनको गति सीमा निर्धारण गरी ठाउँ–ठाउँमा सङ्केत | | | | | | पर्यावरण मन्त्रालय/ वातावरण विभाग |

| विषयगत क्षेत्र | प्रभाव | के गर्ने | कहाँ गर्ने | कसरी गर्ने | कहिले गर्ने | कसले गर्ने | अनुमानित रकम (ने.रु) | अनुगमन तथा मूल्याङ्कन |
|---|---|---|---|---|---|---|---|---|
| | | चिन्ह राखिनेछ । यदि नियम पालना नगरेमा जरिवाना लगाइनेछ । समुदाय सुरक्षाका लागि सडकहरुमा सुरक्षा चिन्हहरु राखिनेछन्। आयोजनाले निष्काशन गर्ने तरल पदार्थले समुदायमा पुर्याउन सक्ने खतराबाट जोगाइने वा न्यूनीकरण गरिनेछ। स्थानीय सरकार तथा निकायसँग समन्वय गरेर आयोजना क्षेत्र र वरिपरि अवैध क्रियाकलापमा रोक लगाइनेछ। | | | | | | |

| विषयगत क्षेत्र | प्रभाव | के गर्ने | कहाँ गर्ने | कसरी गर्ने | कहिले गर्ने | कसले गर्ने | अनुमानित रकम (ने.रु) | अनुगमन तथा मूल्याङ्कन |
|---|---|---|---|---|---|---|---|---|
| | | निः शुल्क स्वास्थ्य परीक्षण संचालन गरिनेछ।<br>अस्पताल वरपरको क्षेत्रमा किटनाशक धुलो छर्किनेछ। | | | | | | |
| | शव व्यवस्थापन | मृत शरीरलाई आफ्नो धार्मिक साँस्कृति अनुसार दाहसंस्कार स्थलमा जलाउन वा जलाउन पठाइन्छ।<br>शरीरका अंगहरू कतै गाडिने छैनन्। | आयोजना क्षेत्र | धार्मिक आस्थाको आधारमा सम्बन्धित परिवारलाई शव हस्तान्तरण/व्यवस्थापन गर्ने | संचालन | सम्बन्धित नातेदार | आवश्यक नपर्ने | प्रस्तावक/ स्वास्थ्य तथा जनसंख्या मन्त्रालय/ वन तथा पर्यावरण मन्त्रालय/ वातावरण विभाग |

| विषयगत क्षेत्र | प्रभाव | के गर्ने | कहाँ गर्ने | कसरी गर्ने | कहिले गर्ने | कसले गर्ने | अनुमानित रकम (ने.रु) | अनुगमन तथा मूल्याङ्कन |
|---|---|---|---|---|---|---|---|---|
| | सामाजिक कुरितीहरु बढ्न सक्ने | अस्पतालको कर्मचारीहरुलाई विविध जाति र सामाजिक संस्कृतिलाई सम्मान गर्न सचेतना दिइनेछ। सामाजिक र साँस्कृतिक समस्याको बारेमा कुनै विवाद उत्पन्न भयो भने तुरुन्तै समस्या को समाधान गरिनेछ । | आयोजना क्षेत्र वरपर | प्रस्तावक र स्थानीय तहमा समन्वय गरी | संचालन | प्रस्तावक | आवश्यक नपर्ने | प्रस्तावक/ स्वास्थ्य तथा जनसंख्या मन्त्रालय/ कृषि, वन तथा पर्यावरण मन्त्रालय/ वातावरण विभाग |
| | ऐतिहासिक तथा पुरातात्विक, परम्परा र संस्कृती धार्मिक ठाउँमा पर्ने असर | सामाजिक उत्तरदायित्व कार्यक्रम मार्फत ऐतिहासिक तथा पुरातात्विक, परम्परा र संस्कृती धार्मिक ठाउँहरुमा आर्थिक सहयोग गरिनेछ। | आयोजना क्षेत्र | प्रस्तावक र स्थानीय तहमा समन्वय गरी | संचालन | प्रस्तावक | सामाजिक उत्तरदायित्व कार्यक्रममा समावेश | प्रस्तावक/ स्वास्थ्य तथा जनसंख्या मन्त्रालय/ कृषि, वन तथा पर्यावरण मन्त्रालय/ |

| विषयगत क्षेत्र | प्रभाव | के गर्ने | कहाँ गर्ने | कसरी गर्ने | कहिले गर्ने | कसले गर्ने | अनुमानित रकम (ने.रु) | अनुगमन तथा मूल्याङ्कन |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | वातावरण विभाग |
| | बालश्रम तथा लैंगिक विभेदबाट पर्ने प्रभाव | आयोजना क्षेत्रमा हुन सक्ने बालबालिका बेचबिखन, यौन उत्पीडन जस्ता सामाजिक बिसङ्गति बारे सचेतना अभियान सञ्चालन गरिनेछ । कामदार बीच हुन सक्ने यौन दुव्र्यवहार उजुरी दिने प्रावधान पनि व्यवस्थापन गरिनेछ। | आयोजना स्थल | सचेतना कार्यक्रम संचालन गरेर | संचालन | प्रस्तावक | आवश्यक नपर्ने | प्रस्तावक/ स्वास्थ्य तथा जनसंख्या मन्त्रालय/ वन तथा पर्यावरण मन्त्रालय |
| | गुनासो सम्बोधन संयन्त्र | कर्मचारीलाई उनीहरू र स्थानीय जनताबीच मैत्रीपूर्ण र सहयोगी | आयोजना क्षेत्र | गुनासो सयन्त्र को स्थापना गरी | संचालन | प्रस्तावक | ५०,००० | प्रस्तावक/ स्वास्थ्य तथा जनसंख्या |

| विषयगत क्षेत्र | प्रभाव | के गर्ने | कहाँ गर्ने | कसरी गर्ने | कहिले गर्ने | कसले गर्ने | अनुमानित रकम (ने.रु) | अनुगमन तथा मूल्याङ्कन |
|---|---|---|---|---|---|---|---|---|
| | | सम्बन्ध राख्नका लागि उपयुक्त निर्देशन दिइनेछ।<br>गुनासो पेटिका उपलब्ध गराइनेछ र ती पेटिकाहरू प्रमुख स्थानहरूमा राखिनेछ, जहाँ बिरामी र आगन्तुकहरूले सजिलै गुनासो राख्न सक्नेछन्।<br>गुनासो सम्बोधन प्रणालीको स्थापना गरिनेछ, जसले १५ दिन भित्र गुनासोको समाधान गर्ने प्रक्रिया सुनिश्चित गर्नेछ। | | | | | | मन्त्रालय/ वन तथा पर्यावरण मन्त्रालय |

| विषयगत क्षेत्र | प्रभाव | के गर्ने | कहाँ गर्ने | कसरी गर्ने | कहिले गर्ने | कसले गर्ने | अनुमानित रकम (ने.रु) | अनुगमन तथा मूल्याङ्कन |
|---|---|---|---|---|---|---|---|---|
| सामाजिक, आर्थिक तथा साँस्कृतिक वातावरणीय प्रभावको न्ययूनिकरणको लागत रु १,५०,००० | | | | | | | | |
| कूल बढोत्तरी र न्यूनिकरण लागत | | | | | | | | २३,७५,००० |

## ९.२ विपद् जोखिम व्यवस्थापन योजना

कुनै पनि घटना जसले क्षति, आर्थिक अवरोध, मानव जीवनको हानि र स्वास्थ्य सेवाहरुमा क्षति पुर्याउछन् त्यस्ता खतराहरुको सामना गर्न विपद् व्यवस्थापन कार्य आवश्यक पर्दछ। विपद् जोखिम व्यवस्थापन नीति, प्रक्रिया र अभ्यासहरुको व्यवस्थित प्रयोग हो जसले विपद्को परिमाणहरुलाई कम गर्ने गर्दछ।यस योजनाको लक्ष्यहरु निम्न रहेका छन्।

- प्रकोप पिडितहरुलाई सेवा र चिकित्सा सेवा प्रदान गर्ने।
- अस्पतालका सबै कर्मचारीहरु र सम्बन्धित अधिकारीहरुलाई विपद् व्यवस्थापनको बारेमा सचेतना जगाउने र उनीहरुको कामको जिम्मेवारीहरु परिभाषित गर्ने।

भूकम्पको जोखिम न्यूनीकरणका लागि भूकम्प प्रतिरोधी प्रविधि अंगालिने छ। यस अस्पतालको थप १०० शय्या संचालनको लागि आवश्यक भवन भूकम्प प्रतिरोधि निर्माण गरिएको छ। भवन ऐन, २०५५ बमोजिमको राष्ट्रिय भवन संहितालाई पालना गरी भवन निर्माण गरिएको छ। आगलागी जस्तो विपदबाट बच्न अस्पताल भवनको प्रत्येक तल्लामा अग्नि नियन्त्रण यन्त्र राखिनेछ। यसको अतिरिक्त विभिन्न ठाउँमा सेक्युरिटी अलार्महरु, PAS (Public Announcement System) राखिनेछ। त्यसैगरी कर्मचारीहरुलाई पेशागत सुरक्षा सम्बन्धि तालिमहरु पनि दिइनेछ।

| **Pre hospital Emergency Chain** | **At location of emergency** | **Emergency services** | |
|---|---|---|---|
| Patient calls HCMC SOS → | HCMC Representative calls emergency services → | Emergency call received → | Information Exchanged<br>Emergency prioritized<br>Ambulance dispatched → |
| **Ambulance care** | | **Hospital** | |
| Arrives at location<br>Medical treatment and emergency care initiated → | Transportation to Hospital → | HCMC SOS already informed hospital staff of the status of the patient and provided patients Medical history | |

**चित्र ९.१: अस्पताल विपद् जोखिम व्यवस्थापन योजना**

## ९.३ स्वास्थ्यजन्य फोहोरमैला व्यवस्थापन योजना

यस अस्पतालमा थप १०० शय्या सहित उत्पादन हुने विभिन्न प्रकारका फोहोरमैलालाई भिन्न भिन्न रङ्ग र साइजका प्लास्टिक बाल्टिनहरुमा सङ्कलन गरिन्छ जस्तैः हरियो बकेट (food waste. Garden waste जस्ता कुहिने फोहोर) लाई महानगरपालिकाको फोहोर सङ्कलनमा दिईनेछ; ठुलो निलो बकेट (papers, plastics & tins, cardboard जस्ता साधारण फोहोर) कवाडीमार्फत recycle; सानो निलो बकेट (vials जस्ता ग्लासहरु) र ठुलो रातो बकेट (Bandages Linen, Dressings, solid plaster, cast, beddings, urine bags, catheters, stents, drains, gloves, plastic apron, any tubing's, contaminated disposal, blood bags जस्ता संक्रमित फोहोरहरु) लाई अटोक्लेभ मार्फत संक्रमण मुक्त गरेर मात्र महानगरपालिकाको फोहोर सङ्कलनमा दिईनेछ; सानो रातो बकेट (ampoules जस्ता धारिलो वस्तु) र बिर्कोमा प्वाल परेको रातो बकेट (syringes जस्ता धारिलो वस्तुहरु), पहेलो बकेट ( body parts, placenta, human tissue, specimens जस्ता प्याथोलोजिकल फोहोर) लाई placenta pit मा गरिनेछ, सेतो बकेट (needles जस्ता धारिलो वस्तु) लाई निडल डिस्ट्रयरद्वारा व्यवस्थापन गरिनेछ ।

विश्व स्वास्थ्य संगठनले स्वास्थ्य संस्थाबाट उत्पादन हुने फोहोर मध्ये साधारण फोहोर (८०%), प्याथोलोजिकल तथा संक्रामक फोहोर (१५%), धारिलोवस्तु (१%), रासायनिक वा फर्मास्युटिकल फोहोर (३%) तथा रेडियोधर्मी/ फुटेका थर्मामिटर र ब्याट्री (>१%) हुने तथ्याङ्क प्रस्तुत गरेको छ। साथै हाल १०० शय्या संचालन गर्दा अस्पतालजन्य साधारण फोहोर ५८.९५ के.जी प्रति महिना, संक्रमित फोहोर ७८.९४ के.जी प्रति महिना र municipal waste ४९.०२ के.जी प्रति महिना रहेको छ (approved EIA, 2016)। जस अनुसार यस अस्पतालको थप २०० शय्या संचालनबाट प्रति महिना ११७.९ के.जी साधारण फोहोर, ७८.९४ के.जी संक्रमित फोहोर र ९८.०४ के.जी. municipal waste उत्पादन हुने देखिन्छ। अस्पतालमा उत्पन्न हुने फोहरलाई तल तालिकामा प्रस्तुत गरे अनुसार विभिन्न रङ्ग र साइजका बाल्टिन तथा भाँडामा छुट्टा छुट्टै सङ्कलन गरी श्रोतमा नै बर्गिकरण गरिनेछ, तर संक्रामक भए नभएको एकिन हुन नसकेको फोहरमैलालाई संक्रामक फोहरमैला सरह व्यवस्थापन गरिनेछ।

**तालिका ९-२: स्वास्थ्यजन्य फोहोरमैला वर्गीकरण**

| रंग | बाल्टिन / भाँडा | फोहोरको वर्ग | जम्मा गरिने फोहोर |
|---|---|---|---|
| रातो | रातो बाल्टिन | संक्रामक फोहर | Bandages, Linen, Dressings, Solid-plaster, Cast, Beddings, Urine bags, Catheters, Stent, Drains, Gloves, Plastic apron, |

| रंग | बाल्टिन / भाँडा | फोहोरको वर्ग | जम्मा गरिने फोहोर |
|---|---|---|---|
| | | | Tubings, Contaminated disposables, Blood bags |
| पहेंलो | पहेंलो बाल्टिन | रासायनिक फोहोर | विभिन्न रसायनहरू |
| निलो | निलो बाल्टिन | गैर संक्रामक फोहर | पलास्टिकहरु |
| हरियो | हरियो बाल्टिन | कुहिने फोहोर | Food wastes, Garden wastes |
| हरियो | हरियो बाल्टिन | साधारण फोहोर | कागजजन्य फोहोरहरु |
| गाढा निलो | गाढा निलो बाल्टिन | साधारण फोहोर | बोतल र क्यानहरु |








## ९.४ ढल निकास तथा फोहोरपानी व्यवस्थापन योजना

अस्पतालमा निम्नानुसार दुई प्रकारका फोहोर पानी निस्किने हुनेछन्ः

- भान्सा र सेनेटरीको सामान्य फोहोर पानी
- दूषित रासायनिक फोहोर पानी

भान्सा कोठा, शौचालय, लुगा धुने स्थान, बाथरुम र वर्षातको पानीबाट निस्किने सामान्य फोहोर पानीलाई प्रशोधन गर्न निम्न योजना तर्जुमा गरिनेछ। यस उद्धेश्यका लागि व्यवस्थापनले पानी प्रशोधन प्रणाली व्यवस्था गरिनेछ।

**प्राथमिक प्रशोधनः** यसमा ठुला आकारका कणहरुको screening समावेश गरिनेछ। फोहोरपानीलाई उचित रुपमा निर्माण गरिएको मेटालिक मेसबाट जान दिइनेछ।

**दिर्तीय प्रशोधनः** यस चरणको प्रशोधनमा जैविक रुपमा सक्रिय जीवहरुलाई (हेल्मिन्थेस र सूक्ष्म जीवहरुलाई) sludge मा नै कायम फोहोर पानीलाई जैविक रुपमा शुद्ध गर्न त्यस्तो पानीलाई पर्याप्त समय स्थिर राखिने छ र जैविक प्रशोधनमा उपयोगी हुने यस्ता सक्रिय जीवहरुलाई sludge मा रहिरहन सक्ने वातावरण सुनिश्चित गरिनेछ।

**तृतीय प्रशोधनः** दिर्तीय प्रशोधनबाट निस्किने फोहोरलाई तृतीय चरणमा प्रशोधन गरिनेछ। तृतीयक उपचारको क्रममा, फोहोर पानीमा रहेका ठोस पदार्थ हटाउने र फिल्टर गरिनेछ। क्लोरिन किटाणुशोधनः यस चरणमा फोहोरपानीलाई सक्रिय क्लोरिनले प्रशोधन गरी पानीमा रहेका जीवाणुहरु हटाउन सकिन्छ।




**चित्र ९-१: फोहोरपानी प्रशोधन प्रणाली**

## ९.५ रासायनिक फोहोर

रासायनिक फोहोर मुख्यतय तरल रुपमा मेडिकल वार्ड र अपरेटिङ थियेटरहरुबाट निस्कने फोहोर (जस्तै शरीरको तरल पदार्थ र मलमूत्र, शारीरिक फोहोर), प्रयोगशालाहरु (जस्तै माइक्रो बायोलोजिकल कल्चरहरु, संक्रामक एजेन्टहरुको स्टक), औषधिबाट निस्किने गर्दछ। रासायनिक फोहोर पानी सङ्कलनका लागि छुट्टै पाइपलाइन प्रयोग गरिनेछ र निम्नानुसार प्रशोधन गरिनेछः

- औषधि ढल प्रणालीमा डिस्चार्ज गरिने छैन, तर सङ्कलन गरी निर्मातालाई फिर्ता गरिनेछ।
- पिसाब, दिशा, रगत इत्यादिको छुट्टाछुट्टै सङ्कलन गर्नका लागि प्रक्रिया र संयन्त्र स्थापना गरिनेछ।
- प्रयोगशालाका विभिन्न खण्डहरुबाट सबै अतिरिक्त रगत, सिरम र प्लाज्मा नमूनाहरु १२१ डिग्री मा ३० मिनेटको लागि अटोक्लेभिंग गरेर एक ग्लास कन्टेनर वा फ्लास्कमा सङ्कलन गरिनेछ।
- ब्लड बैंकबाट प्रयोग गरिएका र म्याद सकिएका रगतका झोलाहरु एकसाथ प्याक गरी अटोक्लेभिंगद्वारा डिस्पोज गरिनेछ।
- संक्रमण नमूना (हेपाटाइटिस, एड्स, टाइफाइड ज्वरो आदि) परीक्षण गर्न प्रयोग गरिने पिपेट, टेस्ट ट्युब र अन्य काँचका भाँडाहरु ०.४% सोडियम हाइपोक्लोराइट घोलमा (५ % घरेलु ब्लीचको १०० मिलिलिटर १ लिटर पानीमा) कम्तिमा ३० मिनेट राखिनेछ र बिसर्जन गरिनेछ।
- पिसाब र मल परीक्षण समाप्त भएपछि, प्लास्टिक र कार्टन कन्टेनरहरु मल सामाग्री प्लास्टिक झोला भित्र राखिनेछ।
- स्लाइड कभर स्लिप, टेस्ट ट्युब र फिकल सामाग्री भएको बोतलहरु ५% फिनोल घोलमा भिजाइन्छ।
- पिसाब र शरीरका अन्य तरल पदार्थ सिधै सोक पिटमा फालिनेछ। यदि संक्रामक भएमा डिस्पोजल अघि १०% फर्मालिन वा ०.५% हाइपोक्लोराइट घोल, ९% क्लोरिन घोल जस्ता किटाणुनाशकहरु पहिले थपिनेछ।
- प्रयोगशालाको फोहोरपानीलाई किटाणुशोधन प्रक्रिया गरेर बिसर्जन गरिने छ।

## ९.६ अस्पताल सञ्चालन चरणको लागि ट्राफिक व्यवस्थापन योजना

**पहुँच र भित्री सवारी व्यवस्थापन**

- छुट्टाछुट्टै प्रवेश/प्रस्थान मार्ग: एम्बुलेन्स, कर्मचारी, बिरामी र आगन्तुकहरूका लागि छुट्टाछुट्टै प्रवेश गेटको व्यवस्था।

- आपतकालीन मार्गको प्राथमिकता: आपतकालीन सवारी साधनहरूका लागि स्पष्ट रूपमा चिन्हित, अबरोधरहित र सधैं खुला मार्ग सुनिश्चित गर्नु।
- एकतर्फी प्रणाली: अस्पताल परिसरभित्र एकतर्फी सवारी प्रणाली लागू गरी सवारी चाप न्यूनिकरण गर्नु।

**पार्किङ्ग व्यवस्थापन**

- निर्धारित पार्किङ्ग क्षेत्रहरू:
    - एम्बुलेन्स: आकस्मिक सेवा कक्ष नजिकै।
    - कर्मचारी: छुट्टै सुरक्षित पार्किङ्ग।
    - आगन्तुक/बिरामी: समय-सीमित तथा चिन्हित पार्किङ्ग।
    - अपांगता भएका व्यक्तिहरू: अस्पताल प्रवेशद्वार नजिकै विशेष पार्किङ्ग।
- पर्याप्त पार्किङ्ग क्षमता: सार्वजनिक सडकमा पार्किङ्गको आवश्यकता नपर्ने व्यवस्था।

**सार्वजनिक यातायात समन्वय**

- बस स्टप नजिक: अस्पताल नजिकै सुरक्षित पैदल पहुँचसहितको बस स्टप।
- ट्याक्सी निष्कासन क्षेत्र: छोटो समयका लागि छुट्टै ट्याक्सी जोन क्षेत्र।

**पैदलयात्री सुरक्षाको व्यवस्था**

- पैदल पार गर्ने मार्ग (Crosswalks): प्रमुख प्रवेशद्वारमा चिन्हित र उज्यालो पारिएको जेब्रा क्रसिङ।
- फुटपाथको व्यवस्था: अस्पताल परिसरभित्र सुरक्षित हिड्ने बाटोहरू।
- सङ्केत चिन्हहरू: बहुभाषिक र स्पष्ट सूचना बोर्डहरू।

**सवारी नियन्त्रण व्यवस्था**

- सुरक्षा गार्डहरू: मुख्य गेट र पार्किङ्ग क्षेत्रमा तालीमप्राप्त सुरक्षा कर्मचारी।
- गति सीमा: अस्पताल परिसरभित्र अधिकतम १०—१५ किमी/घण्टा।
- निगरानी प्रणाली: सिसिटिभीमार्फत प्रवेशद्वार, पार्किङ्ग तथा महत्वपूर्ण स्थानहरूको निगरानी।

**आपतकालीन यातायात योजना**

- आपतकालीन निकास मार्गहरू: आकस्मिक अवस्थामा प्रयोग हुने पूर्व-निर्धारित मार्ग।
- वैकल्पिक मार्ग योजना: ट्राफिक प्रहरीसँग समन्वय गरी अत्यधिक चाप हुने बेला सवारी मोड्ने व्यवस्था।

**सम्बन्धित निकायसँग समन्वय**

- स्थानीय ट्राफिक प्रहरी, महानगरपालिका, र यातायात कार्यालयसँग समन्वय गरी बाह्य सडकहरूको व्यवस्थापन, संकेत चिन्हहरू र ट्राफिक नियमन सुनिश्चित गर्नु।

- नियमित ट्राफिक प्रभाव मूल्याङ्कन (Traffic Impact Assessment) गर्नु।

**सूचना तथा जनचेतना प्रवाह**

- प्रवेशद्वारहरूमा नक्शा र संकेत बोर्डहरू राख्ने।
- मोबाइल एप/वेबसाइटमार्फत ट्राफिक जानकारी उपलब्ध गराउने।
- कर्मचारीहरूलाई यातायात र पार्किङ्ग सम्बन्धि तालिम दिने।

# परिच्छेद १०: वातावरणीय परीक्षण

| द.<br>नामः लुनकरण दाश चौधरी<br>ठेगाना : काठमाण्डौ जि. काठमाण्डौ म.न.पा. वडा नं. २९, फोन नं.४४१२९१४<br>दा. बा. | स्व.भुरमल चौधरी | ना.प्रनं. २६२६/९८४, जि.प्र.का. काठमाण्डौ । | २३,५०० थान | द.<br>नाम : ईन्द्रविर पाण्डे ठेगाना : का.जी.का.म.न.पा. वडा नं.४<br>दा. बा. | ना.प्र.नं. ..........<br>जि.प्र.का. ......... । |
| द.<br>नामः बसन्त कुमार चौधरी<br>ठेगाना : रुपन्देही जि. भैरहवा न.पा. वडा नं.१, हाल का.म.न.पा.२२, फोन नं.<br>दा. बा. | श्री लुनकरण दाश चौधरी | ना.प्र.नं.४० ३१<br>जि.प्र.का. काठमाण्डौ। | १७,५०० थान | द.<br>नाम :मोहन प्रसाद खनाल,<br>ठेगाना : का.जी. का.म.न.पा.वडा नं.३४<br>दा. बा. | ना.प्र.नं. १६८, जि.प्र.का. मोरंग । |
| द<br>नामः कमलमान सिंह प्रधान<br>ठेगाना : काठमाण्डौ जि. का.म.न.पा. वडा नं. ,<br>मोबाईल नं.<br>दा. बा. | श्री गजपमान सिंह | ना.प्र.नं.१३ ८१<br>जि.प्र.का काठमाण्डौ । | १,५०० थान | द.<br>नाम : विष्णुहरि पाण्डे<br>ठेगाना : का.जी. का.म.न.पा.वडा नं.२२<br>दा. बा. | ना.प्र.नं. ........,<br>जि.प्र.का. .......... । |
| द<br>नामः आत्माराम मुरारका<br>ठेगाना :सिराहा जि. लहान न.पा. वडा नं.७<br>दा. बा. | ज्वाला प्रसाद मुरारका | ना.प्र.नं. ४८३२,<br>जि.प्र.का. सिराहा । | १०,००० थान | द.<br>नाम : भोलामान कटुवाल<br>ठेगाना : का.जी. का.म.पा.-३२<br>दा. बा. | ना.प्र.नं..... .. जि.प्र.का. ...... । |

| | | | | | |
|---|---|---|---|---|---|
| द<br>नाम: पशुपती मुरारका<br>ठेगाना : सिराहा जि. लहान न.पा<br>दा. वा. | श्री आत्मराम मुरारका | ना.प्रनं. ५४८९ जि.प्र.का. सिराहा । | ६५०० थान | द<br>नाम : प्रविन अर्याल<br>ठेगाना<br>का.जि.का.म.न.पा. वडा नं. २, | ना.प्र.नं. ........, जि.प्र.का. ........ । |
| द<br>नाम: अशोक कुमार मुरारका<br>ठेगाना :सिराहा जि. लहान न.पा. वडा नं.७<br>दा. वा. | श्री उमा प्रसाद मुरारका | ना.प्रनं. ४८३१ जि.प्र.का. सिराहा । | १३००० थान | द.<br>नाम : नरेन्द्र ओली<br>ठेगाना : काठमाण्डौ जी. का.म.न.पा.वडा नं.१६<br>दा. वा. | ना.प्र.नं. ........, जि.प्र.का. ..........। |
| द<br>नाम : सज्जन कुमार मुरारका<br>ठेगाना :सिराहा जी., लहान न.पा.,<br>फो.नं.<br>दा. वा. | परमेश्वर मुरारका | ना.प्र.नं. ४३५३, जि.प्र.का. सिराहा | १३००० थान | द.<br>नाम: रन्जीत भट्टराई<br>ठेगाना:का.जि.का. म.न.पा. वडा नं.२<br>दा. वा | ना.प्र.नं. ........, जि.प्र.का. ........... । |
| द.<br>नाम: सच्चे कुमार पहारी<br>ठेगाना: का.जि.का.म.न.पा. वडा नं.....<br>दा. वा. | स्व.अम्बर बहादुर पहारी | ना.प्र.नं. ८२६२ जि.प्र.का.काठमाण्डौ | २५०० थान | द.<br>नाम: प्रमोद अधिकारी<br>ठेगाना:का.जि.का. म.न.पा.वडा नं.२२<br>दा. वा | ना.प्र.नं. ........, जि.प्र.का. ........... |
| द.<br>नाम: डा. रमेश कु.चोखानी<br>ठेगाना:-का.जि.का.म.न.पा. वडा नं.१३<br>दा वा. | दुर्गा प्रसाद | ना.प्र.नं. ११५४८ जि.प्र.का. काठमाण्डौ | २५०० थान | द.<br>नाम: पुष्पा अर्याल<br>ठेगाना:<br>का.जि.का.म.न.पा. वडा नं.१०<br>दा. वा | ना.प्र.न. ........, जि.प्र.का. ........... |

प्रमाणीत गर्ने:-

भेषराज न्यौपाने

अधिवक्ता, प्र.प.सं.६८२७

ईति सम्वत २०७८ साल आषाढ ४ गते रोज ६ शुभम ।

(दफा २० को उपदफा (४) संग सम्बन्धित)
कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित

# नोर्भिक ईन्टरनेशनल हस्पीटल एण्ड मेडिकल कलेज लिमिटेड
को
नियमावली

## परिच्छेद -१
प्रारम्भिक

१) कम्पनीको नाम : यस कम्पनीको नाम नोर्भिक ईन्टरनेशनल हस्पीटल एण्ड मेडिकल कलेज लिमिटेड (Norvic International Hospital and Medical College Ltd) हुनेछ।

२) कम्पनीको रजिष्टर्ड कार्यालय :

क) यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौ जिल्ला काठमाण्डौ महानगरपालीका वडा नं ११ थापाथली काठमाण्डौमा रहनेछ।

ख) कम्पनीले आवश्यकता अनुसार रजिष्टर्ड कार्यालय अन्यत्र स्थानान्तरण गर्न, नेपाल राज्यभरको कुनै पनि स्थानमा शाखा कार्यालय तथा कारोबार गर्ने स्थान खोल्न तथा तोक्न सक्नेछ।

३) परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा :-

(क) "ऐन" भन्नाले कम्पनी ऐन, २०६३ सम्झनु पर्छ।

(ख) "कार्यालय" भन्नाले कम्पनी रजिष्ट्रारको कार्यालय सम्झनु पर्छ।

(ग) "कम्पनी" भन्नाले नोर्भिक ईन्टरनेशनल हस्पीटल एण्ड मेडिकल कलेज लि. सम्झनु पर्छ।

(घ) "पदाधिकारी" भन्नाले कम्पनीको संचालक, कार्यकारी प्रमुख, प्रबन्धक, कम्पनी सचिव, लिक्वीडेटर वा विभागिय जिम्मेवारी लिने कुनै कर्मचारी समेत सम्झनु पर्छ।

(ङ) "सभा" भन्नाले कम्पनीको साधारण सभा सम्झनु पर्छ।

(च) "प्रबन्धपत्र" भन्नाले कम्पनीको प्रबन्धपत्र र यसमा समय समयमा हुने संशोधन समेतलाई सम्झनु पर्छ।

(छ) "नियमावली" भन्नाले कम्पनीको नियमावली र यसमा समय समयमा हुने संशोधन समेतलाई सम्झनु पर्छ।

NORVIC 1993 KATHMANDU

(ञ) "सर्वसम्मत संझौता" भन्नाले कम्पनी दर्ता हुदाका अवस्थामा संस्थापकहरुले गरेका संझौता तथा भविष्यमा सबै शेयरवालाहरुले आपसमा गरेका संझौतालाई समेतलाई सम्झनु पर्छ।

(झ) एकवचन बुझाउने शब्दले वहुवचन, वहुवचन बुझाउने शब्दले एक वचनलाई र पुलिङ्ग बुझाउने शब्दले स्त्री लिङ्ग र स्त्री लिङ्ग बुझाउने शब्दले पुलिंगलाई समेत बुझाएको सम्झनु पर्छ।

४) **कम्पनीको उद्देश्य :**
यस कम्पनीको उद्देश्य प्रवन्धपत्रको दफा ४ मा उल्लेख भए बमोजिम हुनेछ।

परिच्छेद-२

**शेयर पूँजी तथा ऋण**

५) **शेयरको अंकित मूल्य :**
यस कम्पनीको शेयरको अंकित मूल्य रु. १०० हुनेछ।

६) **शेयरमा लियन रहने कुरा :**
शेयरधनीहरुले कम्पनीलाई तिर्न बाँकी रहेको शेयर बापतको रकम वा कम्पनीलाई कानून बमोजिम बुझाउनु पर्ने बाँकी रकम बापत निजहरुका नाममा दर्ता भएको शेयर र सो बापत बाँडिने लाभांशमा कम्पनीको लियन वा दावी रहनेछ।

७) **विभिन्न वर्गका शेयरहरु जारी गर्ने भए त्यस्ता शेयरको वर्ग, त्यसमा निहित शेयरधनीको हक अधिकार तथा बन्देजहरु :**
हाल साधारण शेयरहरुको मात्र व्यवस्था गरिएको छ। साधारण सभाले प्रस्ताव पारित गरेको अवस्थामा शेयरहरुको वर्ग र त्यसमा निहित शेयरधनीहरुको हक सम्बन्धि व्यवस्था सोही बमोजिम हुनेछ।

८) **नियम ७ बमोजिम जारी भएको शेयर खरिद गर्ने शेयरधनीको अधिकारमा हेरफेर गर्दा सम्बन्धित वर्गका शेयरधनीहरुको स्वीकृती चाहिने वा नचाहिने हो सो कुरा खुलाउने :**
हाल साधारण शेयरहरुको मात्र व्यवस्था गरिएको हुंदा, पछि साधारण सभाले अन्य वर्गका शेयरहरुको व्यवस्था गरेमा सोही सभाले निर्धारण गरे वा तोके बमोजिम हुनेछ।

९) **अग्राधिकार शेयर सम्बन्धि व्यवस्था :**
(क) हाल कम्पनीले अग्राधिकार शेयर जारी गरेको छैन। कम्पनीको साधारण सभाले निर्णय पारीत गरी साधारण शेयर भन्दा अगाडी लाभांश प्राप्त गर्ने गरी अग्राधिकार शेयर जारी गर्न सक्नेछ।

(ख) साधारण सभाले अग्राधिकार शेयर जारी गर्ने गरी निर्णय गर्दा अग्राधिकार शेयरधनीले प्राप्त गर्ने लाभांश प्रतिशत, साधारण शेयरमा परिणत हुन सक्ने वा नसक्ने, मुनाफा जोडिँदै जाने (क्युमुलेटिभ) वा मुनाफा भएको वर्ष मात्र मुनाफा वितरण हुने (नन क्युमुलेटिभ) हो सो कुरा, निश्चित समय पछि फिर्ता गर्न सकिने (रिमिडेवल) वा फिर्ता गर्न नसकिने (इरिडिमेवल) हो सो कुरा र प्रिमियम सहित फिर्ता गर्ने हो वा प्रिमियम विना फिर्ता गर्ने हो सो कुरा खुलाउनु पर्नेछ।

(ग) अग्राधिकार शेयरधनीलाई साधारण शेयरधनी सरह सोही अनुपातमा मताधिकार प्राप्त हुनेछ।

(घ) अग्राधिकार शेयरधनीले कम्पनी खारेज भएको अवस्थामा शेयर रकम फिर्ता गर्दा साधारण शेयरधनी भन्दा अग्राधिकार पाउनेछन ।

१०) **संस्थापकले लिनु पर्ने शेयर :**
कम्पनीको संस्थापक हुन १०० कित्ता शेयर लिएको हुनु पर्नेछ ।

११) **शेयर वापतको रकमको भुक्तानीको माग तथा शेयर जफत सम्बन्धी व्यवस्था :**
कम्पनीको आवश्यकतानुसार शेयर वापतको रकमको भुक्तानी माग गर्नेछ । शेयर वापतको रकमको भुक्तानी तथा शेयर जफत सम्बन्धी अन्य कुरा ऐन बमोजिम हुनेछ ।

१२) **शेयर बिकी वा धितोबन्धक सम्बन्धी व्यवस्था**
(क) कम्पनीको शेयर चल सम्पति सरह अर्को व्यक्तिलाई बिकी गर्न वा धितोबन्धक राख्न सकिनेछ ।
(ख) शेयर बिकी, धितोबन्धक र दाखिल खारेज सम्बन्धी अन्य व्यवस्था ऐन बमोजिम हुनेछ ।

१३) **शेयरको प्रमाण पत्र**
कम्पनीले शेयरधनीहरुलाई तोकिएको ढांचामा शेयर प्रमाणपत्र जारी गर्नेछ । कम्पनीले जारी गर्ने शेयरको प्रमाणपत्रमा अध्यक्ष एकजना र कम्पनी सचिव वा सञ्चालक समितिले तोकेको एक जना पदाधिकारी गरी दुई जनाले दस्तखत गर्नेछन् ।

१४) **शेयर पुँजी हेरफेर गर्ने कुरा**
कम्पनीले साधारण सभाबाट विशेष प्रस्ताव पारित गरी ऐन अन्तर्गतको प्रकृया पूरा गरी शेयर पूजी हेरफेर गर्न सक्नेछ ।

१५) **आफ्नो शेयर आफैले खरिद गर्ने सम्बन्धी व्यवस्था**
हाल आफ्नो शेयर आफैले खरिद गर्ने सम्बन्धी कुनै व्यवस्था गरिएको छैन । यस बिषयमा आवश्यकता अनुसार साधारण सभाले निर्णय गर्न सक्नेछ ।

१६) **ऋण उठाउने वा डिबेञ्चर जारी गर्ने सम्बन्धी व्यवस्था**
(क) कम्पनीले आवश्यकता अनुसार ऋण उठाउन वा डिबेञ्चर जारी गर्न सक्नेछ । साधारणसभाको निर्णय अनुसार डिबेञ्चर शेयरमा परिणत गर्न सकिनेछ । तर जारी पूंजी पूर्णरुपमा चुक्ता नभएसम्म र डिबेञ्चर जारी गर्न कानून अनुसार स्वीकृति आवश्यक पर्ने भए सो प्राप्त नगरेसम्म डिबेञ्चर जारी गर्न सक्ने छैन ।
(ख) डिबेञ्चर शेयरमा परिणत गर्दा साधारण सभाले आवश्यक शर्तहरु तोक्न सक्नेछ ।
(ग) कम्पनीको डिबेञ्चर कुनै चल सम्पति सरह धितो बन्धक राख्न सकिनेछ ।
(घ) ऋण वा डिबेञ्चर सम्बन्धी अन्य कुरा ऐनमा व्यवस्था भए बमोजिम हुनेछ ।

१७) **शेयरधनी तथा डिबेञ्चरवालाको दर्ता किताबको निरीक्षण**
शेयरधनी वा डिबेञ्चरवालाले कम्पनीको शेयर वा डिबेञ्चर दर्ता किताब निरीक्षण गर्न चाहेमा कम्पनीले निरीक्षण गर्न दिनु पर्नेछ ।

तर कम्पनीले आफ्नो सूचना पाटीमा पन्ध्र (१५) दिन अगावै सूचना टाँस गरी एक वर्षमा पैंतालीस (४५) दिनमा नवढाई एक पटकमा बढीमा तीस (३०) दिन सम्म दर्ता किताबको निरीक्षण बन्द गर्न सक्नेछ ।

परिच्छेद - ३

साधारण सभा

१८) कम्पनीको साधारण सभा सम्बन्धी व्यवस्था

(क) यस कम्पनीको साधारण सभा देहाय बमोजिम हुनेछन् :-

(१) वार्षिक साधारण सभा

(२) विशेष साधारण सभा

(ख) यस कम्पनीको प्रथम वार्षिक साधारण सभा कम्पनीले कार्यालयबाट कारोबार गर्न स्वीकृति पाएको मितिले १२ महिनाभित्रमा गरिनेछ र त्यस पछिका वार्षिक साधारण सभाहरु हरेक आर्थिक वर्ष समाप्त भएको ६ महिनाभित्र गरिनेछ ।

(ग) यस कम्पनीको वार्षिक साधारण सभा गर्नको लागि कम्तीमा २१ दिन अगावै र विशेष साधारण सभा गर्नका लागि कम्तीमा १५ दिन अगावै सभा हुने ठाउँ, मिति र छलफल गर्ने विषय खोली सबै शेयरधनीलाई सूचना दिइनेछ ।

(घ) सञ्चालक समितिको अध्यक्ष वा सञ्चालक समितिले तोकेको पदाधिकारीले साधारण सभा बोलाउनेछ ।

(ङ) उपनियम (घ) मा उल्लिखित पदाधिकारीले साधारण सभा नबोलाएमा वा अन्य कुनै कारणले सञ्चालक समितिको बैठक बस्न नसकेमा सञ्चालक समितिको कूल सञ्चालकहरु मध्ये कम्तीमा एकाउन्न प्रतिशत सञ्चालक उपस्थित भै सोही कारण खुलाई साधारण सभा बोलाउने निर्णय गर्न सक्नेछन् । यसरी साधारण सभा बोलाउन सबै शेयरधनीलाई उपनियम (ग) बमोजिमको सूचना दिनुपर्नेछ ।

१९) साधारण सभाको कार्यविधि

(क) साधारण सभाको अध्यक्षता सञ्चालक समितिको अध्यक्षले गर्नेछ । यसरी बस्ने साधारण सभामा अध्यक्ष अनुपस्थित भएमा उपस्थित सञ्चालकहरु मध्यबाट छानिएको सञ्चालकले साधारण सभाको अध्यक्षता गर्नेछ । तर साधारण सभामा कुनै पनि सञ्चालक उपस्थित नभएमा सभामा उपस्थित शेयरधनीहरुले आफूमध्येबाट छानेको शेयरधनीले सभाको अध्यक्षता गर्नेछ ।

(ख) शेयरधनीहरुले सभाको काम कारवाही प्रारम्भ हुनु अघि सभाको वैधता बारे छलफल गरी गणपुरक संख्या पुगे वा नपुगेको यकिन गर्नु पर्नेछ र गणपुरक संख्या पुगेको पाइएमा सो सभाको अध्यक्षको अनुमतीले विधिवत् सभा संचालन हुनेछ ।

(ग) साधारण सभामा छलफल गरिने प्रत्येक विषय (एजेण्डा) प्रस्तावको रुपमा प्रस्तुत हुनेछ र प्रत्येक प्रस्तावमा छलफल गरिनेछ । अध्यक्षले अनुमति दिएकोमा बाहेक एउटा प्रस्तावमा निर्णय नभई अर्को प्रस्तावमा प्रवेश गरिने छैन ।

(घ) सभाको निर्णय बहुमतको आधारमा हुनेछ । तर, विशेष प्रस्तावको हकमा सभामा उपस्थित शेयरधनीहरु मध्ये पचहत्तर (७५) प्रतिशत शेयरको प्रतिनिधित्व गर्ने शेयरधनीले प्रस्तावको पक्षमा मत दिएमा मात्र त्यस्तो प्रस्ताव साधारणसभाबाट पारित भएको मानिनेछ ।

(ङ) सभामा मत बराबर भएमा अध्यक्षको मत निर्णायक हुनेछ ।

(च) कूल शेयर पूंजीको ६७ प्रतिशत शेयरको प्रतिनिधित्व गर्ने शेयरधनीहरुले स्वीकृति दिएकोमा बाहेक शेयरधनीहरुलाई दिइएको सभाको सूचनामा उल्लेख नगरिएको विषय (एजेण्डा) उपर सभामा छलफल र निर्णय गरिने छैन ।

(छ) कुनै विषयमा शेयरधनीहरुको मत संकलन गर्नु पर्ने भएमा सभाको अध्यक्षले तोकेको प्रक्रिया अनुसार मत संकलन गरिनेछ ।

२०) साधारण सभामा पेश गर्ने अन्य विषय

साधारण सभामा पेश गर्नु पर्ने अन्य विषयहरु ऐन र नियमावलीमा लेखिए बमोजिम हुनेछन् ।

२१) विशेष प्रस्ताव

ऐनमा विशेष प्रस्तावको रुपमा पेश गर्नुपर्ने भनी निर्दिष्ट गरेका साधारण सभाका सबै प्रस्तावहरु विशेष प्रस्तावको रुपमा पेश गरिनेछन् ।

२२) विशेष साधारण सभा

ऐन बमोजिम कम्पनीको विशेष साधारण सभा बोलाउन सकिनेछ ।

२३) गणपूरक संख्या

जारी तथा बाँडफाँड भएको कूल शेयर संख्याको ५० (पचास) प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कूल शेयरधनीहरुमध्ये कम्तीमा ४ (चार) जना शेयरधनीहरु स्वयम् वा आफ्नो प्रतिनिधि (प्रोक्सी) द्वारा उपस्थित नभई साधारण सभाको काम कारवाही प्रारम्भ हुनेछैन ।

तर नियम १८ को उपनियम (च) मा उल्लेख भए बमोजिम पुनः बोलाईएको साधारण सभामा जारी तथा बाँडफाँड भएको कूल शेयर संख्याको कम्तीमा २५ (पच्चीस) प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी कम्तीमा ३ (तिन) जना शेयरधनीहरु स्वयम् वा आफ्नो प्रतिनिधिद्वारा उपस्थित भएमा सभा सञ्चालन गर्न बाधा पर्नेछैन ।

२४) प्रतिनिधि (प्रोक्सी) मत सम्बन्धी व्यवस्था

(क) प्रचलित कानून बमोजिम करार गर्न योग्य व्यक्तिलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्नसकिनेछ ।

(ख) कुनै शेयरधनीले प्रतिनिधि नियुक्त गरी आफू स्वयम् साथै सभामा उपस्थित भएमा त्यस्तो प्रतिनिधि स्वतः रद्द भएको मानिनेछ ।

(ग) प्रतिनिधिले साधारण सभामा मतदान गर्न पाउने छ ।

(घ) कुनै सञ्चालकलाई कम्पनीको साधारण सभामा भाग लिनको लागि कुनै शेयरधनीले आफ्नो प्रतिनिधि नियुक्त गरेको भएमा आफूलाई नियुक्त गर्ने विषयमा वा आफ्नो स्वार्थ वा व्यक्तिगत फाइदाको कुनै विषयमा त्यस्तो सञ्चालकले उक्त शेयरधनीको प्रतिनिधिको हैसियतले मतदान गर्न पाउने छैन ।

२५) मतदान

(क) ऐन तथा प्रवन्धपत्र र नियमावलीमा अन्यथा लेखिएकोमा बाहेक प्रत्येक शेयरधनीलाई निजले लिएको प्रत्येक शेयर वापत साधारण सभामा एक मत दिने अधिकार हुनेछ ।

(ख) फरक मताधिकार भएका शेयरहरु जारी गर्न आवश्यक परेमा कम्पनीले साधारण सभाबाट सोही प्रस्ताव पारित गराई यस नियमावलीमा संसोधन गर्नेछ ।

(ग) उपनियम (ख) बमोजिम साधारण सभाले पारित नगरेसम्म साधारण सभामा मताधिकार नहुने शेयर जारी गरीने छैन ।

(घ) उपनियम (क) मा जुनसुकै कुरा लेखिएको भए पनी सञ्चालक निर्वाचन गर्दा शेयरधनीले आफुसंग भएको प्रत्येक शेयर वापत जम्मा चुनिने सञ्चालक संख्या बराबर मतदान गर्ने अधिकार रहनेछ ।

२६) साधारण सभाको निर्णय विवरणको अभिलेख

(क) ऐन अनुसार खुलाउनुपर्ने कुरा खुलाई साधारण सभाको काम कारवाही तथा निर्णयको विवरणको छुट्टै अभिलेख गरी राखिनेछ । त्यस्तो विवरणमा सभाको अध्यक्ष तथा कम्पनी सचिवले हस्ताक्षर गर्नु पर्नेछ । कुनै व्यहोराले सभामा कम्पनी सचिव अनुपस्थित भएको वा कम्पनी सचिवको नियुक्ति नभएको अवस्थामा सभाको अध्यक्ष तथा सभाले नियुक्त गरेको एकजना शेयरधनीले त्यस्तो विवरणमा हस्ताक्षर गर्नु पर्नेछ ।

(ख) उपनियम (क) अनुसार राखिएको साधारण सभाको काम कारवाहीको विवरणको अभिलेख कम्पनीको रजिष्ट्रर्ड कार्यालयमा राख्नु पर्नेछ । त्यस्तो विवरण कुनै शेयरधनीले कार्यालय समयमा निरीक्षण गर्न चाहेमा कम्पनी सचिव वा कम्पनीले तोकेको अन्य कर्मचारीले निरीक्षण गर्न दिनु पर्नेछ ।

## परिच्छेद - ४

## सञ्चालक समिति

२७) सञ्चालक समितिको गठन, संख्या र कार्यकाल

(क) सञ्चालकहरुको नियुक्ति वा निर्वाचन वार्षिक साधारण सभाबाट हुनेछ ।

(ख) यस कम्पनीमा ७ (सात) जना सम्म सञ्चालकहरु हुनेछन् । जसमा आवश्यकता अनुसार स्वतन्त्र संचालक रहनेछन ।

(ग) सञ्चालकहरुको कार्यकाल ४ (चार) वर्षको हुनेछ ।

(घ) वार्षिक साधारण सभा हुनु अगावै कुनै कारणले कुनै सञ्चालकको पद रिक्त हुन आएमा बाँकी अवधिका लागि सञ्चालकको नियुक्ति जुन प्रक्रियाबाट पहिले भएको थियो सोही प्रक्रियाबाट गरिने छ । कुनै सञ्चालकको कार्यकाल पूरा नहुँदै बीचमा पद रिक्त भई सो

...मा नियुक्त भएको सञ्चालकको कार्यकाल जुन सञ्चालकको पद रिक्त भई नियुक्त भएको हो सो सञ्चालकको बाँकी कार्यकालसम्मको लागि मात्र हुनेछ।

तर वार्षिक साधारण सभाद्वारा नियुक्त गरिएको सञ्चालकको पद कुनै व्यहोराले रिक्त भएमा सो रिक्त स्थानमा अर्को साधारणसभा सम्मको लागि सञ्चालक समितिले सञ्चालक नियुक्त गर्नेछ।

(ङ) संगठित संस्थाले सञ्चालक नियुक्त गर्दा निजको वैकल्पिक सञ्चालक पनि नियुक्त गर्न सक्नेछ।

(च) सञ्चालकको निर्वाचनको लागि सञ्चालक समितिले निर्वाचन निर्देशिका बनाउन सक्नेछ।

(छ) यो कम्पनी पब्लीक कम्पनीमा परीणत भएपछिको पहिलो वार्षिक साधारण सभाले अर्को निर्णय नगरे सम्म हाल कायम २ सदस्यीय संचालक समिति आफनो पदावधि सम्म (श्री भुवन चन्द्र भट्ट र श्री मनिष कुमार खेमका) कायम रहनेछ।

२८) सञ्चालक हुन लिनु पर्ने न्युनतम शेयर संख्या

यस कम्पनीको सञ्चालकको पदमा नियुक्त हुनको लागि कुनै पनि शेयरधनीले आफ्नो नाममा कम्तीमा १००(एकसय) कित्ता शेयर लिएको हुनु पर्नेछ।

तर स्वतन्त्र सञ्चालक र संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालकको हकमा यो व्यवस्था लागू हुने छैन।

२९) शेयरधनी बाहेकको अन्य कुनै स्वतन्त्र र व्यवसायिक व्यक्तिलाई सञ्चालक नियुक्त गर्ने भए निजहरुको संख्या, कार्यकाल, योग्यता तथा नियुक्ति प्रक्रिया सम्बन्धी व्यवस्था

(क) स्वतन्त्र संचालकको योग्यता यस बमोजिम हुनेछ :

(१) कम्तीमा २१ वर्षको उमेर पूरा भएको र

(२) मान्यताप्राप्त विश्वविद्यालयबाट कुनै विषयमा कम्तीमा स्नातकोपाधी (Bachelors degree) हासिल गरी सो सम्बन्धित क्षेत्रमा कम्तीमा १०(दश) वर्षको कार्य अनुभव भएको।

(ख) स्वतन्त्र सञ्चालकको नियुक्तिको लागि सञ्चालक समितिले योग्य व्यक्तिहरुको नाम चयन गरी नियुक्तिको लागि साधारण सभामा पेश गर्नु पर्नेछ। यसरी नाम तयार गर्दा कम्तीमा तीन (३) जना योग्य व्यक्तिहरुको नाम स्वतन्त्र संचालकको नियुक्तिको लागि साधारण सभामा प्रस्तुत गर्नु पर्नेछ।

(ग) स्वतन्त्र सञ्चालकको नियुक्ति उपनियम (ख) बमोजिम साधारण सभामा प्रस्तुत प्रस्तावमा उल्लेख गरिएका व्यक्तिहरु मध्येबाट गरिनेछ।

(घ) स्वतन्त्र सञ्चालकको काम, अधिकार, कर्तव्य, जवाफदेहीता तथा सुविधाहरु साधारण सभाबाट तोकिने छ।

३०) सञ्चालकको पुनः नियुक्ती

सञ्चालक भै आफ्नो कार्यकाल पूरा गरेको वा अन्य कुनै कारणले सञ्चालकको पदबाट हट्न लागेको वा हटेको व्यक्तिलाई पुनः सञ्चालक नियुक्त गर्न सकिनेछ।

३१) सञ्चालक नियुक्ति सम्बन्धी कुनै खास व्यवस्था

सञ्चालक नियुक्ति सम्बन्धी अन्य प्रावधानहरु ऐन बमोजिम हुनेछ ।

३२) सञ्चालकको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धी व्यवस्था

(क) सञ्चालकको पारिश्रमिक, बैठक भत्ता, दैनिक भत्ता तथा अन्य सुविधा साधारण सभाले तोकेबमोजिम हुनेछ ।

(ख) उपनियम (क) मा जुनसुकै कुरा उल्लेख गरिएको भए तापनि पहिलो वार्षिक साधारण सभा नभएसम्म त्यस्तो पारिश्रमिक, बैठक भत्ता, दैनिक भत्ता तथा अन्य सुविधा सञ्चालक समिति आफैले तोक्न सक्नेछ ।

तर यसरी एकपटक तोकिएको पारिश्रमिक, भत्ता तथा सुविधा प्रथम साधारण सभा नभएसम्म परिवर्तन गर्न सकिने छैन ।

३३) सञ्चालक समितिको काम,कर्तव्य र अधिकारहरु

ऐनमा उल्लेख भएका अधिकार र कर्तव्य बाहेक सञ्चालक समितिका अन्य अधिकार र कर्तव्यहरु प्रवन्धपत्र तथा नियमावलीमा तोकिएको वा साधारण सभाले निर्णय बमोजिम हुनेछन् ।

३४) अधिकार प्रत्यायोजन सम्बन्धी व्यवस्था

(क) ऐन नियमको परिधि भित्र रही सञ्चालक समितिले आफ्नो अधिकार र कर्तव्य आफुले गठन गरेको समिति वा उपसमिति वा कुनै संचालक वा कर्मचारी वा अन्य व्यक्तिलाई प्रत्यायोजन गर्न सक्नेछ । सञ्चालक समितिले कुनै अधिकार प्रत्यायोजन गर्दा आफैले गर्नु पर्ने भनी दिएको रहेछ भने त्यस्तो अधिकार अन्य कसैलाई पुनः प्रत्यायोजन गर्न वा कुनै प्रतिनिधिलाई दिन पाउने छैन ।

(ख) माथि उपनियम (क) मा लेखिएको बन्देज बाहेक सञ्चालक समितिबाट अधिकार पाएको सञ्चालकले त्यस्तो अधिकार कुनै कर्मचारी, पदाधिकारी वा अन्य कुनै व्यक्तिलाई पुनः प्रत्यायोजन गर्न सक्नेछ ।

३५) प्रवन्ध सञ्चालकसम्बन्धी व्यवस्था

(क) कम्पनीको सम्पूर्ण दैनिक व्यवस्थापन तथा सञ्चालन र कारोवार हेर्ने प्रयोजनकोलागि सञ्चालकहरु मध्येबाट सञ्चालक समितिले एक जना संचालकलाई प्रवन्ध सञ्चालकमा नियुक्त गर्न सक्नेछ । प्रवन्ध सञ्चालक, सञ्चालक समिति प्रति उत्तरदायी हुनुपर्नेछ ।

(ख) प्रवन्ध सञ्चालकको काम, अधिकार र कर्तव्य ऐन, सम्झौता, प्रवन्धपत्र, नियमावली र साधारण सभाको निर्णयको अधिनमा रही सञ्चालक समितिले पारित गरेको सेवा शर्तहरुमा उल्लेख भए बमोजिम हुनेछन् । प्रवन्ध सञ्चालकको सेवाको शर्तहरु समय समयमा परिवर्तन हुन सक्नेछन् ।

(ग) कम्पनीको व्यवस्थापन र सञ्चालन हेर्नको लागि यदि प्रमुख कार्यकारी अधिकृत नियुक्ति गरेको भए कम्पनीले प्रबन्ध सञ्चालक नियुक्ति नगर्न पनि सक्नेछ ।

३६) प्रमुख कार्यकारी अधिकृत सम्बन्धी व्यवस्था

(क) कम्पनीको सम्पूर्ण दैनिक व्यवस्थापन तथा सञ्चालन र कारोवार हेर्ने प्रयोजनको लागि सञ्चालक समितिले एकजना प्रमुख कार्यकारी अधिकृत नियुक्त गर्न सक्नेछ । प्रमुख कार्यकारी अधिकृत सञ्चालक समिति प्रति उत्तरदायी हुनुपर्नेछ ।

(ख) प्रमूख कार्यकारी अधिकृतको काम, अधिकार र कर्तव्य ऐन, सम्झौता, प्रवन्धपत्र, नियमवली र साधारण सभाको निर्णयको अधिनमा रही सञ्चालक समितिले पारित गरेको सेवा शर्तहरुमा उल्लेख भए वमोजिम हुनेछन् । प्रमुख कार्यकारी अधिकृतको सेवाका शर्तहरु समय समयमा परिवर्तन हुन सक्नेछन् ।

३७) सञ्चालक समितिको बैठक बोलाउने पदाधिकारी

सञ्चालक समितिको अध्यक्षलाई सञ्चालक समितिको बैठक बोलाउन आवश्यक छ भन्ने लागेमा वा कुनै सञ्चालकले त्यस्तो बैठक बोलाउन माग गरेमा सञ्चालक समितिको अध्यक्ष आफैंले वा निजको निर्देशनमा कम्पनी सचिवले सञ्चालक समितिको बैठक बोलाउन सक्नेछन् । दुईवटा बैठकको बीचमा ३ (तीन) महिना भन्दा बढीको अन्तर हुने छैन ।

३८) सञ्चालक समितिको बैठक सम्बन्धी कार्यविधि

(क) सञ्चालक समितिको बैठक आवश्यकता अनुसार नियम ३७ मा लेखिएको पदाधिकारीले बोलाउनेछ । त्यसरी बैठक नबोलाएमा कूल सञ्चालक संख्याको कम्तीमा पच्चिस (२५%) प्रतिशत सञ्चालकहरुले माग गरेमा त्यस्तो पदाधिकारीले १५(पन्ध्र) दिनभित्र सञ्चालक समितिको बैठक बोलाउनु पर्नेछ । यसरी माग गर्दा पनि बैठक नबोलाएमा सो कुरा खुलाई कम्तीमा पच्चिस (२५%) प्रतिशत संचालकले बैठकमा छलफल हुने विषय र बैठक बस्ने समय तथा स्थान उल्लेख गरी सञ्चालक समितिको बैठक बोलाउन सक्नेछन् । यसरी बैठक बोलाउँदा अन्य संचालकहरुलाई उपनियम (ख) अनुसार बैठकको सूचना दिनु पर्नेछ ।

(ख) सञ्चालक समितिको बैठकको सूचना संचालकले उल्लेख गरेको ठेगानामा लिखित रुपमा वा विद्युतीय संचार माध्यमबाट दिन सकिनेछ । बहालवाला सबै सञ्चालकहरुले लिखित रुपमा मन्जुर गरेको अवस्थामा बाहेक सञ्चालक समितिको बैठकको सूचना कम्तीमा ३(तीन) दिन अगाडी दिनु पर्छ ।

(ग) सञ्चालक समितिको बैठकमा सञ्चालकहरु स्वयम् उपस्थित हुनुपर्नेछ । तर वैकल्पिक सञ्चालक नियुक्त गर्ने संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालक अनुपस्थित भएको अवस्थामा निजको सट्टा वैकल्पिक सञ्चालक उपस्थित हुन सक्नेछ ।

(घ) बहालवाला सञ्चालकहरुको कूल संख्याको कम्तीमा ५१% (एकाउन्न) सञ्चालकहरु उपस्थित नभई सञ्चालक समितिको बैठक बस्ने छैन ।

तह गणपूरक संख्या नपुगी सञ्चालक समितिको बैठक हुन नसकेमा कम्तीमा ३ दिनको सूचना दिई अर्को बैठक बोलाउन सकिनेछ । त्यस्तो बैठकमा पनि गणपूरक संख्या नपुगेमा उपस्थित संचालकहरुले गरेको काम कारवाही तथा निर्णय मान्य हुनेछ ।

(ङ) सञ्चालक समितिको बैठकको अध्यक्षता सञ्चालक समितिको अध्यक्षले गर्नेछ । निजको अनुपस्थितिमा बैठकमा उपस्थित सञ्चालकहरुले आफूमध्येबाट छानेको सञ्चालकले अध्यक्षता गर्नेछ ।

(च) सञ्चालक समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछ ।
तर आफ्नो निजी सरोकार वा स्वार्थ भएको विषयमा सञ्चालक समितिको बैठकमा हुने छलफलमा कुनै सञ्चालकले भाग लिन वा मतदान गर्न पाउने छैन ।

(छ) सञ्चालक समितिको कुनै बैठकको निर्णयमा असहमत हुने कुनै सञ्चालकले आफ्नो असहमति निर्णय पुस्तिकामा जनाई राय लेख्न वा राख्न पाउनेछ ।

(ज) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सञ्चालक समितिले गर्न पाउने कुनै कामको सम्बन्धमा सञ्चालक समितिका सबै सदस्यहरु लिखित रुपमा सहमत भएमा त्यस्तो सहमतिलाई निर्णय पुस्तिकामा संलग्न गरी त्यस्तो काम बैठक बिना पनि गर्न सकिनेछ । त्यस्तो सहमतिलाई सञ्चालक समितिको बैठकको निर्णय सरह मानिनेछ ।

३९) <u>सञ्चालक समितिको निर्णयको अभिलेख</u>

(क) सञ्चालक समितिको बैठकमा छलफल भएको विषय र तत्सम्बन्धमा भएको निर्णयको विवरण (माइन्यूट) को छुट्टै अभिलेख राख्नुपर्नेछ र सो अभिलेखमा बैठकमा उपस्थित सम्पूर्ण संचालकहरुमध्ये कम्तीमा ५१% संचालकले सही गर्नु पर्नेछ ।
तर बैठकमा उपस्थित कुनै एक वा सो भन्दा बढी सञ्चालकले निर्णयको विवरणमा सही नगरेकै कारणबाट त्यस्तो निर्णय अमान्य भएको मानिने छैन ।

(ख) विद्युतीय संचार साधन वा कम्प्युटरको प्रयोग गर्ने भए त्यस्तो विद्युतीय संचार साधन वा कम्प्युटरको माध्यमबाट पनि निर्णयको विवरण राख्न सकिनेछ । यसरी निर्णयको विवरण राख्ने भए निर्णयको व्यहोरा फेरबदल गर्न नपाउने पर्याप्त व्यवस्था गर्नु पर्नेछ ।

(ग) कुनै शेयरधनीले सञ्चालक समितिको निर्णय कार्यालय स्विकृती लिनु पर्ने व्यवस्था गर्न सक्नेछ ।

परिच्छेद - ५

<u>हिसावकिताव, लेखा तथा लेखापरीक्षण</u>

४०) <u>कम्पनीको हिसावकिताब, लेखा र लेखापरीक्षण</u>

(क) यस कम्पनीको लेखा तथा हिसावकिताव प्रचलित कानून अनुसार अधिकार प्राप्त निकायले निर्धारण गरेको लेखा मापदण्ड अनुसार तयार गरिनेछ ।

(ख) कम्पनीले राख्नुपर्ने लेखा तथा हिसाव किताव प्रतिदिनको कारोबार स्पष्ट देखिने गरी अद्यावधिक रुपमा राख्नुपर्नेछ ।

(ग) ऐन बमोजिम यस कम्पनीले आफ्नो हिसाव किताबको लेखा परीक्षण गराउनु पर्नेछ ।

(घ) कम्पनीको साधारण सभाले ऐन बमोजिम लेखापरिक्षक नियुक्त गर्नेछ । त्यसरी नियुक्त भएको मितिले १५ दिन भित्र निजको नाम कार्यालयमा पठाइनेछ । तर, प्रथम वार्षिक साधारण सभा हुन अगाडी सञ्चालक समितिले लेखापरिक्षक नियुक्त गर्नेछ ।

(ङ) उपनियम (४) बमोजिम नियुक्त गरिएका लेखापरिक्षकले आफूले लेखा परीक्षण गरेको हिसावकिताव र लेखाबाट कम्पनीको वासलात, नाफानोक्सानी हिसाव एवं नगद प्रवाह विवरण प्रमाणित गरी आफूलाई नियुक्त गर्ने अधिकारीलाई सम्बोधन गरी आफ्नो प्रतिवेदन कार्यालयलाई र कम्पनीलाई दिनेछ । कम्पनीले त्यस्तो प्रतिवेदनको प्रतिलिपि प्रत्येक शेयरधनी र कार्यालयलाई पठाइनेछ ।

(च) कम्पनीको अध्यावधिक हिसाव किताव कुनै शेयरधनीले निरिक्षण गर्न चाहेमा कार्यालय समयभित्र यथासिघ्र निरिक्षण गर्न दिनु पर्नेछ ।

४१)लेखापरीक्षण समिति सम्बन्धी व्यवस्था

कम्पनीको एउटा लेखा परिक्षण समिति रहनेछ र सो समितिको काम, कर्तव्य र अधिकारहरु ऐनले तोके बमोजिम हुनेछ ।

परिच्छेद - ६

विविध

४२) लाभांश सम्बन्धी व्यवस्था

(क) यदी साधारण सभाले लाभांश वितरण गर्ने निर्णय गरेमा सो मितिले ४५ दिनभित्र लाभांश वितरण गरिसक्नु पर्नेछ ।

(ख) उपनियम (क) बमोजिमको अवधिभित्र लाभांश वितरण नगरेमा १० प्रतिशतको दरले लाभांशको व्याज समेत थप गरी लाभांशको रकम भुक्तानी गर्नु पर्नेछ ।

(ग) ऐनमा भएको व्यवस्था बमोजिम अन्तरिम लाभांश वितरण गर्न सकिनेछ ।

(घ) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कम्पनीले शेयर वापत माग गरेको रकम चुक्ता नगर्ने शेयरधनीलाई प्राप्त हुने लाभांश रोक्का राख्न सकिनेछ ।

४३) शेयरधनी, डिवेन्चरवाला, सञ्चालकर अन्य पदाधिकारीलाई दिईने तथा निजबाट प्राप्त हुने सूचना

कम्पनीले शेयरधनी, डिवेन्चरवाला, सञ्चालक वा पदाधिकारीहरुलाई विद्युतीय माध्यमबाट वा सञ्चालक समितिले समय समयमा तोकेको वा ऐनले तोकेको अन्य कुनै माध्यमबाट सूचना दिन सक्नेछ र त्यसरी नै निजहरुबाट सूचना प्राप्त गर्न सक्नेछ ।

४४) कम्पनी सचिव

(क) ऐनको व्यवस्थाको अधिनमा रही कम्पनी सचिवको नियुक्ति सञ्चालक समितिबाट गरिनेछ ।

(ख) कम्पनी सचिवको काम, कर्तव्य र अधिकार तथा अवधी ऐनको अधिनमा रही कम्पनीको साधारण सभा तथा सञ्चालक समितिले तोके बमोजिम हुनेछ ।

४५) कम्पनीको छाप

(क) कम्पनीको कारोवारमा कम्पनीको छापको प्रयोग हुनेछ । कम्पनीको छापको जिम्मा अध्यक्ष, प्रवन्ध संचालक, प्रमुख कार्यकारी अधिकृत, कम्पनी सचिव वो सञ्चालक समितिले तोकेको कुनै एकको जिम्मामा रहनेछ ।

(ख) अनधिकृत रुपमा कम्पनीको छाप प्रयोग गरेको कारण कम्पनीलाई कुनै नोक्सानी भएमा सो छाप जिम्मा लिने व्यक्ति व्यक्तिगत रुपमा जिम्मेवार हुनेछ । यदी सवै नोक्सानी निजवाट असुल उपर हुन नसकेमा सरकारी वाँकी सरह कम्पनीले असुल उपर गरी लिन पाउनेछ ।

४६) प्रतिलिपि दस्तुर सम्बन्धी व्यवस्था

(क) कम्पनीको प्रवन्धपत्र, नियमावली, वार्षिक आर्थिक विवरण, लेखापरीक्षण प्रतिवेदन, सञ्चालकको लगत, शेयरधनीको दर्ता किताव, दर्ता प्रमाणपत्र वा कम्पनीको तर्फबाट कार्यालयमा पेश गरिएको कुनै लिखतको प्रतिलिपि कुनै शेयरधनी वा अरु कुनै सरोकारवालाले माग गरेमा प्रतिपृष्ठ रु. २५ (रु. पच्चिस) दस्तुर लिई प्रतिलिपि दिनु पर्नेछ ।

(ख) साधारण सभाको काम कारवाहीको विवरणको प्रतिलिपि प्राप्त गर्न प्रतिपृष्ठ रु. २५ (रु. पच्चिस) दस्तुर लाग्नेछ ।

(ग) सञ्चालक समितिको निर्णयको प्रतिलिपि प्राप्त गर्न प्रतिपृष्ठ रु. २५।- दस्तुर लाग्नेछ ।

(घ) शेयर प्रमाण पत्रको प्रतिलिपि प्राप्त गर्न रु १००।- दस्तुर लाग्नेछ ।

(ङ) डिवेञ्चरवालाको दर्ता कितावको प्रतिलिपि प्राप्त गर्न प्रतिपृष्ठ रु. २५।- दस्तुर लाग्नेछ ।

४७) कम्पनी गाभिने कुरा

(क) यस कम्पनीमा कुनै अर्को कम्पनीलाई वा यस कम्पनीलाई कुनै अर्को कम्पनीमा गाभ्न आवश्यक भएमा कम्पनीको साधारण सभाले विशेष प्रस्ताव पारित गरी ऐन वमोजिम अर्को कम्पनीलाई गाभ्न वा आफू अर्को कम्पनीमा गाभिन सक्नेछ ।

(ख) कम्पनी गाभिएको वा अन्य कुनै कम्पनी यस कम्पनीमा गाभिएको कारणले हुने शेयरको हेरफेर वा हस्तान्तरण वा कम्पनीको सम्पूर्ण जायजेथाको विक्रीमा कुनै शेयरधनीको चित्त नबुझेमा ऐनमा लेखिए बमोजिम उपचार खोज्न सक्नेछ ।

४८) कम्पनीको खारेजी

(क) प्रचलित कानूनको अधीनमा रही कम्पनीको साधारण सभाले आवश्यक देखेमा विशेष प्रस्ताव पारित गरी कम्पनी खारेज गर्न सक्नेछ ।

(ख) उपनियम (क) बमोजिम कम्पनी खारेजीको प्रस्ताव पारित गर्दा साधारण सभाले खारेजीको कामका लागि एक वा एकभन्दा बढी लिक्विडेटर तथा लेखापरीक्षकको नियुक्ति गर्नेछ । त्यसरी नियुक्त भएका लिक्विडेटर तथा लेखापरीक्षकको पारिश्रमिक साधारण सभाले तोकिदिए बमोजिम हुनेछ ।

(ग) उपनियम (ख) बमोजिम नियुक्त लिक्विडेटर तथा लेखापरीक्षकले प्रचलित कानूनको अधिनमा रही कम्पनीको खारेजी सम्बन्धी काम कारवाही गर्नेछन् ।

४९) कुनै खास व्यवसाय गर्ने कम्पनीको नियमावलीमा खुलाउनु पर्ने भनी प्रचलित कानूनमा कुनै व्यवस्था गरिएको भए त्यस्तो कुरा खुलाउने ।

| | | | | | |
|---|---|---|---|---|---|
| द.<br>नाम: वसन्त कुमार चौधरी<br>ठेगाना : रुपन्देही जि. भैरहवा न.पा. वडा नं.१, हाल का.म.न.पा.२२, फोन नं.<br>दा. बा. | श्री लुनकरण दाश चौधरी | ना.प्र.नं.४० ३१<br>जि.प्र.का. काठमाण्डौ। | १७,५०० थान | द.<br>नाम :मोहन प्रसाद खनाल,<br>ठेगाना : का.जी. का.म.न.पा.वडा नं.३४<br>दा. वा. | ना.प्र.नं. १६८,<br>जि.प्र.का मोरंग । |
| द<br>नाम: कमलमान सिंह प्रधान<br>ठेगाना : काठमाण्डौ जि. का.म.न.पा. वडा नं. ,<br>मोवाईल नं.<br>दा. वा. | श्री गजपमान सिंह | ना.प्र.नं.१३ ८१<br>जि.प्र.का काठमाण्डौ । | १,५०० थान | द.<br>नाम : विष्णुहरि पाण्डे<br>ठेगाना : का.जी. का.म.न.पा.वडा नं.२२<br>दा. वा. | ना.प्र.नं. ........,<br>जि.प्र.का. ........... । |
| द<br>नाम: आत्माराम मुरारका<br>ठेगाना :सिराहा जि. लहान न.पा. वडा नं.७<br>दा वा. | ज्वाला प्रसाद मुरारका | ना.प्र.नं. ४८३२,<br>जि.प्र.का. सिराहा । | १०,००० थान | द.<br>नाम : भोलामान कटुवाल<br>ठेगाना :काठमाण्डौ जी.का.म.न.पा. वडा नं.३२<br>दा. वा. | ना.प्र.नं..... .. जि.प्र.का. ....... । |
| द<br>नाम: पशुपती मुरारका<br>ठेगाना : सिराहा जि. लहान न.पा<br>दा. वा. | श्री आत्मराम मुरारका | ना.प्रनं. ५४८९<br>जि.प्र.का. सिराहा । | ६५०० थान | द<br>नाम : प्रविन अर्याल<br>ठेगाना का.जि.का.म.न.पा. वडा नं. २, | ना.प्र.नं. ........,<br>जि.प्र.का. ........ । |
| द<br>नाम: अशोक कुमार मुरारका<br>ठेगाना :सिराहा जि. लहान न.पा. वडा नं.७<br>दा. वा. | श्री उमा प्रसाद मुरारका | ना.प्रनं: ४८३१<br>जि.प्र.का. सिराहा । | १३००० थान | द.<br>नाम : नरेन्द्र ओली<br>ठेगाना : काठमाण्डौ जी. का.म.न.पा.वडा नं.१६<br>दा. वा. | ना.प्र.नं. .........<br>जि.प्र.का. ..........। |

| | | | | | |
|---|---|---|---|---|---|
| द<br>नाम सज्जन कुमार मुरारका<br>ठेगाना :सिराहा जी., लहान न.पा.,<br>फो.नं.<br>दा. बा. | परमेश्वर मुरारका | ना.प्र.नं.<br>४३५३,<br>जि.प्र.का.<br>सिराहा | १३००० थान | द<br>नाम: रन्जीत भट्टराई<br>ठेगाना:का.जि.का. म.न.पा. वडा नं २<br>दा. बा | ना.प्र.नं.<br>........,<br>जि.प्र.का.<br>...........। |
| द.<br>नाम: सच्चे कुमार पहारी<br>ठेगाना: का.जि.का.म.न.पा वडा नं.....<br>दा. वा. | स्व.अम्वर वहादुर पहारी | ना.प्र.नं.<br>८२६२<br>जि.प्र.का.का ठमाण्डौ | २५०० थान | द.<br>नाम: प्रमोद अधिकारी<br>ठेगाना:का.जि.का. म.न.पा.वडा नं.२२<br>दा. बा | ना.प्र.न.<br>........,<br>जि.प्र.का.<br>.......... |
| द.<br>नाम: डा. रमेश कु.चोखानी<br>ठेगाना:-का.जि.का.म.न.पा. वडा न.१३<br>दा. वा. | दुर्गा प्रसाद | ना.प्र.नं.<br>११५४८<br>जि.प्र.का.<br>काठमाण्डौ | २५०० थान | द.<br>नाम: पुष्पा अर्याल<br>ठेगाना:<br>का.जि.का.म.न.पा. वडा नं.१०<br>दा. वा | ना.प्र.न.<br>........,<br>जि.प्र.का.<br>.......... |

प्रमाणीत गर्ने:-

भेषराज न्यौपाने
अधिवक्ता, प्र.प.सं.६८२७

ईति सम्वत २०७८ साल आषाढ ४ गते रोज ६ शुभम ।

यस नियमावलीमा कुनै विशेष कुराहरुलाई समावेश गरिएको छैन ।

५०) अन्य आवश्यक कुराहरु

(क) कम्पनीको आर्थिक वर्ष विक्रम सम्वत् अनुसार श्रावण महिनाको पहिलो दिनवाट शुरु भै अर्को वर्षको असाढ मसान्तसम्मको हुनेछ ।
तर कम्पनीको पहिलो आर्थिक वर्ष कम्पनी दर्ता भएको मितिवाट शुरु भई त्यसपछिको असाढ मसान्तसम्मको हुनेछ ।

(ख) कम्पनीको सम्वन्धमा अन्य कुराहरुको व्यवस्था गर्नु पर्ने भएमा ऐनको अधिनमा रही साधारण सभाले निर्धारण गरे वमोजिम व्यवस्था गरी कार्यन्वयन गरिनेछ ।

(ग) यस नियमावलीमा स्पष्ट नखुलाइएका कुराहरु ऐन, प्रचलित कानुन र सम्झौता वमोजिम हुनेछन् ।

(घ) पव्लीक कम्पनीमा परिणत हुँदाका दिन सम्म कायम रहेको नर्भिक ईन्टरनेशनल हस्पीटल एण्ड मेडिकल कलेज प्रा.लि.को सवै सम्पती तथा दायीत्वहरु यस कम्पनीमा सर्नेछ ।

५१) नियमावलीमा संशोधन भएमा लागू हुने अवस्था

यस नियमावलीमा कुनै संसोधन भएमा साधारण सभामा विशेष प्रस्ताव पारित गरी सो निर्णय कार्यालयमा अभिलेख भएपछि मात्र नियमावली संसोधन भएको मानिनेछ ।

५२) नियमावली बाँझिएको हदसम्म अमान्य हुने

यस नियमावलीमा लेखिएका कुराहरु कम्पनी ऐन, अन्य प्रचलित कानून वा प्रवन्धपत्रसंग बाझिएमा बाझिएको हदसम्म स्वतः बदर हुनेछन् ।

५३) संस्थापकहरुले तत्काल लिन कबुल गरेको शेयर संख्या र उदघोषणः–

हामी नर्भिक ईन्टरनेशनल हस्पीटल एण्ड मेडिकल कलेज लिमिटेड (Norvic International Hospital and Medical College Ltd) का संस्थापकहरुले यो कम्पनी संस्थापना गरी प्रचलित कानून वमोजिम संचालन गर्न मंजूर गरेका छौं । यो नियमावलीमा उल्लिखित संस्थापकको नाम, ठेगाना, हस्ताक्षर, संस्थापकले लिन कवूल गरेको शेयर र साक्षी सम्वन्धि व्यहोरा ठीक साँचो हो । कुनै कारणले झुठा ठहरीन गएमा कम्पनी दर्ता पश्चात सिर्जना हुने दायित्व व्यहोर्न हामी तयार छौ । यो नियमावलीमा लेखिएका कुरा साँचो हों, झुठा ठहरे कानून वमोजिम सहन वुझाउन मंजूर छौं भनी सहिछाप गरेका छौं ।

| संस्थापकको नाम, ठेगाना र सहीछाप | वाबु/पतिको नाम | नागरिकता प्रमाण पत्र नं प्राप्त गरेको जिल्ला | लिन कवुल गरेको शेयर संख्या | साक्षीको नाम, थर, ठेगाना र सहीछाप | साक्षीको नागरिकता को प्रमाण पत्र नं. जिल्ला |
|---|---|---|---|---|---|
| द.<br>नामः लुनकरण दाश चौधरी<br>ठेगाना : काठमाण्डौ जि. काठमाण्डौ म.न.पा. वडा नं. २९, फोन नं.४४१२९१४<br>वा. | स्व.भुरमल चौधरी | ना.प्र.नं. २६२६/९८४, जि.प्र.का. काठमाण्डौ । | २३,५०० थान | द.<br>नाम : ईन्द्रविर पाण्डे ठेगाना : का.जी.का.म.न.पा. वडा नं.४<br>दा. वा. | ना.प्र.नं. ........., जि.प्र.का. .........। |

प्रमाण-पत्र नं : Hlth/076-77/02795-B

काठमाडौं महानगरपालिका

Kathmandu Metropolitan City Office

## भवन निर्माण अनुमति पत्र

मिति :२०७६-०९-०२

श्री नर्भिक इन्टर नेसनल हस्पिटल एन्ड मेडिकल कलेज प्रा. लि.

तपाई/ तहाँलाई आफ्नो स्वामित्वमा रहेको तपसिलमा उल्लेख भए बमोजिमको जग्गामा नयाँ भवन निर्माण गर्ने अनुमति माग गर्नुभएको हुँदा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ३३ अनुसार देहाय बमोजिमको निर्माण कार्य गर्न यो अनुमति प्रदान गरिएको छ ।

तपसिल

१. जग्गाको विवरण :
   वडा नं. : ११ , स्थान : थापाथलि , कित्ता नं.: १५३,१५४,१५५,२०८४,११२७,११२५ , क्षेत्रफल : ४९३३.६६५ (व.मी)
   क्षेत्र (जोन) : आवाशिय क्षेत्र , उप क्षेत्र : वाक्लो मिश्रित बसोवास उपक्षेत्र
२. जग्गा धनीको नाम, थर, वतन : नर्भिक इन्टर नेसनल हस्पिटल एन्ड मेडिकल कलेज प्रा. लि.
३. निर्माणको किसिम : फ्रेम स्ट्रक्चर
४. भवनको प्रयोजन : स्वास्थ्य भवन नः
५. भवनको लम्बाई ४२.५८ (मी) , चौंडाई ४०.२९ (मी), उचाई २८.९४ (मी)
६. घर बनेको प्लटसंग जोडिएको बाटोको नाम ......
   बाटोको केन्द्र रेखाबाट छोड्नु पर्ने दुरी : दक्षिण तर्फ ८.१५ (मी) , छोडेको दुरी : दक्षिण तर्फ ८.१५ (मी),
७. बिजुलीको तार नजिक भएमा छोड्नु पर्ने दुरी : N/A (मी), छोडेको दुरी : N/A (मी), भोल्ट N/A
८. नदी/राजकुलो आदि भए किनारबाट छोड्नु पर्ने दुरीः N/A (मी), छोडेको दुरीः N/A (मी) , नदिको नामः N/A
९. निकास सम्बन्धी व्यवस्था : सेप्टि ट्यांक
१०. निर्माण हुने भवनको विवरण

| निर्माण हुने भवनको विवरण | क्षेत्रफल (व.मी) |
|---|---|
| क) भूमिगत २ | १७४५.३६ |
| ख) भूमिगत वा अर्ध भूमिगत तल्ला | १५२९.०५ |
| ग) जमिन तल्ला | १२७२.४ |
| घ) पहिलो तल्ला | १३३५.७८ |
| ङ) दोस्रो तल्ला | १३५६.९६ |
| च) तेस्रो तल्ला | १३५१.५५ |
| छ) चौथो तल्ला | १३४५.३९ |
| ज) पाँचौ तल्ला | १३२६.४८ |
| झ) छैठौं तल्ला | १३३७.८३ |
| ञ) सातौं तल्ला | ६८२.०७ |
| त) आठौं तल्ला | ६०.६५ |
| जम्मा क्षेत्रफल | १३३४३.५२ |

११. अन्य कुनै विवरण : ......

पेश गर्ने     जाँच गर्ने     सिफारिस गर्ने     स्वीकृत गर्ने

राजेश्वर ज्ञवाली
सह-सचिव

* नोट : स्वीकृत नक्सा, भवन निर्माण मापदण्ड तथा भवन संहिता अनुसार भवन निर्माण सम्पन्न गरी भवन निर्माण सम्पन्नताको प्रमाण-पत्र अनिवार्य रूपमा लिनुपर्नेछ ।

सांस्कृतिक सहर, काठमाडौं नगर

Website : www.kmcebps.gov.np Email : info@kmcebps.gov.np

# अनुसूची २: जग्गा सम्बन्धि विवरण

जग्गाधनी संकेत नम्बर :

नेपाल सरकार
भूमिसुधार तथा व्यवस्था मन्त्रालय
भूमिसुधार तथा व्यवस्थापन विभाग
मालपोत कार्यालय काठमाण्डौं

ज.ध.प्र.पुर्जा नं:-

# जग्गाधनी दर्ता प्रमाण पुर्जा




फोटो प्रमाणित गर्नेको दस्तखत

औंठा छाप

दायाँ | बायाँ

जग्गाधनीको दस्तखत

जग्गाधनीको नाम थर :- नर्भिक इन्टरनेशनल हस्पिटल एण्ड मेडिकल कलेज प्रा.लि.
ठेगाना :- जिल्ला:- काठमाण्डौं . गा.वि.स./न.पा.:- का.म.न.पा. वडा नं.:- २२ हाल:११
बाबुको नाम :-
बाजेको नाम :-
नागरीकता /दर्ता नं. :- ५१५३७ मिति २०६४/१०/२३
कार्यालय :- कम्पनी रजिष्टारको कार्यालय , काठमाण्डौं

| प्रमाण संकेत | | गा.वि.स./ न.पा. | वडा नं./ नक्सा सिट | कित्ता नं. | विवरण (घर, आवादी, इत्यादि) | ज.ध.को हकहिस्सा | मोहीको नाम थर | किसिम वा वर्ग | क्षेत्रफल (रोपनी-आना-पैसा-दाम) | मोठ/पाना नं. | कैफियत विवरण | प्रमाणित गर्नेको दस्तखत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सा.कि.नं. | कारोबार व्यहोरा | | | | | | | | | | | |
| | ५८९ग २०७३/०८/१७ राजिनामा | का.म.न.पा. | ११ / १०२११४५१७ | १६७ | घर जग्गा / रैकर निजि | एकलौटी | जग्गा धनी आफै | शहरी / ग | २-४-०-३ / १,१५०.६३ | २०७३ / ५८९ग | | |

जम्मा क्षेत्रफल (व.मी.) १,१५०.६३

102tdp012

प्रिन्ट गर्नेको दस्तखत :-

प्रिन्ट मिति :-२०७३/०८/१७

रुजु गर्नेको दस्तखत :-

Page 1 of 1



श्री ५ को सरकार
भूमिसुधार तथा व्यवस्था मन्त्रालय
मालपोत विभाग

335446

जग्गाधनीको नाम........................

जग्गाधनी दर्ता प्रमाण पूर्जा

| जिल्ला | नगरपालिका गा.वि.स. | प्रमाण संकेत | वडा नं. र नक्सा | कित्ता नं. | विवरण | जग्गाधनीको हक हिस्सा | मोहीको नाम थर ठेगाना |
|---|---|---|---|---|---|---|---|
| [illegible] | [illegible] | | ११ | [illegible] | [illegible] | [illegible] | [illegible] |

| किसिम | क्षेत्रफल | मोठ नं. पाना नं. | कैफियत | प्रमाणित गर्नेको दस्तखत |
|---|---|---|---|---|
| [illegible] | [illegible] | | [illegible] | [illegible] |

२

३


सरकार
भूमिसुधार तथा व्यवस्था मन्त्रालय
मालपोत विभाग
जग्गाधनी दर्ता प्रमाण पुर्जा
जग्गाधनीको नाम
335446
जिल्ला
नगरपालिका गा.वि.स.
प्रमाण संकेत
वडा नं. र नक्सा
कित्ता नं.
विवरण
जग्गाधनीको हक हिस्सा
मोहीको नाम घर ठेगाना
किसिम
क्षेत्रफल
मोठ नं. पाना नं.
कैफियत
प्रमाणित गर्नेको दस्तखत



सरकार

भूमिसुधार तथा व्यवस्था मन्त्रालय

भूमिसुधार तथा व्यवस्थापन विभाग

जग्गाधनीको नाम........................

जग्गाधनी दर्ता प्रमाण पूर्जा

| जिल्ला | नगरपालिका गा.वि.स. | प्रमाण संकेत | वडा न.र नक्सा | कित्ता नं. | विवरण | जग्गाधनीको हक हिस्सा | मोहीको नाम थर र ठेगाना | किसिम | क्षेत्रफल | मोठ नं. पाना नं. | कैफियत | प्रमाणित गर्नेको दस्तखत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ११ | २०५४ | | | | | | | | |

२ ३



नेपाल सरकार

भूमिसुधार तथा व्यवस्था मन्त्रालय

भूमिसुधार तथा व्यवस्थापन विभाग

मालपोत कार्यालय डिल्लीबजार, काठमाडौं

जग्गाधनी प्रमाण पूर्जा

जग्गाधनी संकेत नम्बर :

जग्गाधनीको नाम: नोर्भिक इन्टरनेशनल हस्पिटल प्रा.लि.

ठेगाना : जिल्ला:-काठमाण्डौ, गा.वि.स./न.पा.: का.म.न.पा., वडा नं.:-२२,

को नाम :

को नाम :

नागरिकता नं.: ५१५३७ मिति : २०६४--

वितरण कार्यालय: कम्पनी रजिष्टारको कार्यालय, काठमाण्डौ

फोटो

औंठा छाप

दायाँ बायाँ

फोटो प्रमाणित गर्नेको दस्तखत

जग्गाधनीको दस्तखत

जग्गा विवरण

| प्रमाण संकेत | जिल्ला | नगरपालिका गा.वि.स. | वडा नं. र नक्सा सिट नं. | कित्ता नं. | विवरण (घर आवादी इत्यादी) | जग्गाधनीको हकहिस्सा | मोहीको नाम थर वतन | किसिम वा वर्ग | क्षेत्रफल (स्थानीय नाप अनुसार) | मोठ पाना | कैफियत व्यहोरा | प्रमाणित गर्नेको दस्तखत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १९६४ग/ २०६६-०८-०५ | काठमाण्डौ | का.म.न.पा. | ११ १०२११४५१७ | १५५ | जग्गा | एकलौटी | | शहरी/ग | २-१५-०-० | २०६ १९६४गा५ | | |

रुजु गर्नेको नाम:

दस्तखत :-

कम्प्युटर प्रिन्ट गर्ने :- Admin

दस्तखत

नेपाल सरकार
भूमिसुधार तथा व्यवस्था मन्त्रालय
भूमिसुधार तथा व्यवस्थापन विभाग
मालपोत कार्यालय डिल्लीबजार, काठमाडौं

# जग्गाधनी दर्ता प्रमाण पूर्जा

जग्गाधनी संकेत नम्बर :

जग्गाधनीको नाम: नर्भिक इन्टरनेशनल हस्पिटल प्रा.लि.
ठेगाना : जिल्ला:-काठमाण्डौ, गा.वि.स./न.पा.:-का.म.न.पा., वडा नं.:-२२,
को नाम :
को नाम :
नागरिकता नं.: ५१५३७ मिति : २०६४-१०-२३
कार्यालय: कम्पनी रजिष्ट्रारको कार्यालय, काठमाण्डौ

औंठा छाप: दायाँ | बायाँ

फोटो प्रमाणित गर्नेको दस्तखत
जग्गाधनीको दस्तखत

## जग्गा विवरण

| प्रमाण संकेत | जिल्ला | नगरपालिका गा.वि.स. | वडा नं. र नक्सा सिट नं. | कित्ता नं. | विवरण (घर आवादी इत्यादी) | जग्गाधनीको हकहिस्सा | मोहीको नाम थर वतन | किसिम या वर्ग | क्षेत्रफल (स्थानीय नाप अनुसार) | मोठ पाना | कैफियत व्यहोरा | प्रमाणित गर्नेको दस्तखत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ६११४क/ २०६५-०२-२२ | काठमाण्डौ | का.म.न.पा. | ११ ११ | ११५४ | घर जग्गा | एकलौटी | जग्गा धनी आफै | शहरी/ग | १-३-१-३।२५ ६१८१५४ | २०६४ ६११४क | | |
| ६११४क/ २०६५-०२-२२ | काठमाण्डौ | का.म.न.पा. | ११ ११ | ११२५ | जग्गा | एकलौटी | जग्गा धनी आफै | शहरी/घ | ०-११-३-० ३७३६१ | २०६४ ६११४क | | |
| ६११४क/ २०६५-०२-२२ | काठमाण्डौ | का.म.न.पा. | ११ ११ | ११२७ | जग्गा | एकलौटी | जग्गा धनी आफै | शहरी/घ | ०-१-१-३ ४५।७१ | २०६४ ६११४क | | |

कम्प्युटर प्रिन्ट गर्ने :- रुजु गर्नेको नाम:-
दस्तखत :- दस्तखत :-

# अनुसूची ३ः सार्वजनिक सुनुवाई सम्बन्धि प्रकाशित सूचना

www.janasawal.com

जन सवाल

JANASAWAL NATIONAL DAILY

राष्ट्रिय दैनिक

सूचना माग्ने र पाउने मौलिक हकको रक्षा गरौं

सार्वजनिक निकायले,

आफ्नो निकायसँग सम्बन्धित सूचना अद्यावधिक गरी राख्नु पर्दछ । त्यस्ता सूचना आवधिक रुपमा प्रकाशन तथा प्रसारणको व्यवस्था गर्नु पर्दछ । सूचना प्रवाह गर्न सूचना अधिकारी अनिवार्य तोकिनु पर्दछ । सूचना अधिकारी सम्बद्ध निकायको दोस्रो वा तेस्रो वरियताको अधिकारी हुनु पर्दछ । सूचना अधिकारीको नाम, पद, इमेल ठेगाना, मोबाइल नं. र तस्विर सबैले देख्ने गरी कार्यालयमा र वेब साइटमा राख्नु पर्दछ ।कसैले सूचना मागे कानूनबमोजिम तोकिएको अवधिभित्र सूचना उपलब्ध गराउनु पर्दछ । नागरिकको सूचना माग्ने र पाउने हकको रक्षा गरौं, पारदर्शिता कायम गरौं ।

नेपाल सरकार विज्ञापन बोर्ड

वर्ष १९, अंक १३५, २०८२ माघ २१ गते बुधबार | (नेपाल संवत ११४६) | (Wednesday, 4 February, 2026) | मूल्य रू. ५/- पृष्ठ ८

# सार्वजनिक सुनुवाई कार्यक्रम आव्हान गरिएको सूचना

[दोश्रो पटक प्रकाशित मितिः २०८२/१०/२१]

बागमती प्रदेश, काठमाडौं जिल्लाको काठमाडौं महानगरपालिका वडा नं. ११, थापाथलीमा नर्भिक इन्टरनेशनल हस्पिटल एण्ड मेडिकल कलेज लि. को पूरक वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयारीको क्रममा आयोजना प्रभावित क्षेत्रमा सार्वजनिक सुनुवाई कार्यक्रम गरिने भएको हुनाले सम्बन्धित सबै स्थानीय समुदाय, संघसंस्था तथा सरोकारवाला व्यक्ति तथा निकायहरुलाई यही २०८२ साल, माघ महिनाको २३ गते शुक्रबार दिउसोको १.०० बजे नर्भिक इन्टरनेसनल हस्पिटलको प्राङ्गण, काठमाडौं महानगरपालिका वडा नं. ११, थापाथलीमा सहभागी भई राय-सुझाब उपलब्ध गराई दिनुहुन अनुरोध गरिएको छ ।

**आयोजकः**

**नेपाल रूलर एण्ड एडभान्समेन्ट कमिटी प्रा.लि.**

अनामनगर, काठमाण्डौ, सम्पर्क नंः ९८५११४९२१६/९७६८९७११३२

तथा, **नर्भिक इन्टरनेसनल हस्पिटल एण्ड मेडिकल कलेज लि.**

थापाथली

# अनुसूची ४: सार्वजनिक सुनुवाइको सूचना टाँसको मुचुल्का

काठमाडौं महानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

**११ नं. वडा कार्यालय**

बागदरबार , काठमाडौं

बागमती प्रदेश, नेपाल

पत्र संख्या : २०८२/२०८३
चलानी नं. : १३०८

मिति : २०८२-१०-२१
ने.सं.: ११४६ सिल्लागा, ३ बुधवार

श्री नर्भिक इन्टरनेशनल हस्पिटल एण्ड मेडिकल कलेज लि.,

काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ११, थापाथली,

काठमाडौं जिल्ला, बागमती प्रदेश ।

विषयः सार्वजनिक सुनुवाईको सूचना, सूचना पाटिमा टाँस गरिएको बारे ।

उपरोक्त सम्बन्धमा, आज मिति २०८२/१०/२१ गतेका दिन, बागमती प्रदेश, काठमाडौं जिल्लाको काठमाडौं महानगरपालिका वडा नं. ११, थापाथलीमा नर्भिक इन्टरनेशनल हस्पिटल एण्ड मेडिकल कलेज लि. को पूरक वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन सम्बन्धी प्रकाशित सार्वजनिक सुनुवाई कार्यक्रम आव्हान गरिएको सूचना यस कार्यालयको सूचना पाटीमा टाँस गरिएको व्यहोरा प्रमाणित गरिन्छ।

..............................
हिरालाल तण्डुकार
वडा अध्यक्ष

हिरालाल तण्डुकार
अध्यक्ष
का.म.पा.-११, वडा कार्यालय

फोन नं. : ०१४२६१७९१, ईमेल : ward11@kathmandu.gov.np, वेभसाइट : kathmandu.gov.np

मितिः २०८२/१०/२१

श्री नर्भिक इन्टरनेशनल हस्पिटल एण्ड मेडिकल कलेज लि.,
काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ११, थापाथली, काठमाडौं जिल्ला, बागमती प्रदेश

**विषयः सार्वजनिक सुनुवाईको सूचना, सूचना पाटिमा टाँस गरिएको बारे**

उपरोक्त सम्बन्धमा, आज मिति २०८२/१०/२१ गतेका दिन, बागमती प्रदेश, काठमाडौं जिल्लाको काठमाडौं महानगरपालिका वडा नं. ११, थापाथलीमा नर्भिक इन्टरनेशनल हस्पिटल एण्ड मेडिकल कलेज लि. को पूरक वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन सम्बन्धि प्रकाशित सार्वजनिक सुनुवाई कार्यक्रम आव्हान गरिएको सूचना यस कार्यालयको सूचना पाटीमा टाँस गरिएको व्यहोरा प्रमाणित गरिन्छ।

सूचना टाँस गरेको प्रमाणित गर्ने

पदाधिकारीको नामः शान्ति श्रेष्ठ

पदः वातावरण निरिक्षक

कार्यालयको नामः काठमाडौं महानगरपालिका

दस्तखतः

मिति : २०८२/१०/२१

मितिः २०८२/१०/२१

श्री नर्भिक इन्टरनेशनल हस्पिटल एण्ड मेडिकल कलेज लि.,
काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ११, थापाथली, काठमाडौं जिल्ला, बागमती प्रदेश

**विषयः सार्वजनिक सुनुवाईको सूचना, सूचना पाटिमा टाँस गरिएको बारे**

उपरोक्त सम्बन्धमा, आज मिति २०८२/१०/२१ गतेका दिन, बागमती प्रदेश, काठमाडौं जिल्लाको काठमाडौं महानगरपालिका वडा नं. ११, थापाथलीमा नर्भिक इन्टरनेशनल हस्पिटल एण्ड मेडिकल कलेज लि. को पूरक वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन सम्बन्धि प्रकाशित सार्वजनिक सुनुवाई कार्यक्रम आव्हान गरिएको सूचना यस कार्यालयको सूचना पाटीमा टाँस गरिएको व्यहोरा प्रमाणित गरिन्छ।

सूचना टाँस गरेको प्रमाणित गर्ने

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय परोपकार प्रसूति तथा स्त्रीरोग अस्पताल विकास समिति

पदाधिकारीको नामः राम थापा

पदः उप प्रसारक

कार्यालयको नामः परोपकार प्रसूती तथा स्त्रीरोग अस्पताल

दस्तखतः [signature]

मिति : २०८२/१०/२१

आज मिति ....२०८१/१०/२१.................... गतेका दिन, बागमती प्रदेश, काठमाडौं जिल्लाको काठमाडौं महानगरपालिका वडा नं. ११, थापाथलीमा नर्भिक इन्टरनेशनल हस्पिटल एण्ड मेडिकल कलेज लि. को पूरक वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन सम्बन्धि प्रकाशित सार्वजनिक सुनुवाई कार्यक्रम आव्हान गरिएको सूचना . काठमाडौं महानगरपालिका वडा नं. ११, थापाथलीमा स्थानमा तपसिल हामीहरुको रोहवरमा टाँस गरि यो मुचुल्कामा सहि छाप गरिदियौं ।

तपसिल :

नाम र हस्ताक्षर ....सुमन न्यौपाने............................................

..........................................................................

नाम र हस्ताक्षर ....ललित बहादुर शाही............................................

..........................................................................

नाम र हस्ताक्षर ....प्रकाश घिमिरे............................................

..........................................................................

नाम र हस्ताक्षर ....रमेश लामा............................................

..........................................................................

नाम र हस्ताक्षर ....ईश्वरी भण्डारी............................................

इति सम्वत् २०८१/१०/२१ रोज ३ शुभम्




